IslamHouse.com

# पूजाहरूका विधिहरूको बारेमा ज्ञान

## (हज्जको बारेमा फतवाहरू)

[ नेपाली - Nepali - نيبالي ]


## लेखक

शैख मुहम्मद बिन सालेह अल उसैमीन

## अनुवादकः

अतीकुर्रहमान मु.इदरीस खान मक्की

## संशोधकः

मुहम्मद इदरीस सलफी

IslamHouse.com

# فقه العبادات

## (فتاوى الحج)

[ नेपाली - Nepali - نيبالي ]

الشيخ محمد بن صالح العثيمين

ترجمة

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

## सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।

To connect translator: 0501372254

للتواصل مع المترجم: 0501372254

अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.

निःशुल्क वितरणको लागि मात्र

## पुस्तक पाइने ठेगाना -:

*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका

व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)

सम्पर्क नं. ००९७७९८१९४३७७५८

सउदी नं. 00966-0501372254

*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले समस्तको जीविकाको पूर्णतया व्यवस्था गऱ्यो र जसले हामीहरूको लागि हलाल र हराम स्पष्ट गरेर पुष्टि गरिदियो । यसर्थ म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवसपूजा र हरामबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ अल्लाहको अत्याधिक शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती

सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिका पूजा र त्यसका विधिहरूको बारेमा छ यसको लेखक इस्लामका महान विद् शैख मुहम्मद बिन सालेह अल् उसैमीन ज्यू हुनुहुन्छ जुन सउदी अरबका महान विद्हरूमध्ये एक थिए, उहाँले यस किताबमा विशेषरूपले पूजाको बारेमा र त्यससित सम्बन्धित समस्याहरूबारे संक्षेपमा कुरा गरेका छन् । यस किताबको विषय अति मत्वपूर्ण हुनुको कारण मैले यसलाई नेपाली भाषामा अनुवाद गर्नुको लागि मनोनीत गरेको छु । र किताबको यो खण्ड जुन तपाईहरूको हातमा छ यसमा विशेषरूपले हज्जसित सम्बन्धित कुराहरूलाई प्रष्ट गरिएको छ, यस आशाको साथ कि हाम्रा नेपाली दाजुभाइहरूलाई यसबाट लाभ पुग्नेछ, र मेरो यो सानो प्रयास सबै मुसलमान दाजुभाइको लागि मार्गदर्शक हुनेछ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई कुमार्गबाट निकालेर सुमार्गमा लगाउनेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । ( आमीन)

**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१७५०४६३१**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

# हज्जको बारेमा फतवाहरू

## नुसुकको अर्थ र त्यसका थरीहरू

**प्रश्न: (२०६) आदरणीय शैख ज्यू, नुसुक के हो, र त्यसलाई कसको लागि प्रयोग गरिन्छ ?**

उत्तर: समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन्, र प्रशान्ति अवतरित होस् हाम्रो नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका परिवार जहान र समस्त साथीहरूमाथि । नुसुक तीन अर्थमा प्रयोग गरिन्छ: त कहिले त्यसबाट आम पूजाको अर्थ लिइन्छ, त कहिले यसद्वारा बलिद्वारा अल्लाहको सामीप्यताको अर्थ लिइन्छ, त कहिले यसद्वारा हज्जको क्रियाकलापलाई अर्थाइन्छ ।

त पहिलो अर्थको उदाहरण हो जसरी यो भनाई कि फलानो नासिक हो, अर्थात त्यो अल्लाहको पूजारी हो ।

र दोस्रो अर्थको उदाहरण जसरी अल्लाहको यो फर्मान:

﴿ قُلْ إِنَّ صَلَاتِي وَنُسُكِي وَمَحْيَايَ وَمَمَاتِي لِلَّهِ رَبِّ الْعَالَمِينَ ﴿١٦٢﴾ لَا شَرِيكَ لَهُ وَبِذَلِكَ أُمِرْتُ وَأَنَا أَوَّلُ الْمُسْلِمِينَ ﴿١٦٣﴾ ﴾ الأنعام: ١٦٢ - ١٦٣

अर्थ : भनिदिनुस् कि मेरो नमाज, र मेरो सबै इबादत (उपासना) निश्चित रूपले र मेरो जीवन र मृत्यु सबै अल्लाहकै लागि हुन्, जो सम्पूर्ण ब्रह्माण्डको स्वामी हो । उसको कुनै साझेदार छैन । र मलाई यही कुराको आदेश भएको छ र म आज्ञापालकहरूमध्ये पहिलो हूँ । (सूरतुल् अन्आम १६२, १६३)

त कदाचित यहाँ पनि नुसुकको अर्थ पूजा नै हो, त यो पनि पहिलो अर्थ सरह छ ।

र तेस्रो अर्थको उदाहरण हो जसरी अल्लाहको फर्मान छः

﴿ فَإِذَا قَضَيْتُم مَّنَاسِكَكُمْ فَاذْكُرُوا اللَّهَ كَذِكْرِكُمْ آبَاءَكُمْ أَوْ أَشَدَّ ذِكْرًا ﴾ البقرة: ٢٠٠

अर्थ : फेरि जब हज्जका सबै स्तम्भहरू (कार्यहरू) पूरा गरिसकेका हुन्छौ, तब (मिनामा) अल्लाहलाई स्मरण गर, जुन किसिमले तिमीहरू आफ्ना पुर्खाहरूलाई स्मरण गर्ने गर्दथ्यौ, बरु त्योभन्दा पनि बढी । (सूरतुल् बकर: २००)

त यो नै नुसुकको वास्तविक अर्थ हो, र यसै अन्तिम अर्थद्वारा नै हज्जका कार्यहरू अर्थात हज्ज र उमरा दुवैका कार्यहरू आस्य छन् ।

त रह्यो उमराका कार्यहरू: त यी ती कार्यहरू हुन् जुन आधार, अनिवार्य कार्य, मुस्तहब कार्यहरूमाथि आधारित छन्, जसरी कि मान्छे मिकातबाट एहराम लगाओस्, र बैतुल्लाहको परिक्रमा गरोस्, र सफा मरवाबीच दौड लगाओस्, र कपाल खौराओस् वा कटाओस् ।

र रह्यो हज्जको कुरा: त त्यो यो हो कि मान्छे मिकातबाट एहराम लगाओस् वा मक्काबाट एहराम लगाओस् यदि त्यो मक्कामा छ, र मिना जाओस्, अनि अरफात जाओस्, अनि मुज्दलिफा जाओस्, अनि पुन: मिना आओस्, अनि तवाफ (परिक्रमा) गरोस्, अनि सई गरोस्, र हज्जका ती समस्त कार्यहरूलाई सम्पन्न गरोस् जुन अगाडि वर्णन गरिन्छ इन्शाअल्लाह ।

## हज्जको हुकुम

प्रश्न: (२०७) आदरणीय शैख ज्यू, हज्जको हुकुम के हो त ?

उत्तर: समस्त मुसलमानहरूको यस कुरामा एकमत छ कि हज्ज अनिवार्य छ। अर्थात कुरआन, र हदीस र समस्त मुसलमानहरूको सहमतिद्वारा हज्ज अनिवार्य छ, र यो इस्लामका आधारहरूमध्ये एक हो, किनकि अल्लाहको फर्मान छ:

﴿ وَلِلَّهِ عَلَى ٱلنَّاسِ حِجُّ ٱلْبَيْتِ مَنِ ٱسْتَطَاعَ إِلَيْهِ سَبِيلًاۚ وَمَن كَفَرَ فَإِنَّ ٱللَّهَ غَنِيٌّ عَنِ ٱلْعَٰلَمِينَ ﴿٩٧﴾ ﴾ آل عمران: ٩٧

अर्थ : मानिसहरूमाथि अल्लाहको हक छ कि जसले त्यस घरसम्म पुग्ने सामर्थ्य राख्दछ, त्यसले हज ( धार्मिक यात्रा) गरोस् । कसैले यदि यस आदेशको पालना गर्दैन भने अल्लाह पनि उस सित बरु पूर्ण संसारबाट निस्पृह छ । (सूरतु आले इम्रान ९७)

र नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"إن الله فرض عليكم الحج فحجوا" أخرجه مسلم، كتاب الحج، باب فرض الحج مرة في العمر، رقم (1337)

अर्थ : अल्लाहले तिमीहरूमाथि हज्ज अनिवार्य गरेको छ यसर्थ तिमी हज्ज गर्नेगर । (मुस्लिम, किताबुल् हज्ज, बाबु फर्जिल् हज्जे मर्रतन् फिल् उमर, हदीस नं. १३३७)

र अर्को ठाउँमा नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" بني الإسلام على خمس : شهادة أن لا إله إلا الله وأن محمداً رسول الله، وإقام الصلاة، وإيتاء الزكاة ، وصوم رمضان ، وحج بيت الله الحرام" ( أخرجه البخاري ، كتاب الإيمان ، باب دعاؤهم إيمانكم ، رقم (8) ، ومسلم ، كتاب الإيمان ، كتاب بني الإسلام على خمس، رقم(16).

अर्थ : इस्लाम पाँच कुरामाथि आधारित छः लाइलाहा इल्लल्लाह र मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनुमा, र नमाज कायम गर्नुमा, र जकात दिनुमा, र रमजान महिनाको व्रत बस्नुमा, र बैतुल्लाहको हज्ज गर्नुमा । (यसलाई बुखारीले वर्णन गर्नु भएको छ, किताबुल् ईमान, बाबु दुआउहुम ईमानुकुम, हदीस नं. ८ । र मुस्लिमले, किताबुल् ईमान, बाबु बुनियल् इस्लामु अला खमसिन्, हदीस नं. १६)

त जस व्यक्तिले पनि यसको अनिवार्यताको इन्कार गर्छ त्यो काफिर भइहाल्छ, र इस्लामबाट निस्किहाल्छ यस अवस्था बाहेक कि त्यो यस कुराबाट अनभिज्ञ होस् र यस्तो मानिसहरूमध्येको होस् जिनको अनभिज्ञता कारण हुन्सक्छ, जसरी त्यो नयाँ मुसलमान होस् वा यस्तो दूरगम् श्रेत्रको होस् जहाँ इस्लामका निर्देशनहरूबारे कुनै ज्ञान नहोस्, त यस्तो मान्छे अनभिज्ञताको कारण इस्लामबाट नष्किासित हुँदैन, तर त्यसलाई इस्लामीय निर्देशनहरूबाट परिचय गराइन्छ, अनि यस पश्चात पनि यदि त्यो आफ्नो इन्कारमा कायम रहन्छ भने त्यसमाथि मुरतद हुने हुकुम लागू हुन्छ ।

तर जुन व्यक्ति यसको अनिवार्यताको त इकरार गर्छ तर सुस्तीले गर्दा हज्ज गर्दैन भने यस्तो मान्छे काफिर त हुँदैन, तर यो मान्छे ठूलो खतरामा हुन्छ, र केही विद्हरूले त यस्तो मान्छेलाई पनि काफिर भनेका छन् ।

## उमराको हुकुम

## प्रश्नः (२०८) आदरणीय शैख ज्यू, उमराको के हुकुम छ त ?

उत्तरः उमराको अनिवार्यताको बारेमा विद्हरूको मतभेद छः त केही विद्हरूको भनाई छ किः उमरा पनि अनिवार्य छ । त केही विद्हरूको दृष्टिमा यो सुन्नत हो । र केही विद्हरूको दृष्टिमा मक्काबासी र त्यस बाहेकका बासीहरूबीच फर्क छ, यसर्थ मक्काबासीहरूमाथि अनिवार्य छैन, र तिनी बाहेकका समस्त मानिसहरूमाथि अनविार्य छ ।

र मेरो दृष्टिमा सही कुरो यो हो कि उमरा मक्काबासी र त्यस बाहेकका बासी सबैमाथि अनिवार्य छ, तर यसको अनिवार्यता हज्जको अनिवार्यताभन्दा न्यूनतम् श्रेणीको छ, किनकि हज्जको अनिवार्यता ताकेदित अनिवार्यता हो र इस्लामका आधारहरूमध्येको हो जबकि उमरामा यस्तो कुनै कुरा छैन ।

# शक्ति (सामर्थ्य) भए बित्तिकै यो हज्ज अनिवार्य भइहाल्छ वा यसमा विलम्ब पनि गर्न सकिन्छ

प्रश्नः (२०९) आदरणीय शैख ज्यू, के शक्ति (सामर्थ्य) भए बित्तिकै तुरुन्तै यो हज्ज अनिवार्य भइहाल्छ वा यसमा विलम्ब पनि गर्न सकिन्छ ?

उत्तरः सही कुरो यो हो कि शक्ति भए बित्तिकै यो अनिवार्य भइहाल्छ, र मान्छेको लागि यो जायज छैन कि जब त्यससित हज्ज गर्ने सामर्थ्य भइहालोस् त यसलाई गर्नुमा विलम्ब गरोस् । र यस्तै समस्त वैधानिक अनिवार्य कार्यहरूको बारेमा पनि हुकुम छ । यसर्थ जुन अनिवार्य कार्यहरू कुनै कारण वा समयसित संलग्न नहोउन् त ती समस्त तुरुन्तै अनिवार्य भइहाल्छन्, र त्यसलाई तुरुन्तै आयोजित गर्नु पर्छ ।

# हज्ज र उमरा अनिवार्य हुनुका शर्तहरू

प्रश्नः (२१०) आदरणीय शैख ज्यू, हज्ज र उमरा अनिवार्य हुनुका शर्तहरू के के हुन् ?

उत्तर: हज्ज र उमरा अनिवार्य हुनुका पाँच शर्तहरू छन् जसलाई एउटा कविले आफ्नो कविताका चार पंक्तिहरूमा यसरी संग्रह गरेको छ:

الحج والعمرة واجبـان

في العمر مرة بلا تواني

بشرط إسلام كذا حرية

عقل بلوغ قدرة جليـــة

अर्थ : हज्ज र उमरा पूर्ण जीवनमा एक पटक बिना विलम्ब गरिकन् अनिवार्य छ यस शर्तको साथ कि मान्छे मुसलमान होस्, स्वतन्त्र होस्, बुद्धिमान होस्, र पूर्ण सामर्थ्यवान होस् ।

त यसको अनिवार्यताको पहिलो शर्त इस्लाम हो अर्थात मान्छे मुसलमान होस्, किनकि काफिरमाथि हज्ज अनिवार्य हुँदैन, र यदि काफिर हज्ज गरोस् तै पनि त्यसको हज्ज स्वीकार्य छैन, बरु काफिरको

लागि मक्कामा प्रवेश गर्नु नै जायज छैन, किनकि अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّمَا ٱلۡمُشۡرِكُونَ نَجَسٞ فَلَا يَقۡرَبُواْ ٱلۡمَسۡجِدَ ٱلۡحَرَامَ بَعۡدَ عَامِهِمۡ هَٰذَاۚ ﴾

التوبة: ٢٨

अर्थ : हे ईमानवालाहरू ! निःसन्देह मुश्रिकहरू बिल्कुलै अपवित्र छन् । अतः यस वर्ष पश्चात उनीहरू मस्जिदे हरामको समीप पनि आउन नपाउन् । (सूरतुत्तौबा २८)

यसर्थ काफिरहरूको लागि मक्कामा प्रवेशिका निषेधित छ चाहे त्यसको नास्तिकताको कारण जे सुकै किन नहोस् ।

तर हज्जलाई त्याग्ने कुरामा काफिरसित पनि शोधपूछ हुनेछ, र हज्ज बाहेक अन्य इस्लामीय अनुष्ठानलाई त्याग्नुमा पनि विद्हरूको सही कथन बमोजिम । किनकि अल्लाहको फर्मान छः

﴿ إِلَّآ أَصۡحَٰبَ ٱلۡيَمِينِ ٣٩ فِي جَنَّٰتٖ يَتَسَآءَلُونَ ٤٠ عَنِ ٱلۡمُجۡرِمِينَ
٤١ مَا سَلَكَكُمۡ فِي سَقَرَ ٤٢ قَالُواْ لَمۡ نَكُ مِنَ ٱلۡمُصَلِّينَ
٤٣ وَلَمۡ نَكُ نُطۡعِمُ ٱلۡمِسۡكِينَ ٤٤ وَكُنَّا نَخُوضُ مَعَ
ٱلۡخَآئِضِينَ ٤٥ وَكُنَّا نُكَذِّبُ بِيَوۡمِ ٱلدِّينِ ٤٦ حَتَّىٰٓ أَتَىٰنَا ٱلۡيَقِينُ
٤٧ ﴾ المدثر: ٣٩ - ٤٧

अर्थ : तर दायाँ हातवालाहरू । उनीहरू स्वर्गहरूमा बसेका हुनेछन् र सवाल गर्नेछन् । अपराधीहरू सँग, (कि) तिमीलाई कुन कुरोले नर्कमा ल्यायो ? उनीहरूले जवाफ दिनेछन् कि हामी नमाजी थिएनौं । र न निमुखाहरूलाई (मिस्कीनहरुलाई) खाना खुवाउँथ्यौ, र हामीले विवाद गर्ने असत्यवादीहरूका साथमा मिलेर व्यस्त हुने गर्दथ्यौं । र बदलाको दिन (कियामत) लाई असत्य ठहराउँथ्यौ । यहाँसम्म कि हामीलाई मुत्यु आइलाग्यो । (सूरतुल् मुद्दस्सिर ३९-४७)

दोस्रो शर्त बुद्धिः यसर्थ पागलमाथि हज्ज अनिवार्य छैन । त यदि कुनै मान्छे व्यस्क हुनुभन्दा अघि नै पागल भइहाल्यो र मृत्यु नहुन्जेल पागल (बहुलहा) नै रहन्छ त त्यसमाथि हज्ज अनिवार्य हुँदैन चाहे त्यो समृद्ध किन नहोस् ।

तेस्रो शर्त व्यस्कताः यसर्थ जुन मान्छे व्यस्क छैन त्यसमाथि हज्ज अनिवार्य छैन, तर यदि त्यो हज्ज गर्छ भने त्यसको हज्ज सही छ, तर यसद्वारा त्यसको अनिवार्य हज्ज स्थगित हुँदैन, बरु व्यस्क भए पश्चात त्यसलाई हज्ज गर्नु पर्छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस महिलासित भन्नु भएको थियो जसले बच्चालाई उठाएर भनेका थिई कि के यस बच्चाको पनि हज्ज हुन्छ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियोः

"نعم ولك أجر" (أخرجه مسلم، كتاب الحج، باب صحة حج الصبي وأجر من حج به، رقم (1336)

अर्थ : हो, त्यसको पनि हज्ज हुन्छ, र तिमीलाई पनि यसको हज्जको पुण्य मिल्छ । (मुस्लिम, किताबुल्

हज्ज, बाबु सेहते हज्जिस्सबीयी व अज्रो मन् हज्जा बिही, हदीस नं. १३३६)

किनकि हज्ज गर्ने निर्देशन त्यसमाथि तबसम्म लागू गर्न सकिन्न जबसम्म त्यो व्यस्क नभइहालोस् ।

र यस सन्दर्भमा यो वर्णन गर्नु उचित ठान्दछु कि यस्तो हूल र भीडको अवसरमा मेरो बालबालिकाका माता पितासित यो अनुरोध छ कि उनीहरू आफ्नो बच्चाहरूलाई हज्ज र उमरा नगराउन्, किनकि हज्ज र उमरा उनी बालबालिकाहरूमाथि अनिवार्य छैन, र उनीहरूलाई हज्ज गराउँदा उनीहरूलाई पनि कष्ट पुग्दछ र माता पितालाई पनि । र कदाचित उनीहरू बच्चाहरूको कारण आफ्नो हज्जका कार्यहरूलाई परिपूर्ण तरिकाले गर्न सक्दैनन्, यसर्थ उचित यो नै छ कि उनीहरूलाई हज्ज नगराइकन् परिपूर्ण तरिकाले आफूहरू हज्ज गरुन् ।

र रह्यो यिनी बच्चाहरूको हज्जको कुरो त उनीहरूमाथि हज्ज अनिवार्य छैन, र जब उनीहरू व्यस्क भइहाल्छन् त आफ्नो हज्ज गरिहाल्छन्, र यस्तो गर्नुमा कुनै फर्क पर्दैन ।

चैथो शर्त स्वतन्त्रता: त दासमाथि हज्ज अनिवार्य छैन, किनकि त्यो दास हो जुन आफ्नो स्वामीको सत्कारमा व्यस्त छ, यसर्थ त्यो हज्ज त्यागनुमा बाध्य छ, त्यसले हज्ज गर्नुको कुनै मार्ग र अवसर छैन ।

पाँचौं शर्त हज्ज गर्नुको शारीरिक र आर्थिक सामर्थ्य: यसर्थ यदि कुनै मान्छे यदि आर्थिक तौरले त सामर्थ्यवान होस् तर शारीरिक तौरले असमर्थ होस् भने त्यो कसैलाई आफ्नो हज्ज गर्नुको लागि नायब (सहायक) बनाओस् । किनकि हजरत इब्ने अब्बासले वर्णन गरेको हदीसमा छ कि:

"أن امرأة خثعمية سألت النبي صلى الله عليه وسلم فقالت : يا رسول الله ، إن أبي أدركته فريضة الله على عباده في الحج ، شيخا كبير لا يثبت على الراحلة ، أفأحج عنه ؟ قال: (( نعم )) " أخرجه البخاري، كتاب الحج، باب وجوب الحج وفضله، رقم

(1513) ومسلم كتاب الحج، باب الحج عن العاجز، رقم(1334).

अर्थ : एउटी खुसउम गोत्रकी महिलाले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित प्रश्न गर्दै भनिः हे अल्लाहको रसूल ! अल्लाहले आफ्नो भक्तहरूमाथि अनिवार्य गरेको हज्ज मेरो बुवामाथि अनिवार्य भइसकेको छ, तर मेरो बुवा जीर्ण बुढो भइसकेका छन् जुन सवारीमाथि बस्न सक्दैनन् त के म उनको तर्फबाट हज्ज गर्न सक्दछु ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः हो, गर्न सक्छौ । ( बुखारी, किताबुल् हज्ज, बाबु वजूबिल् हज्जि वफजलेही, हदीस नं. १५१३ । र मुस्लिम, किताबुल् हज्ज, बाबुल् हज्जि अनिल् आजिज, हदीस नं. १३३४)

र यो घटना रसूल सल्लल्लाहो अलैहे वसल्लमको अन्तिम हज्जको हो । त त्यस महिलाको यो कथन किः "अल्लाहले आफ्नो भक्तहरूमाथि अनिवार्य गरेको हज्ज मेरो बुवामाथि अनिवार्य भइसकेको छ" र यस कुरामा रसूल सल्लल्लाहो अलैहे वसल्लमको

सहमति यस कुरामा प्रमाण हो कि जुन आर्थिक तौरले सूक्ष्म होस् तर शारीरिक तौरले सूक्ष्म नहोस् त त्यो यस्तो मान्छे खोजोस् जुन त्यसको तर्फबाट हज्ज गरोस्। तर यदि मान्छे शारीरिक तौरले सूक्ष्म छ तर आर्थिक तौरले सूक्ष्म छैन र मक्कासम्म पुग्न त्यसको सामर्थ्य छैन भने त्यसमाथि हज्ज अनिवार्य छैन ।

र सामर्थ्यमध्ये महिलाको लागि मुहरिमको उपस्थिति पनि हो । त जुन महिलाको कुनै मुहरिम नहोस् त्यसमाथि हज्ज अनिवार्य छैन । तर यस्तो अवस्थामा के त्यो कुनै मान्छेलाई आफ्नो तर्फबाट हज्ज र उमरा गर्ने कार्यमा तयार गरोस् ? त यसमा विद्हरूको मतभेद छ। र यस विषयमा विद्हरूका दुई प्रमुख धारणा छन्, र विवाद यस कुरामा छ कि के मुहरिम हुनु यो हज्जका कार्य गर्नेहेतु शर्त हो, वा हज्जको नै शर्त हो । र यस विषयमा हम्बली विद्हरूको यो नै धारणा छ कि मुहरिमको हुनु हज्ज अनिवार्य हुनुको शर्तमध्येको हो, त्यसका कार्यहरूलाई सम्पन्न गर्नेहेतु शर्तमध्येको होइन । यसर्थ जुन महिलाको कुनै मुहरिम छैन त्यसमाथि

हज्ज नै अनिवार्य छैन, यसर्थ त्यसमाथि यो पनि अनिवार्य छैन कि कसैलाई आफ्नो तर्फबाट हज्ज गर्नुको लागि खोजोस् ।

त यी पाँच शर्त हज्ज अनिवार्य हुनुका शर्त हुन् जुन पूर्ण नभएसम्म हज्ज अनिवार्य हुँदैन । र यसलाई पुनः म वर्णन गर्दछुः मुसलमान हुनु । बुद्धिमान हुनु । स्वतन्त्र हुनु । व्यस्क हुनु । सामर्थ्य हुनु । त यी शर्तहरू हज्ज र उमरा दुवै अनिवार्य हुनुका लागि हुन् ।

## हज्ज र उमरा पूर्ण हुनुका पर्याप्त शर्तहरू

प्रश्नः (२११) आदरणीय शैख ज्यू, अब जबकि हामीले हज्ज र उमरा अनिवार्य हुनुका शर्तहरूबारे जानें त हामी अब यो जान्न चाहन्छौं कि हज्जको लागि कति शर्तहरू पर्याप्त छन् ?

उत्तरः पर्याप्त शर्तहरू हुन्ः केही विद्हरूको धारणा अनुसार इस्लाम, बुद्धि, व्यस्कता, र स्वतन्त्रता । तर सही कुरो यो नै हो कि स्वतन्त्रता हज्ज पूर्ण हुनुको

शर्तमध्येको होइन, (बरु अनिवार्यताको शर्त हो) यसर्थ यदि कुनै दास आफ्नो मालिकसित अनुमति लिएर हज्ज गर्छ भने त्यसको हज्ज सही हुन्छ, किनकि हज्ज दासमाथि अनिवार्य नहुनुको कारण हो बाध्यता, अर्थात त्यसको स्वामीको सेवासत्कार गर्ने कुरा, त जब त्यसको स्वामीले हज्ज गर्ने अनुमति प्रदान गऱ्यो त यो बाध्यता पनि समाप्त भयो, यसर्थ यस्तो अवस्थामा त्यसमाथि हज्ज अनिवार्य भयो, र त्यसले गरेको हजज सही हुन्छ ।

## हज्जको यात्राका शिष्टाचारहरू

प्रश्नः (२१२) आदरणीय शैख ज्यू, हजुरले यदि हज्जका प्रमुख शिष्टाचारहरूबारे संकेत गरिदिएमा अति राम्रो हुन्थ्यो ?

उत्तरः हज्जका शिष्टाचारहरू दुई थरीका छन्ः अनिवार्य शिष्टाचारहरू। र मुस्तहब शिष्टाचारहरू।

त रह्यो कुरो अनिवार्य शिष्टाचारहरूकोः त यो हो कि मान्छे हज्जका आधार र अनिवार्य कार्यहरूलाई सम्पन्न गरोस्, र एहरामका विशिष्ट र सामान्य

निषेधित कुराहरूबाट बचोस्, र त्यस बाहेक जति निषेधित र वर्जित कुराहरू छन् समस्तबाट बाँचोस्, किनकि अल्लाहको फर्मान छ:

﴿ ٱلْحَجُّ أَشْهُرٌ مَّعْلُومَٰتٌ ۚ فَمَن فَرَضَ فِيهِنَّ ٱلْحَجَّ فَلَا رَفَثَ وَلَا فُسُوقَ وَلَا جِدَالَ فِى ٱلْحَجِّ ۗ ﴾ البقرة: ١٩٧

अर्थ : हज्जका महीनाहरू निर्धारित छन्। तसर्थ यदि कुनै मानिसले यी महिनाहरूमा हज्जको नीयत गरिसकेको छ, भने उसले (हज्जका दिनहरूमा) स्वास्नीहरूसँग सहवास नगरोस् र न कुनै नराम्रो काम गरोस् र न कुनै मानिससँग झगडा गरोस्। (सूरतुल् बकर: १९७)

र रह्यो मुस्तहब शिष्टाचारहरूको कुरो त मान्छेलाई चाहियो कि ती समस्त कुराहरू गरोस् जुन गर्नु उत्तम छ, जसरी धन र व्यक्तित्वद्वारा उदारता गर्नु, र आफ्नो साथी भाइहरूको सहायता गर्नु, र उनीहरूको अनुचित कुराहरूमा पनि वास्ता नगर्नु, र उनीहरूबाट कष्टलाई हटाउनु, र उनीहरूमाथि

उपकार गर्नु, चाहे त्यो एहराम लगाइसकेको अवस्था होस् वा एहराम लगाउनुभन्दा पहिला, किनकि यी समस्त सराहनीय शिष्टाचारहरू हुन् जुन प्रत्येक आस्थावानसित प्रत्येक अवस्थामा अभीष्ट छन् । र यस्तै जुन कार्य त्यो गरिरहेको छ त्यसमा भएका मुस्तहब कार्यहरूलाई पनि गरोस्, र हज्ज परिपूर्ण तरिकाले गरोस्, र यसबारे हामी अगाडि विस्तारले वर्णन गर्नेछौं ।

## मुसलमान मान्छे हज्ज र उमराको तयारी कसरी गरोस्

प्रश्नः (२१३) आदरणीय शैख ज्यू, हज्जको यात्राको लागि वा त्यसभन्दा अघि नै मुसलमानलाई कुन कुन कुराको तयारी गर्नु उचित छ ?

उत्तरः हज्ज र उमरा गर्नुको लागि मुसलमान मान्छेलाई यो उचित छ कि त्यो ती समस्त कुराहरूको तयारी गरोस् जसको यस यात्रामा आवश्यकता पर्ने सम्भावना छ जसरी रुपैयाँ लुगाफाँट... आदि, किनकि कदाचित त्यो स्वयम् यसको आवश्यकता महसूस गर्छ वा त्यसको साथमा

भएका मानिसहरूमध्ये कसैलाई त्यसको खाँचो पर्न सक्छ । र यस्तै त्यो तक्‍वा अख्तियार गरोस् र तक्‍वाको अर्थ हो: त्यो अल्लाहले् आदेश गरेको कुराहरूलाई गरेर र त्यसले रोकेको कार्यहरूबाट रुकेर यस कार्यलाई आफू र नर्कबीच ढाल र परिधान बनाओस् । किनकि अल्लाहको फर्मान छः

﴿ وَتَزَوَّدُواْ فَإِنَّ خَيۡرَ ٱلزَّادِ ٱلتَّقۡوَىٰۖ وَٱتَّقُونِ يَـٰٓأُوْلِي ٱلۡأَلۡبَٰبِ ١٩٧ ﴾ البقرة: ١٩٧

अर्थ : र आफ्नो साथमा यात्राको खर्च लिई हिंड । किनभने सबभन्दा राम्रो बाटो खर्च त अल्लाहको डर (तक्‍वा) हो । हे बुद्धिमानहरू ! मसँग डर्ने गर । ( सूरतुल् बकर: १९७)

र यो हेरिन्छ कि मानिसहरू यात्रामा सानो तिनो कुरालाई महत्व दिदैनन् जबकि यात्रामा यस्ताखालका सामग्रीहरूको आवश्यकता पर्दैरहन्छ, अनि जब त्यस कुराको आवश्यकता स्वयम् त्यस मान्छेलाई वा त्यसका साथीहरूलाई पर्छ त सबै

हैरान भइहाल्छन् । यसर्थ मान्छेलाई यस विषयमा चनाखो र सचेत रहनु पर्छ, र जुन जुन कुराको आवश्यकताको सम्भावना होस् ती समस्तलाई यात्रामा लिएर हिंडनु पर्छ ।

## तक्वाद्वारा तयारी

**प्रश्नः (२१४) आदरणीय शैख ज्यू, यात्रा गर्दा भौतिक तयारी बाहेक अनतरिक तयारी पनि गर्नु पर्दैन र ?**

उत्तरः हो, अनतरिक र अदृश्य कुराको पनि तयारी गर्नुपर्छ जुन तक्वा हो, र जसतर्फ मैले अहिले संकेत गरेको छु । यसर्थ तक्वा अनतरिक र अदृश्य तयारीमध्येको हो जसद्वारा मान्छे आफ्नो प्रतिपालकसित साक्षात्कार गर्ने कुराको तयारी गर्छ । यसर्थ मान्छेमाथि यो अनिवार्य छ कि त्यो त्यही कार्य गरोस् जसलाई गर्ने आदेश छ र ती समस्त कुराहरूलाई नगरोस् जसलाई अल्लाहले निषेधित गरेको छ ।

## समयिक मीकातहरूको वर्णन

## प्रश्न: (२१५) आदरणीय शैख ज्यू, हज्जका समयिक मीकात के के हुन् ?

उत्तर: हज्जको समयिक मीकात (निर्धारित समय अथवा स्थान) शौवाल महिना आरम्भ भए बित्तिकै आरम्भ भइहाल्छ, र दश जिल्हिज्जाको दिन ईद पश्चात वा जिल्हिज्जाको अन्तिम तारिख समाप्त भए पश्चात समाप्त हुन्छ । र यो नै सत्य कुरो हो अल्लाहको यस कथन बमोजिम:

﴿ٱلْحَجُّ أَشْهُرٌ مَّعْلُومَٰتٌ﴾ البقرة: ١٩٧

अर्थ : हज्जका महिनाहरू निर्धारित छन् । (सूरतुल् बकर: १९७)

र अश्हुर बहुबचन हो, त अरबी भाषामा बहुबचनको वास्तविक अर्थ नै अर्थाइन्छ, यसर्थ यस समयको अर्थ भयो कि: हज्ज यिनै तीन महिनामा सम्पन्न गरिन्छ, र यसलाई कुनै अन्य दिनमा गरिन्न, बरु यसको लागि निर्धारित दिनहरू छन् । तर तवाफ (बैतुल्लाहको परिक्रमा) र सई (सफा मरवाबीचको दौड) को बारेमा यो भन्न सकिन्छ कि

जब यो मानियोस् कि हज्जको दिन जिल्हिज्जाको अन्तिम दिन समाप्त भए पश्चात समाप्त हुन्छ त तवाफे इफाजा (तवाफे जियारह) र हज्जको सईलाई जिल्हिज्जाको अन्तिम दिनसम्म अवलम्बित गर्न सकिन्छ, र त्यसभन्दा अधिक विलम्ब गर्नु सही छैन यस अवस्था बाहेक कि कुनै वैधानिक कारण होस् । जसरी कि कुनै महिलालाई तवाफे इफाजा गर्नुभन्दा अघि नै सुत्केरीको रगत आयो, अनि त्यसको रगत निरन्तर रह्यो यहाँसम्म कि जिल्हिज्जाको महिना समाप्त भयो, त यो महिला तवाफे इफाजालाई जिल्हिज्जाको महिनाभन्दा अगाडिसम्मको लागि अवलम्बित गर्नुमा बाध्य छे । त यो नै हज्जको निर्धारित समय हो, अर्थात समयिक मीकात हो ।

र रह्यो कुरो उमराकोः त त्यसको लागि कुनै निर्धारित समय छैन, यसलाई सालको कुनै दिनमा गर्न सकिन्छ। तर रमजानको महिनामा यसको पुण्य हज्ज बरोबर भइहाल्छ। र रसूल सल्लल्लाहो अलैहे वसल्लमले समस्त उमरा हज्जका दिनहरूमा नै गरेका छन्, यसर्थ हुदैबिया नामक उमरा जिल्कअ्दहको महिनामा गरेका थिए। र कजाको

उमरा पनि जिल्कअ्दहमा गरेका थिए । र जेइर्रानाको उमरा पनि जिल्कअ्दहमा गरेका थिए । र हज्जको उमरा पनि जिल्कअ्दहमा गरेका थिए । त यसबाट यो प्रमाणित हुन्छ कि हज्जका महिनाहरूमा उमरा गर्नु श्रेष्ठ छ, र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले उमरा गर्नुको लागि यिनै महिनालाई विशिष्ट गरेका थिए ।

# हज्जको समयिक मिकातभन्दा अगावैं नै हज्जको एहराम लगाउनु

प्रश्न: (२१६) आदरणीय शैख ज्यू, हज्जको समय आउनुभन्दा अघि नै हज्जको एहराम लगाउनुको के हुकुम छ ?

उत्तर: यस विषयमा विद्हरूको मतभेद छ कि जब कोही हज्जका महिनाहरूभन्दा अघि नै हज्जको एहराम लगाओस् त त्यसको के हुकुम छ । त केही विद्हरूको कथन छ कि हज्जको महिना आरम्भ हुनुभन्दा अघि नै एहराम लगाउनु सही छ, यस शर्तको साथ कि त्यो हज्जको महिना आरम्भ हुने समयसम्म एहराममा नै रहोस्, तर हज्जको समय आरम्भ हुनुभन्दा अघि नै एहराम लगाउनु अप्रिय कुरो हो ।

र केही विद्हरूको भनाई छ कि: जुन मान्छे हज्जको महिनाभन्दा पहिला नै हज्जको एहराम लगायो त यस एहरामद्वारा हज्ज हुँदैन, बरु यो उमरा भइहाल्छ, अर्थात यो एहराम उमराको एहराममा

परिणत भइहाल्छ, जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"دخلت في الحج" ) جزء من حديث جابر الطويل في وصف حجة النبي صلي الله عليه وسلم ، أخرجه مسلم، كتاب الحج، باب حجة النبي صلي الله عليه وسلم ، رقم (1218)

अर्थ : उमरा हज्जमा प्रवेश गऱ्यो । (यो लामो हदीसे जाबिरमध्येको अंश हो जसमा उहाँले नबी सल्लल्लाहो अलैहे वसल्लमको हज्जको विशेषता वर्णन गर्नु भएको छ । र जसलाई मुस्लिमले वर्णन गर्नु भएको छ, किताबुल् हज्ज, बाबु हज्जतिन्नबी सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १२१८)

र यस उमरालाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले सानो हज्ज भनेका छन् जस्तो कि अमर बिन हज्मको मुरसल र प्रसिद्ध हदीसमा वर्णित छ

जसलाई मानिसहरूले सर्वसहमतिको साथ स्वीकार पनि गरेका छन् ।[1]

## हज्जका स्थानिय (स्थानिक) मिकातहरूको वर्णन

प्रश्न: (२१७) आदरणीय शैख ज्यू, हामीलाई हज्जमा समयिक मिकातको बारेमा ज्ञान भयो, त यसका स्थानिक मिकातहरू कुन कुन हुन् ?

उत्तर: यसका स्थानिय (स्थानिक) मिकातहरू पाँच छन्: र ती हुन्: जुल् हुलैफा, जुहफा, यलमलम, करनुल् मनाजिल र जाते इर्क ।

त रह्यो कुरो जुल हुलैफहको: त यसलाई अबियारे अली पनि भनिन्छ, र यो मदिनासित नजिक छ, र मक्कादेखि यसको दूरी दश चरण यात्रा गर्नुको जति दूरीमा छ । र यो नै सबैभन्दा दूरी र टाढाको मिकात हो , र यो मिकात मदिनाबासीहरूको र जो

---

[1] दार कुत्नी फिस्सुनन (२/२८५) हदीस नं. २२२ । र बैहकीले सुननमा (४/३५२) वर्णन गरेका छन् ।

कोही पनि यसबाट गुज्रन्छ सबैको लागि मिकात हो ।

र रह्यो कुरो जुहफाको: त यो शामदेखि मक्का आउँदा एउटा गाउँको नाम हो । र मक्का र यसबीच लगभग तीन चरण जति यात्राको दूरी छ । र यो गाउँ त नष्ट भयो, यसर्थ त्यसको सट्टामा मानिसहरू राबिग नामक स्थानबाट एहराम लगाउँछन् ।

त रह्यो कुरो यलमलमको: त यो एउटा पर्वत अथवा एउटा स्थानको नाम हो जुन यमनदेखि मक्का आउने बाटोमा पर्छ । र वर्तमान कालमा यसलाई अस्सअ्दीयह भनिन्छ, र मक्का र त्यसबीचको दूरी दुई चरण यात्रा गर्ने जतिको दूरी बरोबर छ ।

र रह्यो कुरो करनुल् मनाजिलको: त यो नज्ददेखि आउँदाको बाटोमा पर्ने एउटा पर्वतको नाम हो । र वर्तमान कालमा त्यसलाई अस्सैलुल कबीर भनिन्छ, र मक्का र यसबीचको दूरी लगभग दुई चरण यात्रा गर्नु जतिको दूरी छ ।

र रह्यो कुरो जाते इर्कको: त यो इराकदेखि मक्का आउँदा पर्ने एउटा स्थानको नाम हो । र मक्का र यसबीचको दूरी लगभग दुई चरण यात्रा गर्ने जतिको दूरी छ ।

त पहिलाका यी चार मिकातहरू अर्थात जुल् हुलैफह, जुहफा, यलमलम र करनुल् मनाजिल । त यी चारलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले निर्धारित गरेका छन् । र रह्यो कुरो जाते इर्कको त हदीसबाट यो प्रमाणित हुन्छ कि यसलाई पनि नबी सल्लल्लाहो अलैहे वसल्लमले नै निर्धारित गरेका छन् जस्तो कि सुनन् वर्णनकर्ताहरूले हजरत आइशाको माध्यमले हदीसलाई वर्णन गरेका छन् ।

र हजरत उमरद्वारा पनि यो प्रमाणित छ कि उहाँ रजिअल्लाहो अन्होले कुफा र बस्राबासीहरूको लागि यसलाई निर्धारित गर्नु भएको थियो जब उनीहरू उनसित आएर यो भनेका थिए कि: हे आस्थावानहरूका अमीर (नायक) नि:सन्देह नबी सल्लल्लाहो अलैहे वसल्लमले नज्दबासीहरूको लागि करनुल् मनाजिललाई निर्धारित गरेका छन्, र त्यो हाम्रो बाटोबाट अति टाढा छ जससम्म अत्याधिक

कष्ट भोगेर मात्र पुग्न सकिन्छ, त हजरत उमरले भन्नु भयो: त्यसको समान अर्थात बरोबरीको जुन स्थान तिम्रो बाटोमा पर्छ त्यहींबाट एहराम लगाऊ ।

त कुरो जे पनि होस् यदि यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको हदीसबाट प्रमाणित भइहाल्छ त निकै उत्तम हुन्छ, नत्र यो हजरत उमरको सुन्नतबाट त प्रमाणित नै छ । र हजरत उमर ती चार महान उत्तराधिकारीमध्येका हुन् जिनको अनुशरण गर्ने हामीलाई आदेश छ, र जिनको केही व्यक्तिगत दृष्टिकोणमा कुरआनले सहमति जनाएको छ, र त्यसैमध्ये यो पनि हो, कि यदि यो प्रमाणित भइहालोस् कि यसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले निर्धारित गरेका छन् । र यो नै कियासमा उत्तम देखिन्छ कि जब मान्छे कुनै मिकातसित गुज्रोस् त एहराम लगाइहालोस्, र त्यसको लागि यो जायज छैन कि जद्दा पुग्ने सम्मको लागि एहराम लगाउनुलाई स्थगित गरोस्,

बुखारी, किताबुल् हज्ज, बाबु जाते इर्किन् लेअहले इराक, हदीस नं. १५३१ ।

जस्तो कि अधिकांश मानिसहरू गर्छन् । यसर्थ मिकातको समान स्थानको सन्दर्भमा वायुमण्डल र जल र थलमा कुनै अन्तर छैन । यसर्थ जुन पानी जहाजबाट आउँछन् उनी यलमलम मिकातको समान स्थानमा पुगे बित्तिकै एहराम लगाइहालुन्, वा रागिबको बरोबर स्थानमा पुगे बित्तिकै एहराम लगाइहालुन् ।

## स्थानिय मिकातमा पुग्नुभन्दा अघि नै एहराम लगाउनुको हुकुम

प्रश्नः (२१८) आदरणीय शैख ज्यू, निर्धारित मिकातहरूभन्दा अघि नै एहराम लगाउनुको के हुकुम छ ?

उत्तरः मिकातभन्दा पहिला नै एहराम लगाउनु मकरूह (अप्रिय) छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यसलाई एहराम लगाउनुको लागि निर्धारित गरेका छन् । तसर्थ जब मान्छे मिकातमा पुग्नुभन्दा अगावैं एहराम लगाइहाल्छ त त्यसले त्यो सीमा अतिक्रमण गऱ्यो जसलाई अल्लाहले तोकेको

छ, र यसैकारण नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छः

" لا يتقدمن أحدكم رمضان بصوم يوم أو يومين إلا أن يكون رجلاً كان يصوم صوماً فليصمه" (

أخرجه البخاري ، كتاب الصوم ، باب لا يتقدم رمضان بصوم يوم ولا يومين ، رقم (1914)، ومسلم ، كتاب الصيام ، باب لا تقدموا رمضان بصوم يوم ولا يومين ، رقم (1082).

अर्थ : कुनै पनि मान्छे रमजानभन्दा एक वा दुई दिन अघि व्रत नबसोस् त्यस मान्छे बाहेक जुन सदैंव (प्रत्येक महिनामा) व्रत बस्दै गर्छ त त्यो यो व्रत बस्न सक्दछ। (बुखारी, किताबुस्सौम, बाबु ला यतकद्दम रमजाना बेसौमे यौमिन वला यौमैन, हदीस नं. १९१४। र मुस्लिम, किताबुस्सियाम, बाबु ला तुकद्देमू रमजाना बेसौमे यौमिन् वला यौमैन, हदीस नं. १०८२)

यसर्थ हामीलाई आवश्यक यो छ कि त्यस्तै गरौं जसरी विधानले तोकेको छ अर्थात जुन मिकात

तोकिएको छ त्यसैबाट एहराम लगाऔं, तर यदि कसैले मिकातभन्दा अघि नै एहराम लगायो भने पर्याप्त हुन्छ ।

र यहाँ एउटा महत्वपूर्ण कुरातिर ध्यानाकर्षण गराउन् चाहुन्छु र त्यो यो हो कि: जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले मिकात निर्धारित गर्नु भएको थियो त यो पनि भन्नु भएको थियो कि:

"هن لهن ، ولمن أتى عليهن من غير أهلهن ، ممن أراد الحج أو العمرة" (أخرجه البخاري، كتاب الحج، باب مهل أهل الشام، رقم (1526)، ومسلم كتاب الحج، باب مواقيت الحج والعمرة، رقم (1181)

अर्थ: यी मिकातहरू ती बासीहरूको लागि हुन् जसको लागि यसलाई निर्धारित गरिएका छन् र ती मानिसहरूको लागि पनि जुन ती मानिसहरूमध्येका होइनन् तर हज्ज र उमराको नीयतले यसबाट गुज्रन्छन् । (बुखारी, किताबुल् हज्ज, बाबु महिल्ले अहलिश्शाम, हदीस नं. १५२६ । र मुस्लिम,

किताबुल् हज्ज, बाबु मवाकीतिल् हज्जे वल् उमरा, हदीस नं.११८१)

यसर्थ यदि कुनै मान्छे नज्दबासीहरूमध्येको हो तर त्यो मदिनाको बाटो आउँछ भने त्यो जुनहुलैफहबाट नै एहराम लगाउँछ। र जुन शामबासीहरूमध्येके हो र मदिनाबाट गुज्रन्छ त त्यो पनि जुल्हुलैफहबाट एहराम लगाउँछ, र त्यसको लागि यो जायज छैन कि त्यो शामबासीहरूको मिकातसम्म पुग्नुको प्रतिक्षा गरोस् । र मेरो दृष्टिमा यो नै विद्हरूको कथनमध्ये सही कथन हो ।

## त्यस मान्छेको हुकुम जुन बिना एहराम लगाइकन् मिकातलाई पार गऱ्यो

**प्रश्न: (२१९) आदरणीय शैख ज्यू, त्यस मान्छेको के हुकुम छ जुन बिना एहराम लगाइकन् मिकातलाई पार गऱ्यो ?**

उत्तर: जुन व्यक्ति बिना एहराम लगाइकन् मिकातबाट गुज्रयो त्यो मान्छे दुई अवस्थाबाट रिक्त हुँदैन: याता त्यो हज्ज र उमराको नीयतले

मिकातभित्र प्रवेश गर्छ, त यस्तो अवस्थामा त्यसमाथि अनिवार्य छ कि पुनः मिकातमा फर्केर जाओस् अनि त्यहाँबाट हज्ज अथवा उमरा जसको नीयत गर्नुछ त्यसको नीयत गरेर एहराम लगाओस् । र यदि यस्तो गर्दैन भने त्यसले वाजिबातहरूमध्ये एउटा वाजिबलाई (अनिवार्य कार्यलाई) त्याग्यो, त विद्हरूको कथन अनुसार त्यसमाथि फिदिया ( जरिवान, क्षतिपूर्ति) छ, अर्थात एउटा बाख्रा जब्ह गरेर मक्काका दरिद्रहरूमा वितरण गरोस् ।

र याता त्यो हज्ज अथवा उमराको नीयतले मिकात पार गरेको छैन, त यस्तो अवस्थामा त्यसमाथि कुनै दोष र पाप लाग्दैन, चाहे त्यसको मक्काबाट अनुपस्थिति धेरै अवधिको लागि किन नहोस् । किनकि हामी यदि त्यसलाई मिकातबाट गुज्रदा एहराम लगाउनुमा बाध्य गर्दछौं भने त्यसमाथि एकभन्दा अधिक पटक हज्ज अनिवार्य गर्नु सरह छ, वा एकभन्दा अधिक उमरा अनिवार्य गर्दैछौं । र नबी सल्लल्लाहो अलैहे वसल्लमसित यो प्रमाणित छ कि हज्ज पूर्ण जीवनमा मात्र एक पटक अनिवार्य छ, र जुन एकभन्दा अधिक हुन्छ त्यो नफिली हज्ज हुन्छ ।

र यो नै विद्हरूको कथनमध्ये सही कथन हो त्यस मान्छेको विषयमा जुन हज्ज र उमराको नीयतले मक्का आउँदैन, त त्यसमाथि कुनै आपत्ति छैन कि त्यो बिना एहराम लगाइकन् मिकातभित्र आओस् ।

## जुन एहराम अनिवार्य हुन्छ र जुन एहराम आधार हुन्छ ती दुवैबीच के अन्तर छ ?

प्रश्न: (२२०) आदरणीय शैख ज्यू, अनिवार्य एहराम र आधारको एहराममा के अन्तर छ ?

उत्तर: अनिवार्य एहरामको अर्थ हो कि एहराम मिकातबाट लगाइयोस् । र आधारको एहरामको अर्थ हो कि हज्ज अथवा उमरा गर्नुको नीयत गरियोस् ।

उदाहरण: कुनै मान्छेले मिकातमा नीयत त गऱ्यो तर एहराम लगाएन, त यस व्यक्तिले आधारलाई त पूर्ण गऱ्यो तर अनिवार्य कार्यलाई अर्थात अनिवार्य एहरामलाई त्याग्यो । र जब नीयत गर्नुको साथै मिकातमै एहराम पनि लगायो त आधार र अनिवार्य दुवैलाई सम्पन्न गऱ्यो, किनकि आधारको यहाँ अर्थ

हो हज्ज अथवा उमरा गर्ने नीयत गर्नु । र अनिवार्य कार्य यो हो कि मिकातबाट एहराम लगाओस्, त यो नै दुवै एहराममा फर्क छ, अर्थात नीयतलाई पनि एहराम भनिन्छ र वाजिबलाई पनि एहराम भनिन्छ ।

## एहराम लगाउँदा जिब्रोद्वारा नीयतको उच्चारण गर्नुको हुकुम

प्रश्न: (२२१) आदरणीय शैख ज्यू, के हज्ज अथवा उमराको नीतगर्दा जिब्रोद्वारा उच्चारण गरिन्छ वा त्यसको अर्थ हो तल्बियालाई उच्चारण गर्नु ?

उत्तर: होइन, नीयतको उच्चारण गरिन्न, बरु नीयत गर्नुको अर्थ हो यो तल्बिया भन्नु: "लब्बैक उमरतन्" यदि उमराको नीयत छ, र "लब्बैक हज्जन्" यदि हज्जको नीयत छ । र रह्यो कुरो नीयतको त यसलाई जिब्रोले उच्चारण गर्नु सही छैन, जसरी कि कुनै मानिस यो भनोस् कि: हे अल्लाह म हज्ज गर्न चाहन्छु वा हे अल्लाह म उमरा गर्न चाहन्छु, त यस्तो भन्नु नबी सल्लल्लाहो अलैहे वसल्लमसित प्रमाणित छैन ।

# वायु मण्डलद्वारा हज्जको लागि आउनेहरूको एहराम लगाउने तरिका

प्रश्न: (२२२) आदरणीय शैख ज्यू, हामी तपाईसित यो अनुरोध गर्दछौं कि जुन व्यक्ति वायुमण्डलद्वारा हज्जको लागि आइरहेको छ त्यसको एहराम लगाउने तरिकालाई पनि स्पष्ट गरिदिनुस् ?

उत्तर: जसरी कि हामीले अघि नै वर्णन गरिसकेका छौं कि वायुमण्डलबाट विमानमा सवार भएर आउनेहरूको लागि यो अनिवार्य छ कि मिकातको बराबर अथवा निकट पुगे बित्तिकै एहराम लगाइहालुन् । त यस्तो मान्छेको लागि उचित यो नै छ कि पहिलादेखि स्नान आदि गरेर तयार रहोस्, अनि मिकातमा पुग्नुभन्दा अघि नै एहराम लगाइहालोस्, र जब मिकातमा पुगोस् त नीयत गरिहालोस् । र यस कार्यमा विलम्ब नगरोस् किनकि विमान अति तीव्र गतिले हिँडदछ । यसर्थ मात्र एक मिनेटमा लामो दूरी तय गरिहाल्छ, त यसबारे अधिकांश मानिसहरू अचेत हुन्छन् । त तपाई कतिपय मानिसहरूलाई हेर्नुहुन्छ कि उनीहरू

पहिलादेखि एहराम लगाएर तयार हुँदैनन् र जब विमानमा एलान गर्ने कार्यकर्ता एलान गर्छ कि हामी मिकातमा पगिसकें त त्यो गएर एहराम लगाउन् थाल्छ, त यो अत्याधिक सुस्तीको कुरो हो । त वर्तमानमा विमानका कार्यकर्ताहरू १५ मिनेट अघि नै एलान गरिहाल्छन् कि १५ मिनेट पछि हामी मिकातमा पुगिहाल्छौं, त यो यस्तो राम्रो कार्य हो जसमा उनीहरूको आभार प्रकट गरिन्छ, किनकि उनीहरू हज्ज उमरा गर्ने मानिसहरूलाई पहिलादेखि नै सचेत गरिदिन्छन् । त हामीलाई पनि चाहियो कि जब विमानको कार्यकर्ता एलान गरिरहेको होस् कि यति समय पछि हामी मिकातमा पुग्नेवाला छौं त हामी तुरुन्तै आफ्नो घडीलाई हेरिहालौं र त्यो समय आउनुभन्दा एक दुई मिनेट अघि नै हज्ज अथवा उमराको नीयत गरिहालौं ।

# हज्जको तरिका

प्रश्न: (२२३) आदरणीय शैख ज्यू, हज्जका आधारहरू के के हुन् ?

उत्तर: हामी यहाँ हज्जको संक्षिप्त तरिका वर्णन गर्दछौं, यसर्थ हामी भन्छौं कि: जब मान्छे हज्ज अथवा उमरा गर्ने मन बनाओस् र हज्जका महिनाहरूमा मक्का आओस्, त त्यसको लागि श्रेष्ठ यो छ कि पहिला उमरा गरोस् ताकि हज्जे तमत्तुअ् गर्न सकोस् । यसर्थ मिकातबाट उमराको नीयत गरोस्, र एहराम लगाउँदा त्यस्तै स्नान गरोस् जसरी ठूलो अपवित्रताबाट गर्छ, अनि आफ्नो दाह्री र टाउकोमा सुगन्ध प्रयोग गरोस्, अनि एहराम लगाओस्, र एहरामलाई अनिवार्य नमाज पश्चात लगाओस् यदि अनिवार्य नमाजको समय होस्, वा नफिली नमाज पढेर जसलाई पढदा वजूको दुई रकअ्त नफिल पढनुको नीयत गरोस्, किनकि एहरामको लागि कुनै विशेष नमाज छैन, किन भने नबी सल्लल्लाहो अलैहे वसल्लमद्वारा यस्तो कुनै नमाज प्रमाणित छैन । अनि तल्बिया भन्दै भनोस्:

(( لبيك اللَّهُمَّ عمرة ، لبيك اللَّهُمَّ لبيك ، لبيك لا شريك لك لبيك ، إن الحمد والنعمة لك والملك ، لا شريك لك ))

लब्बैक अल्लाहुम्मा उमरतन्, लब्बैक अल्लाहुम्मा लब्बैक, लब्बैक लाशरीका लका लब्बैक, इन्नल् हम्दा वन्नेअ्मता लका वल्मुल्क, लाशरीका लक ।

अर्थात हे अल्लाह म उरमाको नीयत गर्दछु, म हाजिर छु हे अल्लाह म हाजिर छु, म हाजिर छु हे अल्लाह तिम्रो कोही सहभागी छैन म हाजिर छु, नि:सन्देह समस्त प्रशंसा र अनुकम्पाहरू तिम्रै लागि छन् र सत्ता पनि तिम्रै छ, र तिम्रो कोही साझीदार छैन ।

अनि तबसम्म तल्बिया भन्दै रहोस् जबसम्म कि मक्का नपुगिहालोस् ।

अनि जब तवाफ गर्न आरम्भ गरोस् त तल्बिया भन्नुलाई बन्द गरिदेओस्, अनि तवाफको आरम्भ हज्रे अस्वद (कालो पत्थर) लाई चुमेर गरोस् यदि

चुम्नु सम्भव होस्, वा हातले स्पर्श गरोस् यदि यस्तो गर्नु सम्भव होस्, नत्र हातले त्यसतिर संकेत गरोस्, र भनोस्: बिस्मिल्लाहे अल्लाहु अक्बर, अल्लाहुम्मा ईमानन् बिका, वतस्दीकन् बिकिताबिका, ववफाअन् बिअह्दिका, वत्तिबाअन् लेसुन्नति नबीयिका मुहम्मदिन् सल्लल्लाहो अलैहे वसल्लम ।

अर्थात: शुरू अल्लाहको नामबाट र अल्लाह महान छ, हे अल्लाह तिमीमाथि ईमान राखेर, र तिमीले अवतरित गरेको किताबमा विश्वास गरेर, र तिमीसित गरेको वाचालाई पूर्ण गर्दै, र तिम्रो सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्दै आरम्भ गरिरहेको छु ।

अनि बैतुल्लाहलाई (कअ्बालाई) आफ्नो देब्रेतिर गरेर सात चक्र परिक्रमा गरोस् जसलाई हज्रे अस्वदबाट आरम्भ गरेर त्यसैमा समाप्त गरोस् ।

र सुन्नत यो छ कि मान्छे तवाफ गर्ने क्रममा पहिलाका तीन चक्रहरूमा रमल गरोस्, र रमलको अर्थ हो: मान्छे आफ्नो पाइलालाई नजिक नजिक गरेर तीव्र गतिले हिँडोस् ।

र यो पनि सुन्नत छ कि मान्छे यस तवाफका पूर्ण चक्रहरूमा इज्तिबाअ् गरोस्, र इज्तिबाअ्को तरिका यो हो कि: मान्छे आफ्नो दायाँ काँधालाई खुल्ला गरेर च्यादरका दुवै कुनाहरूलाई बायाँ काँधामाथि हालोस् । र जब तवाफ (परिक्रमा) पूर्ण गरिहालोस् त मुकामे इब्राहीमको पछाडि दुई रक्अत नमाज पढोस् । र तवाफ गर्दा जहिले पनि हज्रे अस्वदको सामुन्ने पुगोस् तक्बीर भनोस्, र हज्रे अस्वद एवं रुक्ने यमानीबीच यो दुआ पढोस्:

﴿ رَبَّنَآ ءَاتِنَا فِي ٱلدُّنۡيَا حَسَنَةٗ وَفِي ٱلۡأٓخِرَةِ حَسَنَةٗ وَقِنَا عَذَابَ ٱلنَّارِ ٢٠١ ﴾ البقرة: ٢٠١

अर्थ : हे पालनकर्ता ! हामीलाई संसारमा पनि नेकी प्रदान गर, र आखिरतमा पनि पुण्य प्रदान गर र नर्कको कष्टबाट रक्षा गर्नु । (सूरतुल् बकर: २०१)

र बाँकी तवाफमा जे चाहोस् दुआ गरोस् ।

र तवाफ गर्नुको लागि कुनै विशेष दुआ छैन, नत प्रत्येक चक्रको लागि नै कुनै विशेष दुआ छ। यसर्थ

मान्छेलाई चाहियो कि ससाना किताबहरूबाट सावधान रहोस् जुन अधिकांश हाजीहरूको हातमा हुन्छन् जसमा प्रत्येक चक्रका लागि विशेष दुआहरू हुन्छन्, त यो बिदअत हो जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छैन । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले स्वयम् नै यो भन्नु भएको छ कि:

"كل بدعة ضلالة" أخرجه مسلم، كتاب الجمعة، باب تخفيف الصلاة والخطبة، رقم (867)

अर्थ : प्रत्येक बिदअत पथभ्रष्टता हो । (मुस्लिम, किताबुल् जुमुआ, बाबु तख्फीफिस्सलाति वल् खुत्बति, हदीस नं. ८६७)

र एउटा यस्तो कुराबाट सचेत रहनु अति आवश्यक छ जसलाई हूल र भीडको कारण अधिकांश मानिसहरू गरिहाल्छन्, अर्थात हिज्र (हतीम) को एउटा ढोकाबाट प्रवेश गरेर अर्कोबाट निस्किरहन्छन् कअ्बाको तवाफगर्दा, र तवाफमा त्यसलाई शामेल गर्दैनन्, त यो विशाल गल्ती हो, किनकि हिज्रको

अधिकांश भाग कअ्बामध्येको हो । त जसले हिज्रको एउटा ढोकाले प्रवेश गरेर अर्कोबाट निस्किहाल्छ त्यसले पूर्ण कअबाको तवाफ गरेन, यसर्थ त्यसको तवाफ पूर्ण भएन ।

अनि तवाफ सम्पन्न गरे पश्चात मुकामे इब्राहीम पछाडि दुई रक्अत नमाज पढोस् यदि त्यहाँ नमाज पढनु सम्भव होस्, र यदि सम्भव छैन भने मस्जिदको कुनै ठाउँमा नमाज पढिहालोस् ।

अनि सफा पर्वततिर जाओस्, अनि जब त्यससित निकट भइहालोस् त यो पढोस्:[1]

﴿ ۞ إِنَّ ٱلصَّفَا وَٱلۡمَرۡوَةَ مِن شَعَآئِرِ ٱللَّهِۖ فَمَنۡ حَجَّ ٱلۡبَيۡتَ أَوِ ٱعۡتَمَرَ فَلَا جُنَاحَ عَلَيۡهِ أَن يَطَّوَّفَ بِهِمَاۚ وَمَن تَطَوَّعَ خَيۡرٗا فَإِنَّ ٱللَّهَ شَاكِرٌ عَلِيمٌ ١٥٨ ﴾ البقرة: ١٥٨

[1] पहिला यो दुआ पढोस् "अब्दउ बिमा बदअल्लाहु बिही" । अनि उपरोक्तमा वर्णित श्लोकलाई पढोस् । (अनुवादक)

अर्थ : (निःसन्देह) सफा र मरवा (पर्वत) अल्लाहका निशानीमध्ये हुन् । यसर्थ जुन मानिसले खानए-कअ्बाको हज्ज अथवा उमरा गर्दछ उसले दुवैको परिक्रमा गर्नुमा कुनै पाप हुँदैन। र आफ्नो स्वेच्छाले जो भलो गर्दछ, त अल्लाह कदर गर्नेवाला र राम्ररी जान्नेवाला छ। (सूरतुल् बकरः १५८)

र यस श्लोकलाई पुनः नपढोस्, अनि सफा पहाडमाथि चढोस् र कअ्बातिर अनुहार गरेर आफ्नो दुवै हात उठाओस् अनि तक्बीर भनोस् र अल्लाहको प्रशंसा गरोस् अनि भनोस्:

((لا إلٰه إلا الله وحده لا شريك له ، له الملك وله الحمد ، وهو على كل شيء قدير ، لا إلٰه إلا الله وحده ، أنجز وعده ، ونصر عبده ، وهزم الأحزاب وحده))

अर्थ : अल्लाह बाहेक कोही सत्य पूजनीय छैन त्यो एक्लै छ त्यसको कोही सहभागी छैन, त्यसैको लागि राजसत्ता र समस्त प्रशंसा छन्, र त्यो समस्त

कुरामाथि सामर्थ्यवान छ, अल्लाह बाहेक कोही सत्य पूज्य छैन त्यो एकलै छ, जसले आफ्नो वाचालाई पूर्ण गऱ्यो, र आफ्नो भक्तको सहायता गऱ्यो, र एकलै समस्त समूहहरूलाई पराजित गऱ्यो ।

अनि यस पश्चात दुआ गरोस्, अनि पुनः उपरोक्तमा वर्णित दुआलाई दोहोऱ्याओस् र त्यसपछि अन्य दुआ गरोस्, अनि पुनः तेस्रो पटक पनि उस्तै दुआहरू गरोस् ।

अनि पर्वतबाट झरेर मरवा पर्वततिर लागोस्, अनि जब हरियो चिन्ह (बत्ती) सम्म पुगोस् अर्थात हरियो सतम्भसम्म त त्यहाँदेखि अघिल्लो हरियो स्तम्भ वा बत्तीसम्म दौड लगाओस् यदि दौड लगाउने सम्भावना होस्, र कसैलाई बिना दुःख दिइकन् दगुर्न सकोस् भने दगुरोस्, अनि दोस्रो हरियो चिन्ह पश्चात सामान्य चाल चल्दै मरवातिर जाओस् । अनि जब मरवासम्म पुगोस् त त्यसमाथि पनि चढोस्, र किब्लातिर अनुहार गरेर आफ्नो दुवै हातलाई उठाएर त्यस्तै तरिकाले दुआ गरोस् जसरी सफामाथि गरेको थियो ।

अनि पुनः मरवा पर्वतदेखि सफासम्म आओस्, र यो त्यसको दोस्रो चक्र हुन्छ, अनि त्यहाँ पुगेर सबै त्यस्तै गरोस् जसरी पहिलो पटक गरेको थियो ।

त जब सात चक्र पूर्ण भइहालोस्, र यो ज्ञात रहोस् कि सफादेखि मरवासम्म एक चक्र भइहाल्छ, र मरवादेखि सफासम्म अर्को चक्र हुन्छ, त मान्छेको सातौं चक्र मरवामा पूर्ण हुन्छ । त जब सातौं चक्र पूर्ण भइहालोस् त आफ्नो कपाल कटाओस्, र कपाल काट्नु समस्त टाउकोलाई शामेल होस्, र यो काटिएको कपाल टाउको हेर्दा स्पष्ट जाहेर होस् । र महिला आफ्नो कपालबाट (चुल्टोबाट) औंलाको एक पोर जतिको (लगभग एक इन्च) काटोस् पूर्ण लटहरूबाट ।

अनि आफ्नो एहरामबाट हलाल भइहालोस्, र ती समस्त कुराहरूबाट लाभान्वित होस् जसलाई अल्लाहले त्यसको लागि हलाल बनाएको छ जसरी स्वास्नी, सुगन्ध, लुगा...आदिबाट ।

अनि जब जिल्हिज्जाको आठौं तारिखको दिन आओस् त हज्जको लागि एहराम लगाओस् । यसर्थ

पहिला स्नान गरोस् अनि सुगन्ध प्रयोग गरोस्, अनि एहराम लगाएर मिनातिर प्रस्थान गरोस् । अनि मिनामा जुहर, अस्र, मग्रिब, इशा, र फज्रको नमाज पढोस्, अर्थात पाँच समयको नमाज पढोस् जसमध्ये चार रक्अत भएको नमाजलाई दुई दुई गरेर पढोस्, र प्रत्येक नमाजलाई त्यसको निर्धारित र नियमित समयमा नै पढोस्, यसर्थ मिनामा नमाजलाई मात्र कस्र गरेर पढिन्छ त्यसलाई जम्मा गरिन्न । अनि जब अरफाको दिनको अर्थात ९ जिल्हिज्जाको दिनको सूर्य उदय भइहालोस् त अरफा (अरफात) तिर प्रस्थान गरोस्, अनि यदि नमेरह नामक स्थानमा पुग्नु सम्भव होस् भने त्यहाँ जाओस्, र यदि यस्तो गर्नु सम्भव नहोस् भने अरफामा जाओस्, अनि जब सूर्य ढल्कोस् त जुहर र अस्र नमाजलाई जम्मा गरेर कस्रको साथ पढोस्, र यस क्रमलाई जम्मा तक्दीम भनिन्छ । अनि नमाज समाप्त गरे पश्चात अल्लाहको स्तुति, गुणगान, महिमागान र दुआ याचनामा व्यस्त भइहालोस्, र कुरआनको पाठन र अल्लाहको महिमा गान गर्दैरहोस्, तर दिनको अन्तिम भागमा विशेषरूपले

याचना गरोस्, किनकि दिनको अन्तिम भागमा याचना स्वीकार्य हुनुको अधिकांश सम्भावना हुन्छ ।

अनि जब सूर्य अस्त भइहालोस्, त अरफातबाट मुज्दलिफा जाओस्, अनि मुज्दलिफामा मग्रिब र इशाको नमाजलाई जम्मा गरेर कस्रको साथ पढोस्, अनि फज्र नमाजसम्म त्यतै रहोस् । अनि फज्र नमाज पढेर अल्लाहको स्तुति गुणगान र दुआ याचनामा व्यस्त रहोस् यहाँसम्म कि सूर्य उदय हुनुभन्दा अघि निस्कने लाली (रातो रंग) क्षितिजमा जाहेर भइहालोस्, अनि मान्छे मिनातिर प्रस्थान गरोस् । र जुन मान्छेलाई हूल र भीडद्वारा कष्ट पुग्ने भय होस् त्यो मुज्दलिफाबाट फज्र नमाजभन्दा अघि नै निस्किहालोस्, किनकि यस्ताखालका मानिसहरूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले अनुमति प्रदान गरेका छन् ।

अनि जब मान्छे मिना पुगिहालोस् त ठूलो जमरहलाई कंकरी हान्नुमा शीघ्रता देखाओस्, र ठूलो जमरहलाई सात कंकरी हानोस्, र प्रत्येक कंकरी हान्दा तक्बीर पनि भनोस् । अनि हज्जको बलि गरोस् । अनि आफ्नो कपाललाई खौराओस्, र

कपाललाई खौराउनु कटाउनुभन्दा श्रेष्ठ छ, र यदि कपाललाई कटाउँछ भने कुनै आपत्ति छैन । र महिला आफ्नो पूर्ण लट र चुल्टोबाट औंलाको एक पोर जतिको कपाल काटोस् । त यति गर्नाले मान्छेलाई पहिलो तहल्लुल प्राप्त भइहाल्छ, अर्थात एहरामका अधिकांश बन्देजहरूबाट मुक्त भइहाल्छ । त त्यसको लागि एहरामको अवस्थामा निषेधित कुराहरूमध्ये महिलासित सहवास गर्नु बाहेक समस्त निषेधित कुराहरू हलाल भइहाल्छन् ।

अनि हलाल भए पश्चात सुगन्ध प्रयोग गरेर सामान्य लुगा लगाओस्, अनि मक्कातिर प्रस्थान गरोस्, अर्थात मस्जिदे हरामतिर प्रस्थान गरोस्, अनि बैतुल्लाहको सात चक्र तवाफ गरोस्, र सफा र मरवा पर्वतबीच सात चक्र सई गरोस्, र यो तवाफ र सई हज्जको लागि हो जस्तो कि पहिला गरिएको तवाफ र सई उमराको लागि थियो । त यति गर्नाले त्यसको लागि महिलासित सम्भोग गर्नु पनि हलाल भइहाल्छ ।

त यता रुकेर हामी यो हेरौं कि यस दश तारिखको दिन (ईदको दिन) हाजीले के के गर्‍यो ?

त हाजीले ईदको दिन (कुर्बानीको दिन) पहिला ठूलो जमरहलाई कंकरी हान्यो, अनि आफ्नो हज्जको ( हद्यको) बलि गर्‍यो, अनि आफ्नो कपाल खौरायो वा कटायो, अनि तवाफ र सई गर्‍यो ।

त यी पाँच कार्यहरू हुन् जसलाई यस्तै श्रृंखलाबद्ध तरिकाले गर्नुपर्छ, तर यदि हामीले यसलाई गर्नुमा कुनै उलटफेर गर्‍यौं भने कुनै आपत्ति छैन, किनकि यस ईदको दिन जब रसूल सल्लल्लाहो अलैहे वसल्लमसित जुनसुकै उलटफेरको बारेमा पनि प्रश्न गरियो उहाँले भन्नु भयो:

"افعل ولا حرج" (أخرجه البخاري، كتاب الحج ، باب الفتيا على الدابة عند الجمرة، رقم (1736، 1737) ومسلم، كتاب الحج، باب من حلق قبل النحر أو نحر قبل الرمي، رقم (1306)

अर्थ : जसरी पनि गर कुनै आपत्ति छैन । (बुखारी, किताबुल् हज्ज, बाबुल् फुतिया अलाद्दाब्बति इन्दल् जमरह, हदीस नं. १७३६ र १७३७ । र मुस्लिम,

किताबुल् हज्ज, बाबु मन् हलका कब्लन्नहरे अव नहरा कब्लर्रमियी, हदीस नं. १३०६)

त यदि हाजी मुज्दलिफाबाट मक्का गएर पहिला तवाफ र सई गऱ्यो अनि मिना आएर ठूलो जमरहलाई कंकरी हान्यो त यस्तो गर्नुमा पनि कुनै आपत्ति छैन । र यदि कंकरी हानेर आफ्नो कपाल खौराओस् अनि त्यस पश्चात बलि गरोस् भने यसमा पनि कुनै आपत्ति छैन । र यदि कंकरी हानेर मक्का आइकन् तवाफ सई गऱ्यो त यस्तो गर्नुमा पनि कुनै आपत्ति छैन । र यस्तै यदि कंकरी हानेर बलि गऱ्यो अनि कपाल खौरायो, अनि मक्का आएर तवाफभन्दा अघि नै सई गऱ्यो भने कुनै आपत्ति छैन । [1] यसर्थ यी पाँच कार्यहरूलाई चाहे त्यसमा उलटफेर गरे वा श्रृंखलाबद्ध (क्रमिक) तरिकाले गरेमा कुनै आपत्ति छैन । किनकि यी पाँच कुराको उलटफेरबारे जहिले पनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित प्रश्न गरियो उहाँले भन्नु भयो: “

[1] तर अधिकांश विद्हरुको दृष्टिमा तवाफभन्दा पहिला सई गर्नु जायज छैन, बरु सईभन्दा अघि तवाफको हुनु आवश्यक छ चाहे त्यो तवाफ नफिली किन नहोस्, वा तवाफे कुदुम किन नहोस् । (अनुवादक)

जसरी पनि गर कुनै आपत्ति छैन ।" त यो अल्लाहको तर्फबाट त्यसका भक्तहरूमाथि सुगमता र दयाको प्रतीक हो ।

र यस पश्चात हज्जका कार्यहरूमध्ये शेष बच्दछ: ग्यारहौं दिनको रात्री र बाह्रौं दिनको रात्री र तेह्रौं दिनको रात्रीलाई मिनामा व्यतीत गर्नु, र यो मात्र त्यस मान्छेको लागि आवश्यक छ जुन विलम्ब गर्न चाहन्छ, किनकि अल्लाहको फर्मान छ:

﴿ ۞ وَٱذْكُرُوا۟ ٱللَّهَ فِىٓ أَيَّامٍ مَّعْدُودَٰتٍ ۚ فَمَن تَعَجَّلَ فِى يَوْمَيْنِ فَلَآ إِثْمَ عَلَيْهِ وَمَن تَأَخَّرَ فَلَآ إِثْمَ عَلَيْهِ ۚ لِمَنِ ٱتَّقَىٰ ۗ وَٱتَّقُوا۟ ٱللَّهَ وَٱعْلَمُوٓا۟ أَنَّكُمْ إِلَيْهِ تُحْشَرُونَ ﴿٢٠٣﴾

البقرة: ٢٠٣ ﴾

अर्थ : र अल्लाहको स्मरण गर, गणनाका दिनहरूमा (तीन दिन) । यदि कसैले छिटो गर्दछ (र) दुई ( एघार, बाह्र) दिनमै हिंडिहाल्छ भने त्यसलाई कुनै गुनाह (पाप) छैन । र जो पछि (तेह्र तारिखसम्म)

बसिरहन्छन्, तिनीमाथि पनि कुनै गुनाह छैन, यी त्यस मानिसको लागि हुन् जो परहेजगार होस् । अल्लाहसित डर्दै गर, र जानिराख तिमीहरू उसैछेउ जम्मा गरिने छौ । (सूरतुल् बकर: २०३)

यसर्थ हाजीमाथि ग्याह्रौं दिनको रात्री र बाह्रौं दिनको रात्री मिनामा व्यतीत गर्नु आवश्यक छ, र रात्री व्यतीत गर्नुको अर्थ हो: कि मान्छे रात्रीको अधिकांश भाग मिनामा गुजारोस् ।

यसर्थ जब ग्याह्रौं दिनको सूर्य ढल्कोस् त तीनवटै जमरहहरूलाई कंकरी हानोस्, र कंकरी हान्ने क्रममा यस दिन सानो जमराद्वारा आरम्भ गरोस्, त्यसलाई क्रमिक सात कंकरी हानोस्, र प्रत्येक कंकरी हान्दा तक्बीर पनि भनोस् । अनि भीडबाट अलि पर गएर किब्लातिर अनुहार गरेर उभोस्, अनि दुवै हातलाई उठाएर अल्लाहसित लामो समयसम्म दुआ गरोस् । अनि माइलो जमरह (बीचको जमरह) सम्म जाओस् अनि त्यसलाई पनि त्यस्तै एकपछि अर्को सात कंकरी हानोस्, र प्रत्येक कंकरी हान्दा तक्बीर पनि भन्दै रहोस्, अनि अलि अगाडि गएर उभोस्, र किब्लातिर अनुहार गरिकन् दुवै हात

उठाएर लामो समयसम्म अल्लाहसित दुआ गरोस् । अनि ठूलो जमरहसम्म जाओस्, अनि त्यसलाई पनि क्रमिक सात कंकरी हानोस्, र प्रत्येक कंकरी हान्दा अल्लाहु अक्बर भन्दै गरोस्, तर यसलाई कंकरी हाने पश्चात नउभोस् रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्ने उद्देश्यले, अर्थात यस पश्चात दुआ नगरोस् बरु फर्केर आफ्नो खीमामा जाओस् वा जता जान चाहन्छ त्यता जाओस् ।

र यस्तै बाह्रौं दिन पनि तीनवटै जमरहहरूलाई कंकरी हानोस् । र यदि विलम्ब गर्ने इच्छा छ भने तेह्रौं दिन पनि तीनवटै जमरहहरूलाई कंकरी हानोस् ।

र मान्छेको लागि यो जायज छैन कि मान्छे ग्याह्रौं बाह्रौं र तेह्रौं दिन जमरहहरूलाई सूर्य ढल्किनुभन्दा अघि नै कंकरी हानोस्, बरु रसूल सल्लल्लाहो अलैहे वसल्लमले यी दिनहरूमा सूर्य ढल्के पश्चात नै कंकरी हानेका छन् । र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"خذوا عني مناسككم" ( أخرجه البيهقي في (( السنن الكبرى)) (125/5) وأخرجه أحمد في (0 مسند الشاميين)(54/02) لفظ: (( لتأخذوا عني مناسكك)) وأخرجه مسلم، كتاب الحج، باب استحباب رمي جمرة العقبة يوم النحر راكباً، رقم (1297) بلفظ: (( لتأخذوا مناسككم)) فإني لا أدري لعلي لا أحج بعد حجتي هذه))

अर्थ : तमीहरू हज्जका कार्यहरू मसित सिकिहाल । (बैहकीले यसलाई सुननुल् कुब्रामा वर्णन गरेका छन् (५/१२५) । र अहमदले मुस्नदुश्शामिईनमा वर्णन गरेका छन् (२/५४), र उनले वर्णन गरेको शब्द हो: लेतअ्खुजु अन्नि मनासेकका । र मुस्लिमले किताबुल् हज्जमा वर्णन गर्नु भएको छ, बाबु इस्तेहबाबे रमिये जमरतिल् अकबा यौमन्नहरे राकिबन्, हदीस नं. १२९७, यी शब्दका साथ: लेतअ्खुजु मनासेककुम । फइन्नी लाअदरी लअल्ली ला अहुज्जु बअ्दा हज्जती हाजेही)

र सहाबाहरू पनि सूर्य ढल्किनुको प्रतिक्षा गर्थे, अनि जब सूर्य ढल्कन्थ्यो त कंकरी हान्थे । र यदि सूर्य ढल्किनुभन्दा अघि नै कंकरी हान्नु जायज हुन्थ्यो भने नबी सल्लल्लाहो अलैहे वसल्लम आफ्नो अनुयायीहरू समक्ष स्पष्ट पारिदिन्थे चाहे गरेर वा भनेर वा सहमति जनाएर । त जब उहाँ सल्लल्लाहो अलैहे वसल्लमले दिनको बीचोबीचलाई अर्थात मध्यदिनलाई कंकरी हान्नुको लागि रोजे जबकि त्यस समय अति गर्मी हुन्छ, र दिनको पहिलो भाग जुनकि मध्य दिनभन्दा शुलभ हुन्छ त्यसमा हानेनन् बरु गर्मीमा हाने, त यो यस कुराको प्रमाण हो कि दिनको पहिलो भागमा कंकरी हान्नु जायज छैन । किनकि यदि यो वैधानिक हुन्थ्यो भने उहाँ सल्लल्लाहो अलैहे वसल्लम यसैमा कंकरी हान्थे, किनकि यो सरल छ समस्त मानिसहरूको लागि । त यसबाट यो प्रष्ट हुन्छ कि पहिलो भागमा कंकरी हान्नु जायज छैन, किनकि यदि यो जायज हुन्थ्यो भने यसैलाई अल्लाह वैधानिक गर्‍थ्यो, किनकि यो नै सरल छ, र अल्लाह त्यो कुरो नै वैधानिक गर्छ जुन सरल हुन्छ ।

तर यदि कुनै मान्छेलाई दिनमा कंकरी हान्नु निकै कष्टदायक होस् गर्मी अथवा हूलको कारण त त्यो त्यसलाई अलि विलम्बले रात्रीको समय पनि हान्न सक्छ, किनकि रात्रीमा कंकरी हान्नु सही छैन यस कुराको कुनै प्रमाण छैन । यसर्थ रात्री पनि कंकरी हान्ने समयमध्येको हो, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले कंकरी हान्नुको आरम्भिक समय त निर्धारित गर्नु भएको छ तर त्यसको अन्तिम समयलाई निर्धारित गर्नु भएको छैन, त त्यसको अन्तिम समय असीमित रहन्छ यहाँसम्म कि त्यसलाई सीमित गर्ने कुनै प्रमाण मिलोस् ।

र हामीलाई जमरहलाई कंकरी हान्ने विषयमा सुस्ती गर्नुबाट सावधान रहनुपर्छ किनकि केही मानिसहरू यस विषयमा ढिला सुस्ती गर्छन् यहाँसम्म कि आफू कंकरी हान्नुमा सूक्ष्म भए पनि कसै अरुलाई कंकरी हान्नुको वकील बनाइदिन्छन्, तर यस्तो गर्नु नत जायज नै छ नत यो पर्याप्त नै छ, किनकि अल्लाहको फर्मान छः

﴿ وَأَتِمُّوا۟ ٱلْحَجَّ وَٱلْعُمْرَةَ لِلَّهِ ﴾ البقرة: ١٩٦

अर्थ : र हज्ज एवं उमरा अल्लाहको लागि पूर्ण गर। (सूरतुल् बकर: १९६)

र कंकरी हान्नु हज्जका कार्यहरूमध्येको हो, यसर्थ यसमा कमी कोताही गर्नु सही छैन। र यस कारण पनि किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो परिवारका दुर्वल मानिसहरूलाई यो अनुमति दिएका थिएनन् कि उनीहरू आफ्नो कंकरी हान्ने कार्यमा कसै अरुलाई वकील बनाउन् जुन उनीहरूको तर्फबाट कंकरी हानोस्, बरु उनीहरूलाई यो अनुमति दिएका थिए कि उनीहरू मुज्दलिफाबाट रात्रीको अन्तिम भागमा नै निस्केर मिना जाउन् भीड हुनुभन्दा अघि नै। र यस्तै रसूल सल्लल्लाहो अलैहे वसल्लमले ऊँटका चरवाहाहरूलाई जुन मिनाबाट बाहिर हुन्थे उनीलाई पनि यो अनुमति दिएका थिएनन् कि उनी कसैलाई वकील बनाउन् जुन उनीहरूको तर्फबाट कंकरी हानोस्, बरु उनीहरूलाई यो आदेश गरेका थिए कि एक दिन कंकरी हाने पश्चात एक दिन कंकरी नहानुन्, अनि तेह्रौं दिन त्यस दिनको पनि कंकरी हानुन् जुन छुटेको छ। त यो समस्त मान्छेको आफै

आफ्नो कंकरी हान्नुमाथि प्रमाणीकरण र त्यसको महत्वलाई वर्णन गर्दछ, र यस कुरामाथि पनि प्रमाणीकरण गर्छ कि कंकरी हान्ने कुरामा अकारण कसैलाई वकील नबनाउन्, जसरी कि यदि हाजी विरामी होस् वा जीर्ण बुढो होस् कि जमरातसम्म पुग्न नसकोस्, वा कुनै गर्भवती महिला होस् जुन आफूमाथि वा आफ्नो गर्भाशयमा भएको बच्चामाथि कुनै प्रकारको हानिनोक्सानीको खतरा र भय महसूस गरोस् त यस्तो अवस्थामा कसैलाई वकील बनाउनु जायज छ ।

र यदि यो कुरो सहाबाहरूबाट प्रमाणित नभएको भए कि उनीहरू बच्चाहरूको तर्फबाट कंकरी हान्थे, त हामी भन्थ्यौं कि: असमर्थ मान्छेबाट कंकरी हान्नु स्थगित भइहाल्छ, किनकि यो यस्तो अनिवार्य कार्य हो जसलाई गर्नुबाट त्यो असमर्थ छ, त यो असमर्थताको कारण स्थगित भइहाल्छ । तर जब हामीले यो हेरें कि बच्चाहरूको कंकरी हान्ने कुरामा वकील बनाउनु प्रमाणित छ त यसै सन्दर्भमा ती समस्तलाई मानिन्छ जुन आफै आफ्नो कंकरी हान्नुबाट असमर्थ छन् ।

र कुराको सार यो हो कि: हामी अल्लाहका अनुष्ठानहरूको अवहेलना नगरिकन् त्यसको आदर गरौं, र त्यसलाई गर्नुमा ढिलासुस्ती नगरौं, र जति गर्न सक्छौं त्यति गरिहालौं किनकि समस्त पूजा हुन्, जस्तो कि अल्लाहको रसूलको फर्मान छ कि:

"إنما جعل الطواف بالبيت وبالصفا والمروة، ورمي الجمار لإقامة ذكر الله" (أخرجه أبو داود، كتاب المناسك، باب في الرمل، رقم (1888) والترمذي بنحوه، كتاب الحج، باب ما جاء كيف ترمى الجمار، رقم (902) وقال : حسن صحيح.

अर्थ : बैतुल्लाहको तवाफ गर्नु, सफा र मरवाको सई गर्नु, र कंकरी हान्नुलाई अल्लाहको गुणगान गर्ने उद्देश्यले वैधानिक गरिएको छ। (अबू दाऊद, किताबुल् मनासिक, बाबु फिर्रमल, हदीस नं. १८८८। र तिर्मिजीले यस्तै, किताबुल् हज्ज, बाबु माजाअ् कैफा तरमिल् जेमार, हदीस नं. ९०२, मा

वर्णन गरेका छन्, र उनले भन्नु भएको छ कि: यो हदीस विश्वासनीय र सही छ ।)

र जब मान्छे हज्ज पूर्ण गरिहालोस् त तवाफे वदाअ् (बिदाइको तवाफ) नगरिकन् आफ्नो देश नगर नफर्कोस्, जस्तो कि हजरत इब्ने अब्बासले वर्णन गरेको हदीसमा छ कि: जब सबै मानिसहरू हज्ज सम्पन्न गरे पश्चात अआफ्ना नगरतिर प्रस्थान गर्न थाले त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"لا ينفرنّ أحد حتى يكون آخر عهده بالبيت"

(أخرجه مسلم، كتاب الحج، باب وجوب طواف الوداع، رقم (1327)

अर्थ : कोही पनि आफ्नो नगरतिर तबसम्म नफर्कोस् जबसम्म मक्काको अन्तिम कार्य बैतुल्लाहको विदाइको तवाफ नगरिहालोस् । ( मुस्लिम, किताबुल् हज्ज, बाबु वुजूबे तवाफिल् वदाअ्, हदीस नं. १३२७)

तर यदि कुनै महिला रजस्वला अथवा सुत्केरीको अवस्थामा छे र त्यसले तवाफे जियारह (हज्जको तवाफ) गरिसकेको छे भने तवाफे वदाअ् गर्नु त्यसको हकमा माफ छ, किनकि इब्ने अब्बासको हदीसमा छः

"أمر الناس أن يكون آخر عهدهم بالبيت ، إلا أنه خفف عن الحائض" (تقدم تخريجه تحت سؤال رقم: (81)

अर्थ : मानिसहरूलाई यो आदेश गरियो कि मक्कामा उनको अन्तिम कार्य बैतुल्लाहको तवाफ गर्नु होस्, तर रजस्वलामा भएकी महिलालाई यसलाई त्याग्नुको अनुमति प्रदान गरिएको थियो । ( यसको सन्दर्भ प्रश्न नं. ८१ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।)

र यस कारण पनि किनकि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई यो खबर दिइयो कि हजरत

सफीयहले तवाफे जियारत गरिसकेका थिइन् त उहाँले भन्नु भयो:

"فلتنفر إذن" (أخرجه البخاري، كتاب الحج، باب إذا حاضت المرأة بعد أن أفاضت ، رقم (1757-1759)، ومسلم، كتاب الحج، باب وجوب طواف الوداع وسقوطه عن الحائض، رقم (1211م).

अर्थ : यसो भए त्यो पनि जान सक्छे । (बुखारी, किताबुल् हज्ज, बाबु इजा हाजतिल् मरआ बअ्दा अन् अफाजत, हदीस नं. १७५७ र १७५९ । र मुस्लिम, किताबुल् हज्ज, बाबु वजूबि तवाफिल् वदाअे वसुकूतहू अनिल् हाइज, हदीस नं. १२११)

र हजरत सफीयह त्यस समय रजस्वलाको अवस्थामा थिइन् ।

र यो अनिवार्य छ कि बैतुल्लाहको तवाफ गर्नु मान्छेको मक्काको अन्तिम कार्य होस् । यसर्थ हामी यस्ता कतिपय मानिसहरूलाई हेर्दछौं कि उनीहरू मक्कामा आएर तवाफे वदाअ् गर्छन् अनि पुन: मिना

आएर कंकरी हान्दछन्, अनि त्यतैबाट अआफ्ना नगर फर्किजान्छन् । त यस्तो गर्नु विशाल गल्ती हो, र यो तवाफे वदाअ् पर्याप्त छैन, किनकि यिनीहरूले तवाफलाई आफ्नो मक्काको अन्तिम कार्य बनाएनन् बरु कंकरी हान्नुलाई अन्तिम कार्य बनाए ।

## उमराका आधारहरू

**प्रश्नः (२२४) आदरणीय शैख ज्यू, उमराका आधारहरू के के हुन्, किनकि हज्जे तमत्तुअ्मा उमरा हज्जभन्दा पहिला नै गरिन्छ ?**

उत्तरः विद्हरूको भनाई छ कि उमराका आधारहरू तीन छन्:

(१) एहराम लगाउनु अर्थात उमराको नीयत गर्नु ।

(२) तवाफ गर्नु ।

(३) सई गर्नु ।

र उरमाका वाजिबात (अनिवार्य कार्य) दुईवटा छन्:

(१) मिकातबाट एहराम लगाउनु ।

(२) कपाल खौराउनु अथवा कटाउनु ।

र यस बाहेक जति कार्यहरू पनि उमरामा गरिन्छ सबै सुन्नत हुन् ।

## हज्जका आधारहरू

प्रश्नः (२२५) आदरणीय शैख ज्यू, हज्जका आधारहरू के के हुन् ?

उत्तरः हज्जका आधारहरूको बारेमा विद्हरूको यो भनाई छ कि यी चारवटा छन्ः

(१) एहराम लगाउँदा नीयत गर्नु ।

(२) अरफातमा उभिनु ।

(३) तवाफ गर्नु ।

(४) सई गर्नु ।

## हज्ज र उमराका आधारहरूमध्ये कसैमा कमिकोताही गर्नुको हुकुम

## प्रश्न: (२२६) आदरणीय शैख ज्यू, यी आधारहरूमध्ये कसैलाई त्याग्नुको के हुकुम छ ?

उत्तर: यदि कसैले यी आधारहरूमध्ये कसैलाई छाड्यो वा त्यसमा कमी गऱ्यो भने त्यसलाई पूर्ण नगरिकन् हज्ज अथवा उमरा समपन्न हुँदैन। यसर्थ यदि कसैले आधारलाई जसरी उमरागर्दा तवाफ गर्नुलाई छाडेको छ भने त्यो आफ्नो एहराममा नै रहोस् यहाँसम्म कि तवाफ गरिहालोस् । र जसले सई गरेको छैन त्यो एहराम तबसम्म नउतारोस् जबसम्म सई नगरिहालोस् । र यस्तै कुरो हज्जको बारेमा पनि छ कि जसले पनि हज्जका आधारहरूमध्ये कसैलाई गरेको छैन त त्यसको हज्ज पूर्ण भएन । त जसले अरफातको चौरमा उभेन यहाँसम्म कि कुर्बानीको दिनको फज्र उदय भयो, त त्यसको हज्ज भएन, न त यस वर्ष त्यसको हज्ज हुन्सक्छ, बरु अब त्यो उमराको नीयत गरिहालोस् र तवाफ सई गरेर आफ्नो कपाल फालेर आफ्नो घरपरिवारमा फर्कोस्, र आउनेवाला साल पुन: हज्ज गरोस् ।

तर यदि हज्ज गर्ने सन्दर्भमा हज्जको तवाफ र सई छुटेको छ भने त्यसको कजा गरोस्, अर्थात त्यसलाई अरु दिनहरूमा गरोस्, किनकि तवाफ र सईको अन्तिम समय निर्धारित छैन, तर त्यसलाई पनि जिल्हिज्जाको अन्तिम दिनभन्दा अधिकको लागि विलम्ब नगरोस्, तर यदि कुनै कारण छ भने जिल्हिज्जाभन्दा विलम्बले पनि तवाफ सई गर्न सक्छ ।

## हज्जका वाजिबातहरू

प्रश्नः (२२७) आदरणीय शैख ज्यू, हज्जका अनिवार्य कार्य के के हुन् ?

उत्तरः हज्जका अनिवार्य कार्य (वाजिबात) निम्नका कुराहरू हुन्: मान्छे एहराम मिकातबाट लगाओस् । र अरफातमा सूर्य अस्त नहुन्जेल उभोस् । र मुज्दलिफामा रात्री व्यतीत गरोस् । र ईद पश्चात मिनामा दुई रात्री व्यतीत गरोस् । र जमराहरूलाई कंकरी हानोस् । र तवाफे वदाअ् गरोस् ।

# हज्ज र उमराका वाजिबातमध्ये कसैमा कमिकोताही गर्नु अथवा त्यसलाई त्याग्नुको हुकुम

प्रश्न: (२२८) आदरणीय शैख ज्यू, हज्ज र उमराका वाजिबातमध्ये कसैमा कमिकोताही गर्नु अथवा त्यसलाई त्याग्नुको के हुकुम छ ?

उत्तर: यदि मान्छे जानेर कुनै अनिवार्य कार्यलाई त्याग्दछ भने त्यसलाई पाप पनि लाग्दछ र त्यसमाथि फिदिया पनि अनिवार्य भइहाल्छ, अर्थात त्यसलाई छाडेकोमा जरिवाना वा क्षतिपूर्ति सरह फिदिया दिनु पर्छ जुन हो: एक बाख्राको बलि गरेर मक्काका दरिद्रहरूमा वितरण गर्नु, यो नै विद्हरूको भनाई छ । र यदि त्यसले यो कार्य जानेर छाडेको छैन त त्यसलाई कुनै पाप लाग्दैन तर फिदिया त दिनु पर्छ जसलाई मक्कामा बलि गरेर मक्काका फकीर मिस्कीनहरूमा वितरण गर्नु पर्छ । किनकि त्यसले एउटा अनिवार्य कार्य छाडेको छ जसको क्षतिपूर्ति सम्भव छ, त जब मूल कुरो अर्थात मूल कार्य गर्नुबाट असमर्थ भयो त त्यसको सट्टामा

क्षतिपूर्ति दिनु अनिवार्य भयो । त यो नै विद्हरूको उदगार हो त्यस मान्छेको लागि जसले कुनै अनिवार्य कार्य छाडेको होस्, कि त्यो फिदियाको रूपमा एउटा बाखा बलि गरेर मक्काका दरिद्रहरूमा वितरण गरिदेओस् ।

## हज्जे किरान गर्ने तरिका

प्रश्नः (२२९) आदरणीय शैख ज्यू, हज्जे तमत्तुअ्को बारेमा त तपाईले हज्जको बारेमा कुरागर्दा कुरा गर्नु भयो, तर यदि हज्जे किरानको बारेमा पनि केही जानकारी गराइदिनु हुन्छ भने अति राम्रो हुन्थ्यो ?

उत्तरः हज्जे तमत्तुअ्को बारेमा जसरी कि हामीले वर्णन गऱ्यौं कि मान्छे पहिला उमरा गरोस् र उमरा सम्पन्न गरेर एहरामबाट मुक्त भइहालोस्, अनि यसै वर्ष हज्ज पनि गरोस् ।

र हज्जे किरान गर्नुका दुई तरिका छन्:

पहिलो तरिकाः यो कि मान्छे मिकातबाट हज्ज र उमरा दुवैको एकै साथ नीयत गरोस्, र भनोस्: “लब्बैक हज्जन् वउमरतन्” ।

दोस्रो तरिका: यो कि मान्छे पहिला मात्र उमराको नीयत गरोस्, अनि तवाफ गर्नुभन्दा अघि नै हज्जलाई पनि उमरामा मिश्रित गरोस्, अर्थात तवाफ गर्नुभन्दा अघि नै हज्जको पनि नीयत गरिहालोस् ।

र एउटा तेस्रो तरिका पनि छ: तर यसबारे विद्हरूको मतभेद छ, र त्यो यो हो कि मान्छे मात्र हज्जको नीयतले एहराम लगाओस्, अनि त्यसमा उमराको पनि अभिवृद्धि गरिदेओस् हज्जको कुनै कार्य गर्नुभन्दा अघि नै, जसरी तवाफ सई गर्नुभन्दा अघि नै ।

र हज्जे किरान गर्ने मान्छे आफ्नो एहराममा नै रहन्छ, अर्थात जब त्यो मक्कामा प्रवेश गर्छ त तवाफे कुदूम (आरम्भिक आगमनीय तवाफ) गर्छ, र हज्ज एवं उमराको सई गर्छ, र एहरामलाई नउतारिकन् त्यस्तै एहराम लगाएको अवस्थामा नै रहन्छ, र तबसम्म एहराममा नै रहन्छ जबसम्म कि ईदको दिन अरु कार्य गरेर हलाल नभइहालोस् । र हज्जे किरान गर्ने मान्छेमाथि हज्जको बलि गर्नु

अनिवार्य छ, जसरी कि हज्जे तमत्तुअ् गर्ने मान्छेमाथि अनिवार्य छ ।

र रह्यो हज्जे इफ्राद गर्ने मान्छेको कुरो, त त्यो मात्र हज्जको नीयतले मिकातबाट एहराम लगाउँछ, र त्यसै अवस्थामा बाँकी रहन्छ यहाँसम्म कि मक्कामा आएर तवाफे कुदूम गरोस् र हज्जको सई गरोस्, र यो आफ्नो एहराममा नै बाँकी रहन्छ यहाँसम्म कि ईदको दिन हलाल भइहालोस् । यसर्थ हज्जे किरान गर्ने मान्छे र हज्जे इफ्राद गर्ने मान्छे समस्त कार्य गर्नुमा एकनास छन्, तर निम्न कुराहरूमा मात्र दुवैबीच फर्क छः र त्यो हो कि हज्जे किरान गर्ने मान्छे हज्ज र उमरा दुवै गर्छ र त्यसमाथि हज्जको बलि गर्नु अनिवार्य हुन्छ । जबकि हज्जे इफ्राद गर्ने मान्छे मात्र हज्ज गर्छ र त्यसमाथि हज्जको बलि अनिवार्य छैन ।

# हज्ज पश्चात उमरा गर्नुको हुकुम

प्रश्न: (२३०) आदरणीय शैख ज्यू, हामीलाई हज्जको तरिका र हज्जे इफ्रादको तरिका र हज्जे तमत्तुअ्को तरिका र हज्जे किरानको तरिकाको ज्ञान भयो, अर्थात हज्जे इफ्राद गर्ने मान्छे मात्र हज्ज गर्छ उमरा गर्दैन, तर हामी के हेर्छौं भने जब मान्छे हज्जे इफ्रादलाई सम्पन्न गरिहाल्छ त उमरा गर्छ, त यसको के हुकुम छ ?

उत्तर: यस कार्यको सुन्नतबाट कुनै सरोकार र वास्ता छैन, किनकि सहाबाहरू भलाई गर्नुमा अति उत्साहित र अग्रसर हुनु हुन्थ्यो तर हज्ज पश्चात उहाँहरूले यस्तो उमरा गरेका छैनन्। र सर्वोत्कृष्ट पद्धति र तरिका त मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको पद्धति र उहाँका सदाचारी सत्यनिष्ठ उत्तराधिकारीहरूको र सहाबाहरूको पद्धति नै हो, किनकि उनीहरू नै सर्वश्रेष्ठ युगवाला हुन्। र हज्ज पश्चात उमरा गर्नुको कुरो एउटा विशिष्ट समस्याको सन्दर्भमा वर्णित छ जुन हो हजरत आइशाको समस्या, जब उनले उमराको लागि

एहराम लगाएका थिइन्, अनि मक्का पुग्नुभन्दा अघि नै उनलाई रजस्वला आएको थियो त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनलाई हज्जको नीयत गर्ने आदेश गरेका थिए ताकि उनी हज्जे किरान गर्नेवाली भइहालुन्, र उहाँ रजिअल्लाहो अन्हासित भनेका थिए कि:

"طوافك بالبيت وبالصفا والمروة يسعك لحجك وعمرتك" أخرجه أبو داود ، كتاب المناسك، باب طواف القارن، رقم (1897)، وعند مسلم أن النبي صلى الله عليه وسلم قال لها: (0 يسعك طوافك لحجك وعمرتك)) فأبت ، فبعث بها مع عبد الرحمن إلى التنعيم ، فاعتمرت بعد الحج، كتاب الحج، باب إحرام النفساء..وكذا الحائض، رقم (1211)

अर्थ : तिम्रो बैतुल्लाहको तवाफ गर्नु र सफा मरवाको सई गर्नु तिम्रो हज्ज र उमराको लागि पर्याप्त छ । (अबू दाऊद, किताबुल् मनासिक, बाबु तवाफुल् कारिन्, हदीस नं. १८९७ । र मुस्लिमले यसलाई यसरी वर्णन गरेका छन् कि रसूल

सल्लल्लाहो अलैहे वसल्लमले उनसित भने: " तिम्रो यो तवाफ तिम्रो हज्ज र उमराको लागि पर्याप्त छ ।" त उनी यसलाई अस्वीकार गरिन्, त उहाँले उनलाई उनको भाइ अब्दुर्रहमानसँग तन्ईमतिर पठाए, अनि उनले हज्ज पश्चात उमरा गरिन्, किताबुल् हज्ज, बाबु एहरामिन्नुफसाअ्... वकजल् हाइज, हदीस नं. १२११)

त जब हज्ज सम्पन्न भयो त हजरत आइशाले एउटा उमरा गर्ने विन्ती गरिन् त्यस उमराको सट्टामा जसलाई हज्जे किरानमा बदलेका थिइन्, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनलाई यस्तो गर्ने अनुमति प्रदान गरे, र उनको भाइ अब्दुर्रहमान उनलाई तन्ईम लिएर गए, अनि त्यहाँबाट नीयत गरेर उनले उमरा गरिन् । यसर्थ कुनै महिलाको साथमा यस्तै घटना घट्छ जसरी हजरत आइशाको साथ घटेको थियो, र त्यो महिला उमरा गर्न चाहन्छे भने यस्तो अवस्थामा हामी भन्छौं कि: यस्तो अवस्थाबाट ग्रस्त भएकी महिलाले उमरा गर्नुमा कुनै आपत्ति छैन, किनकि हजरत आइशाले यस्तो

रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदेशले गरेका थिइन् ।

त यो घटना तपाईलाई यो बताउँछ कि सर्वसाधारणको लागि यस्तो गर्नु वैधानिक छैन, किनकि यदि यो वैधानिक कुरो हुन्थ्यो भने हजरत अब्दुर्रहमान जब आफ्नो बहिनी आइशाको साथमा हरमको सीमाबाट बाहिर निस्केका थिए त उहाँ पनि एहराम लगाएर आउँथे, र उमरा गरिहाल्थे, र यस्तो गर्नु उहाँ रजिअल्लाहो अन्होको लागि अति सरल थियो, तर यस्तो गर्नु वैधानिक नभएको कारणले नै उहाँले उमरा गर्नु भएन । जबकि उहाँ यो पनि सोच्न सक्थे कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसको अनुमति दिएका छन्, यसर्थ कदाचित यो वैधानिक छ। तर उहाँलाई पक्का र किटान विश्वास थियो कि यो वैधानिक कुरो होइन, र हजरत आइशाको कुरो बेग्लै छ ।

त कुराको सार यो कि: केही यस्ता हाजीहरू छन् जिनको पुन: मक्का आउनुको सम्भावना नहुनु झैं छ, र त्यसले अहिले हज्जे इफ्राद गरेको छ, त यस्तो अवस्थामा त्यो एउटा उमरा गर्न सक्छ जसद्वारा त्यो

आफूमाथि अनिवार्य भएको उमरालाई सम्पन्न गरोस्, किनकि एउटा उमरा गर्नु त्यसमाथि अनिवार्य छ विद्हरूको सही कथन अनुसार । त यस्तो अवस्थामा भएको मान्छे तन्ईम गएर वा कुनै अरु यस्तो स्थानमा गएर जुन हरमको सीमाभन्दा बाहिर होस् एहराम लगाएर आओस्, र तवाफ सई गरेर र आफ्नो कपाल फालेर उमरालाई सम्पन्न गरोस् ।

प्रश्नः (२३१) आदरणीय शैख ज्यू, जुन हाजी यो जान्दछ कि मक्काबाट गए पश्चात पुनः आउनु दुलर्भ छ त्यसको लागि यस समस्यामा उचित कुरो के हो ?

उत्तरः जस्तो कि हामीले पहिला नै वर्णन गऱ्यौं कि त्यो हज्ज सम्पन्न गरे पश्चात एउटा उमरा गरोस्, किनकि त्यो यस्तो आवश्यकताले गर्दा गरिहरेको छ ।

प्रश्नः (२३२) आदरणीय शैख ज्यू, तर के यो उचित छैन कि मान्छे हज्जे किरान अथवा हज्जे तमत्तुअ्

गरोस् ताकि यस्तो शंकास्पद र अवैधानिक कार्यबाट बाँचोस् ?

उत्तर: हो, उचित त यो नै छ, तर हामी त्यस व्यक्तिको बारेमा कुरा गरिहरेका छौं जसले हज्जे इफ्राद गरेको छ ।

## हज्जको एउटा थरीबाट अर्को थरीमा सर्नुको हुकुम

प्रश्न: (२३३) आदरणीय शैख ज्यू, एउटा हज्जको थरीबाट अर्कोमा सर्नुको के हुकुम छ ?

उत्तर: हज्जे किरानको वर्णनमा यो कुरो स्पष्ट गरिएको छ कि एक थरीबाट अर्कोमा सर्नु वा एकलाई अर्कोबाट परिवर्तित गर्नु सही छ । यसर्थ यदि मान्छे पहिला मात्र उमराको नीयतले एहराम लगाएको छ अनि तवाफ आरम्भ गर्नुभन्दा अघि नै हज्जलाई पनि त्यसैमा मिश्रित गरिहाल्छ अर्थात हज्जको पनि नीयत गरिहाल्छ त त्यो मात्र उमरा गर्नेवालाबाट हज्ज र उमरा गर्नेवाला भइहाल्छ । र यस्तै हज्जे इफ्राद वा हज्जे किरानको नीयत गरेको

मान्छे हज्जे तमत्तुअ्को नीयत गर्न सक्छ, अर्थात हज्जको नीयतलाई उमरामा परिणत गरेर तमत्तुअ् गर्न सक्छ, जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो साथीहरूलाई यस्तै गर्ने आदेश गरेका थिए जस जससित हज्जको बलिको जनावर थिएन । र नबी सल्लल्लाहो अलैहे वसल्लमले पनि हज्जे किरानको नीयत गरेका थिए तर उहाँ सल्लल्लाहो अलैहे वसल्लम र समृद्ध सहाबीहरू हज्जको बलिको जनावर साथै ल्याएका थिए, अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले तवाफ र सई सम्पन्न गरे पश्चात ती समस्त मानिसहरूलाई यसलाई उमरा मान्ने आदेश गरे जुन मानिसहरू हज्जको बलिको जनावर आफ्नो साथमा ल्याएका थिएनन्, अनि उनीहरू हज्जे इफ्राद र किरानबाट उमरा गर्नेवाला भइहाले । र यस्तो गर्नु मात्र त्यस व्यक्तिको लागि जायज छ जुन यस नीयतलाई उमरामा परिणत गर्छ यस कारण ताकि त्यो हज्जे तमत्तुअ् गरोस् । तर यदि कोही यसलाई उमरामा यस कारण परिणत गर्छ कि त्यो उमरा सम्पन्न गरेर एहरामको बन्देजबाट मुक्त भएर आफ्नो

घरपरिवारमा अर्थात आफ्नो नगरमा फर्कोस् त यस्तो गर्नु जायज छैन ।

## हज्जे तमत्तुअ्बाट हज्जे इफ्रादमा परिणत हुनु

प्रश्नः (२३४) आदरणीय शैख ज्यू, के हज्जे तमत्तुअ्को नीयत गरेको मान्छे यसलाई हज्जे इफ्रादसित बदलन सक्छ, परिणत गर्न सक्छ ?

उत्तरः हज्जे तमत्तुअबाट हज्जे इफ्रादमा परिणत हुनु नत जायज नै छ नत सम्भव नै छ, बरु इफ्रादबाट तमत्तुअमा परिणत हुनु जायज छ, र यो यसरी कि मान्छे मात्र हज्जको नीयतले एहराम लगाएको होस्, अनि यसलाई उमराको नीयतमा परिणत गरेर त्यो हज्जे तमत्तुअ् गर्नेवाला भइहाल्छ । र यस्तै हज्जे किरान गर्नेवाला पनि यसलाई उमरामा परिणत गरेर तमत्तुअ् गर्नेवाला भइहाल्छ त्यस मान्छे बाहेक जुन हज्जको बलिको जनावर साथै लिएर आएको होस् । र दुवै अवस्थामा यदि हज्जको बलिको जनावर ल्याएको छ भने यसलाई हज्जे तमत्तुअ्मा परिणत गर्नु जायज छैन, किनकि रसूल सल्लल्लाहो

अलैहे वसल्लमले ती मानिसहरू बाहेक जुन हज्जको बलिको जनावर ल्याएका थिए समस्तलाई यो आदेश गरेका थिए कि उनीहरू चाहे हज्जे किरानको नीयत गरेका होउन् वा इफ्रादको त्यसलाई उमरामा परिणत गरेर हज्जे तमत्तुअ् गर्नेवाला भइहालुन् ।

## हज्जे बदल गर्नुका हुकुम र विधिहरू

प्रश्नः (२३५) आदरणीय शैख ज्यू, यदि परिपूर्ण हज्जे बदलको विधि र हुकुमबारे पनि कुरा सम्झाइदिनु हुन्थ्यो भने अति राम्रो हुन्थ्यो ?

उत्तरः यदि मान्छे स्वयम् हज्ज गर्नुमा सामर्थ्यवान छ भने हज्जे बदल गराउनु जायज छैन, र अनिवार्य हज्ज र उमरा कसै अरुसित गराउनु जायज छैन, किनकि अनिवार्य कार्य मान्छेलाई स्वयम् गर्नुपर्छ ।

तर यदि मान्छे हज्ज गर्नुमा असमर्थ छ त यदि असमर्थताको कारण यस्तो छ जुन समाप्त हुनेवाला छ, अर्थात समाप्त हुने सम्भावना छ त त्यो तबसम्म प्रतिक्षा गरोस् जबसम्म त्यो असमर्थताको कारण समाप्त नभइहालोस्, अनि स्वयम् हज्ज

गरोस् । र यसको उदाहरण यो हो कि मान्छे हज्जको महिनामा विरामी होस् तर यो रोग यस्तो होस् जसको संचो हुने सम्भावना छ, र यस मान्छेले अनिवार्य हज्ज गरेको छैन । त हामी यस्तो मान्छेलाई भन्छौं कि तिमी तबसम्म प्रतिक्षा गर यहाँसम्म कि अल्लाह तपाईको रोगलाई संचो गरिदेओस् त यसै वर्ष वा आउनेवाला वर्षहरूमा हज्ज गरिहाल ।

र यदि त्यसको असमर्थताको कारण यस्तो छ जसको समाप्त हुने सम्भावना छैन जसरी वृद्धता कारण हो वा यस्तो रोग जसको संचो हुने सम्भावना छैन, त यस्तो मान्छे कुनै यस्तो मान्छेलाई आफ्नो हज्ज र उमरा गर्नुको लागि तयार गरोस् जुन त्यसको तर्फबाट त्यसको हज्ज र उमरा गरोस् । र यसको प्रमाण हो इब्ने अब्बासले वर्णन गरेको हदीस जसमा यो वर्णित छ कि:

"أن امرأة خثعمية سألت النبي صلى الله عليه وسلم فقالت : يا رسول الله ، إن أبي أدركته فريضة

الله على عباده في الحج ، شيخا كبير لا يثبت على الراحلة ، أفأحج عنه ؟ قال: (( نعم )) " أخرجه[1] البخاري، كتاب الحج، باب وجوب الحج وفضله، رقم (1513) ومسلم كتاب الحج، باب الحج عن العاجز، رقم(1334).

अर्थ : एउटी खुसउम गोत्रकी महिलाले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित प्रश्न गर्दै भनिः हे अल्लाहको रसूल ! अल्लाहले आफ्नो भक्तहरूमाथि अनिवार्य गरेको हज्ज मेरो बुवामाथि अनिवार्य भइसकेको छ, तर मेरो बुवा जीर्ण बुढो भइसकेका छन् जुन सवारीमाथि बस्न सक्दैनन् त के म उनको तर्फबाट हज्ज गर्न सक्दछु ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः हो, गर्न सक्छौ । ( बुखारी, किताबुल् हज्ज, बाबु वजूबिल् हज्जि वफजलेही, हदीस नं. १५१३ । र मुस्लिम, किताबुल् हज्ज, बाबुल् हज्जि अनिल् आजिज, हदीस नं. १३३४)

त यो हो अनिवार्य हज्जको बदल गर्ने हुकुम, कि यदि मान्छे आफै हज्ज गर्नुमा सूक्ष्म छ भने आफ्नो तर्फबाट कसै अरुसित हज्जे बदल गराउन् सही छैन । र यदि कुनै यस्तो कारणले हज्ज गर्नुबाट असमर्थ छ जुन समाप्त हुनेवाला छैन भने हज्जे बदल गराउन सक्छ । तर यदि यस्तो कारणले हज्ज गर्नुमा असमर्थ छ जुन समाप्त हुन्सक्छ त त्यो हज्जे बदल गराउन सक्दैन, बरु त्यो कारण समाप्त हुने प्रतिक्षा गर्छ यहाँसम्म कि अल्लाह त्यसलाई त्यसबाट मुक्त गरोस् अनि स्वयम् आफ्नो हज्ज गरोस् ।

र रह्यो नफिली हज्जको कुरो त यदि मान्छे यस्तो कारणले असमर्थ छ जसको समाप्त हुने सम्भावना छैन, त कोही भन्नेवाला यो भन्न सक्छ कि नफिली हज्जमा पनि मान्छे उस्तै आफ्नो तर्फबाट कसै अरुद्वारा हज्जे बदल गराउन सक्छ जसरी अनिवार्य हज्जमा गराउन सक्छ। र भन्नेवाला यो पनि भन्न सक्छ कि: अनिवार्य हज्जमाथि कियास गर्नु सही छैन, किनकि अनिवार्य हज्जमा कसैलाई आफ्नो नायब बनाएर हज्ज गराउनु यस्तो कार्य हो जसलाई

गर्नु आवश्यक छ, तर नफिली हज्ज यस्तो छैन, किनकि त्यो मान्छेमाथि अनिवार्य छैन, यसर्थ त्यसलाई गर्नु पनि अनिवार्य छैन । त यदि मान्छे स्वयम् सामर्थ्यवान छ भने स्वयम् त्यसलाई गरोस् र यदि स्वयम् सूक्ष्म छैन भने कसैबाट बदल नगराओस् ।

तर यदि स्वयम् हज्ज गर्नुमा सामर्थ्यवान छ भने कसैलाई आफ्नो नायब बनाई हज्ज गराउनु सही छैन, र यो नै इमाम अहमदको दुई कथनमध्ये एउटा कथन हो । र मेरो दृष्टिमा यो नै सत्यता निकट छ, किनकि हज्ज गर्नु अल्लाहको पूजा गर्नु हो जसद्वारा मान्छे आफ्नो प्रतिपालकको सामीप्यता प्राप्त गर्छ । यसर्थ कसैको लागि यो उचित छैन कि कसैसित भनोस् कि जाऊ मेरो तर्फबाट मेरो प्रतिपालकको पूजा गर, बरु हामी यस्तो मान्छेसित भन्छौं कि: तिमी स्वयम् आफ्नो हज्ज गर, किनकि तिमीसित कुनै यस्तो कारण छैन जुन तिमीलाई यसलाई गर्नुबाट बाध्य गरोस् । त यो नै हो परिपूर्ण बदले हज्जको हुकुम ।

# कसैको तर्फबाट हज्ज गर्ने नायबका शर्तहरू

**प्रश्न: (२३६) आदरणीय शैख ज्यू, हज्जे बदल गर्ने मान्छेको लागि के के शर्तहरू छन् ?**

उत्तर: बदले हज्ज गर्ने मान्छेको लागि प्रथम शर्त यो छ कि त्यो आफ्नो अनिवार्य हज्ज गरिसकेको होस् यदि त्यसमाथि हज्ज गर्नु अनिवार्य भइसकेको छ भने, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले एउटा मान्छेलाई यो भन्दै सुने कि: लब्बैक अन् शुब्रमा । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यससित सोधे यो शुब्रमा को हो ? त त्यस मान्छेले भन्यो: त्यो मेरो भाइ हो वा मेरो निकट्तम आफन्ती हो । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: के तिमीले आफ्नो हज्ज गऱ्यौ ? त त्यसले भन्यो: मैले आफ्नो हज्ज गरेको छैन । त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: पहिला आफ्नो हज्ज गर अनि शुब्रमाको हज्ज गर्नु

।□ र यस कारण पनि किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि: “आफूबाट आरम्भ गर ।” र यस कारण पनि किनकि यो बुद्धिमानी होइन कि मान्छे आफूमाथि अनिवार्य हज्जलाई नगरिकन् कसै अरुको लागि हज्ज गरोस् ।

र विद्हरूको यो पनि भनाई छ कि यदि मान्छेमाथि हज्ज अनिवार्य छ अनि त्यसले आफ्नो अनिवार्य हज्ज नगरिकन् कसै अरुको तर्फबाट हज्ज गरेको खण्डमा त्यो हज्ज त्यसै गर्नेवाला मान्छेको तर्फबाट भइहाल्छ । अर्थात जसको तर्फबाट गरेको छ त्यसको तर्फबाट त्यो हज्ज नभइकन् त्यसै गर्ने मान्छेको तर्फबाट भइहाल्छ । यसर्थ हज्ज गर्नुको लागि जति माल लिएको छ त्यसलाई चाहियो कि त्यस बदल गराउने मान्छेलाई फिर्ता गरोस्, किनकि त्यसको हज्ज त भएन ।

र रह्यो बाँकी शर्तहरू त ती प्रसिद्ध नै छन् जसबारे अघि नै कुरा गरेका छौं, जसरी मुसलमान हुनु,

---

□ अबू दाऊद, किताबुल् हज्ज, बाबुर्रजुले यहुज्जु अन् गैरेही, हदीस नं. १८११ । र इब्ने माजा, किताबुल् मनासिक, बाबुल् हज्जे अनिल् मैयित, हदीस नं. २९०३ । र बैहकी (४/३३६) ।

बुद्धिमान हुनु, र ती समस्त शर्तहरूको हुनु जुनकि प्रत्येक पूजाको अनिवार्य हुने शर्तमध्येको हुन्छ ।

## पैसा लिएर हज्ज गर्नु र नीयत मात्र पैसा एकत्रित गर्नु होस्

**प्रश्न: (२३७) आदरणीय शैख ज्यू, त्यस मान्छेको के हुकुम छ जुन पैसा लिएर हज्ज गर्छ तर त्यसको नीयत मात्र पैसा एकत्रित गर्नु छ ?**

उत्तर: विद्‌हरूको भनाई छ कि: यदि कुनै मान्छेले मात्र सांसारिक लाभ र पैसाको लागि हज्ज गर्छ भने यस्तो गर्नु त्यसको लागि हराम छ, र त्यसको लागि यो जायज छैन कि परलौकिक कार्यद्वारा संसारिक कुराहरू प्राप्त गर्ने माध्यम बनाओस्, किनकि अल्लाहको फर्मान छ:

﴿ مَن كَانَ يُرِيدُ ٱلۡحَيَوٰةَ ٱلدُّنۡيَا وَزِينَتَهَا نُوَفِّ إِلَيۡهِمۡ
أَعۡمَٰلَهُمۡ فِيهَا وَهُمۡ فِيهَا لَا يُبۡخَسُونَ ١٥ أُوْلَٰٓئِكَ ٱلَّذِينَ لَيۡسَ

﴿ لَهُمْ فِي ٱلْءَاخِرَةِ إِلَّا ٱلنَّارُۖ وَحَبِطَ مَا صَنَعُواْ فِيهَا
وَبَٰطِلٞ مَّا كَانُواْ يَعْمَلُونَ ١٦ ﴾ هود: ١٥ - ١٦

अर्थ : जुन मानिसहरूले सांसारिक जीवन र यसका आकर्षक कुराहरूको लागि मरिमेटछन् हामीले उनीहरूको सबै कर्महरूको प्रतिफल तिनीहरूलाई संसारमा नै दिन्छौ र यसमा हामीले कुनै कमी गर्दैनौ । यिनै ती मानिसहरू हुन् जसका निम्ति परलोकमा नर्कको आगो बाहेक अरु केही छैन, र जुन कर्म तिनीहरूले संसारमा गरे सबै बर्बाद र जेजति तिनीहरूले गर्दै गरे सबै निरर्थक हुनेवाला छन् । (सूरतु हूद १५, १६)

र शैखुल् इस्लाम इब्ने तैमियाको भनाई छः जसले केही लिने उद्देश्यले हज्ज गर्छ त त्यसको परलोकमा कुनै अंश छैन, तर यदि त्यसले यस कारण लिन्छ कि त्यसद्वारा हज्ज गर्नुमा सहायता प्राप्त होस् भने यस्तो गर्नुमा कुनै आपत्ति छैन । यसर्थ मान्छेलाई यस कुरामा ध्यान दिनु पर्छ, र यसबाट सावधान रहनु पर्छ कि त्यसको बदले हज्ज गर्ने प्रथम उद्देश्य

पैसा लिनु होस् त यस्तो मान्छेले गरेको हज्जको बारेमा यो शंका पनि उत्पन्न हुन्छ कि कदाचित यस्तो मान्छेले गरेको हज्ज कबूल हुँदैन, त यस्तो अवस्थामा त्यसलाई अनिवार्य छ कि जुन पैसा बदल गराउने मान्छेबाट लिएको छ त्यसलाई फिर्ता गरिहालोस् । तर यदि मान्छेले यस कारण पैसा लिएको छ कि त्यो हज्ज गर्नुमा त्यसको सहायक होस्, र त्यसको नीयत बदल गराउने मान्छेको आवश्यकता पूर्ण गर्नु होस्, र त्यसद्वारा अल्लाहको घर निकट त्यसको पूजा गरेर त्यसको सामीप्यता प्राप्त गर्न मनसाय होस् भने त्यसले माल लिनुमा कुनै आपत्ति छैन ।

# जब मान्छे कसै अरुको तर्फबाट हज्ज गर्छ त के त्यसलाई पनि केही कार्यको पुण्य मिल्छ

प्रश्न: (२३८) आदरणीय शैख ज्यू, जब मान्छे सही नीयतले बदल गरेको होस् त के हज्जका केही कार्यहरूको पुण्य त्यसलाई पनि मिल्छ ?

उत्तर: हो, मिल्छ किनकि बदल गर्ने मान्छेमाथि यो अनिवार्य हुन्छ कि हज्जका आधार, अनिवार्य कार्य, सुन्नतहरूलाई परिपूर्ण तरिकाले गरोस्, त जुन दुआ गुणगान आदि त्यो हज्जसित सम्बन्धित रहेको छ जसलाई त्यो गर्छ त त्यसको पुण्य त्यसलाई मिल्छ जसको लागि त्यो हज्ज गरिरहेको छ । र जुन दुआ आदि त्यस बाहेक गर्छ त्यसको पुण्य त्यसलाई मिल्छ अर्थात हज्ज गर्ने मान्छेलाई मिल्छ ।

# हज्जको आंशिक बदल गर्नुको अर्थ

**प्रश्नः (२३९) आदरणीय शैख ज्यू, हज्जमा आंशिक बदल (नियाबत) गर्नुको बारेमा पनि ज्ञान गरइदिएमा अति राम्रो हुथ्यो ?**

उत्तरः हज्जमा आंशिक नियाबत गर्नुको अर्थ हो किः मान्छे कसैलाई हज्जका केही कार्य गर्नुको लागि वकील बनाओस् जसरी कि कसैलाई आफ्नो तवाफ गर्नुको वकील बनाओस् वा कसैलाई आफ्नो सई गर्नुको वकील र नायब बनाओस्, वा कंकरी हान्नुको लागि कसैलाई नायब बनाओस् ... आदि । र यस विषयमा सही कुरो यो नै हो कि मान्छेको लागि यो जायज छैन कि आफ्नो हज्ज उमराको कुनै कार्यमा कसैलाई आफ्नो नायब बनाएर त्यसलाई गरोओस्, चाहे त्यो अनिवार्य हज्ज उमरा होस् वा नफिली, किनकि जब मान्छे हज्ज अथवा उमराको एहराम लगाइहाल्छ त त्यो नफिली हज्जका कार्यलाई गर्नु पनि अनिवार्य भइहाल्छ, किनकि अल्लाहको फर्मान छः

﴿ ٱلۡحَجُّ أَشۡهُرٞ مَّعۡلُومَٰتٞۚ فَمَن فَرَضَ فِيهِنَّ ٱلۡحَجَّ فَلَا
رَفَثَ وَلَا فُسُوقَ وَلَا جِدَالَ فِي ٱلۡحَجِّۗ ﴾ البقرة: ١٩٧

अर्थ : हजका महीनाहरू निर्धारित छन् । तसर्थ यदि कुनै मानिसले यी महिनाहरूमा हजको नीयत गरिसकेको छ, भने उसले (हजका दिनहरूमा) स्वास्नीहरूसँग सहवास नगरोस् र न कुनै नराम्रो काम गरोस् र न कुनै मानिससँग झगडा गरोस् । ( सूरतुल् बकर: १९७)

र यो श्लोक हज्ज अनिवार्य हुनुभन्दा अघि नै उदभाषित भएको थियो, अर्थात अल्लाहको यस फर्मानभन्दा अघि नै अवतरित भएको थियो:

﴿ وَلِلَّهِ عَلَى ٱلنَّاسِ حِجُّ ٱلۡبَيۡتِ مَنِ ٱسۡتَطَاعَ إِلَيۡهِ سَبِيلٗاۚ
وَمَن كَفَرَ فَإِنَّ ٱللَّهَ غَنِيٌّ عَنِ ٱلۡعَٰلَمِينَ ٩٧ ﴾ آل عمران:
٩٧

अर्थ : मानिसहरूमाथि अल्लाहको हक छ कि जसले त्यस घरसम्म पुग्ने सामर्थ्य राख्दछ, त्यसले हज ( धार्मिक यात्रा) गरोस् । कसैले यदि यस आदेशको पालना गर्दैन भने अल्लाह पनि उस सित बरु पूर्ण संसारबाट निस्पृह छ । (सूरतु आले इम्रान ९७)

यसर्थ यो यस कुरामाथि प्रमाणीकरण गर्छ कि हज्ज र उमराको नीयतले एहराम लगाए पश्चात यो मान्छेमाथि अनिवार्य भइहाल्छ ।

र यो श्लोक पनि यस कुरामा प्रमाणीकरण गरिरहेको छ कि जब मान्छे त्यसलाई आरम्भ गरिदेओस् त त्यो त्यसमाथि अनिवार्य भइहाल्छ यद्यापि त्यो पहिलादेखि त्यसमाथि अनिवार्य नरहेको होस्:

﴿ ثُمَّ لۡيَقۡضُواْ تَفَثَهُمۡ وَلۡيُوفُواْ نُذُورَهُمۡ وَلۡيَطَّوَّفُواْ بِٱلۡبَيۡتِ ٱلۡعَتِيقِ ٢٩ ﴾ الحج: ٢٩

अर्थ : फेरि उनीहरूलाई आवश्यक छ कि आफ्ना फोहोर-मैला खतम पारुन् (कपाल इत्यादि सफा

**गरुन्) र आफ्नो कबोल गरेका कुराहरू (मन्नतहरू) पूरा गरुन् र अल्लाहको यस पूरातन घरको तवाफ (परिक्रमा) गरुन् ।** (सूरतुल् हज्ज २९)

त यो श्लोक यस कुरामाथि प्रमाणीकरण गरिरहेको छ कि जब मान्छे हज्जलाई आरम्भ गरिदिन्छ त त्यो त्यसको हकमा भाकल सरह भइहाल्छ, जसलेगर्दा मान्छेलाई यो जायज छैन कि हज्ज र उमराका कार्यहरूमध्ये कुनै कार्यमा कसैलाई वकील बनाओस् । र मलाई यो थाहा छैन कि सुन्नतमा यस्तो प्रमाणित होस् कि सहाबाहरू हज्जका कार्यहरूमध्ये कुनै कार्यलाई गर्नुको लागि कसैलाई नायब बनाउँथे, यस कुरा बाहेक कि उनीहरू बच्चाहरूको तर्फबाट कंकरी हान्थे, र यस कुरामाथि अर्थात वकील बनाउने कुरामाथि यो हदीस प्रमाणीकरण गर्छ कि जब हजरत उम्मे सलमा रजिअल्लाहो अन्हा मक्काबाट जाने मन बनाइन त रसूल सल्लल्लाहो अलैहे वसल्लमसित भनिन्: हे अल्लाहका रसूल म यहाँबाट नस्किन चाहन्छु तर म विरामी पनि छु, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"طوفي من وراء الناس وأنت راكبة" ) أخرجه البخاري، كتاب الحج، باب طواف النساء مع الرجال ، رقم (1619) ومسلم، كتاب الحج، باب جواز الطواف على بعير وغيره، رقم (1276).

अर्थ : मान्छेहरूको वछाडि पट्टीबाट सवारीमा सवार भएर तवाफ गर । (बुखारी किताबुल् हज्ज, बाबु तवाफिन्नेसाए मअर्रेजाल, हदीस नं. १६१९ । र मुस्लिम, किताबुल् हज्ज, बाबु जवाजित्तवाफे अला बईरिन् वगैरेही, हदीस नं. १२७६)

त यो यस कुरामा प्रमाणीकरण गर्छ कि हज्जको कुनै कार्यमा वकील बनाउनु जायज छैन ।

# कंकरी हान्नुमा वकील बनाउने कुरालाई हज्जका अन्य कार्यमा वकील बनाउने कुरामा आधार बनाउनु

प्रश्न: (२४०) आदरणीय शैख ज्यू, तपाईले वर्णन गर्नु भयो कि हज्जका अंशिक कार्यहरू जसरी तवाफ, सई, वकूफ, र कंकरी हान्नुमा वकील बनाउनु जायज छैन, त यदि कंकरी हान्नुमा वकील बनाउनु जायज भयो भने त्यसैलाई आधार मानेर अरु कार्यहरूमा पनि वकील बनाउन सकिन्छ ?

उत्तर: होइन, हामीले उदाहरणको लागि तवाफ सई र वकूफलाई वर्णन गरेका छौं नकि त्यसको हुकुम वर्णन गर्नुको लागि कि यसमा नायब बनाउनु जायज छ । र यसै कारण हामीले भनेका छौं कि हामीलाई सुन्नतमा यस कुराको कुनै प्रमाण भेटिएको छैन कि हज्जको कुनै कार्यमा वकील बनाइएको होस् यस बाहेक कि सहाबाहरू मात्र बच्चाहरूको तर्फबाट कंकरी हानिदिन्थे । र हामीले यो पनि भनेका छौं कि जब मान्छेले हज्ज अथवा उमराको एहराम लगायो त त्यो त्यसमाथि अनिवार्य

भयो जसलाई त्यसले आफै आफूमाथि अनिवार्य गरेको छ । त यसै कारण हज्ज र उमराको कुनै कार्यमा कसै अरुलाई वकील बनाउनु जायज छैन चाहे त्यो हज्ज र उमरा अनिवार्यवाला होस् वा नफिली । हाँ मात्र कंकरी हान्नुमा वकील बनाउन सकिन्छ बच्चाहरूको बारेमा यस विषयमा प्रमाण भएको कारण । यसर्थ बच्चाहरू र जुन वृद्ध भइसकेका छन् वा विरामी भएको कारण कंकरी हान्नुमा सूक्ष्म छैनन् त उनीको कंकरी हान्नु जायज र सही छ ।

प्रश्नः (२४१) आदरणीय शैख ज्यू, जब कंकरी हान्नुमा वकील बनाउनु जायज छ त के वकील बनाउने मान्छे र वकील बन्ने मान्छेको लागि केही शर्तहरू छन् ?

उत्तरः हो छ, वकील बनाउने मान्छेको लागि यो शर्त छ कि त्यो रात्री वा दिन दुवै समयमा स्वयम् कंकरी हान्नुमा सूक्ष्म नहोस् । र रह्यो जुन वकील बनेको छ त त्यसको लागि शर्त यो छ कि वकील बनेको मान्छे पनि यसै वर्ष हज्ज गरिरहेको होस् र

आफ्नो कंकरी मारे पश्चात नै त्यसको कंकरी हानोस् ।

## जुन व्यक्ति हज्ज पूर्ण र सम्पन्न गर्नुबाट असमर्थ भइहालोस् त त्यो के गरोस् ?

प्रश्न: (२४२) आदरणीय शैख ज्यू, जब हाजी हज्ज पूर्ण र सम्पन्न गर्नुबाट असमर्थ भइहालोस् त त्यो के गरोस् ?

उत्तर: जब हाजी हज्ज पूर्ण गर्नुबाट असमर्थ भइहाल्छ त यो दुई अवस्थाबाट रिक्त हुँदैन: याता यो असमर्थता कुनै शत्रुको कारण हुन्छ जुन त्यसलाई बैतुल्लाहसम्म पुग्नुबाट रोकिदिन्छ, जसरी कि नबी सल्लल्लाहो अलैहे वसल्लमलाई बहुदेववादीहरूले हुदैबियाको साल रोकिदिएका थिए। त यस्तो अवस्थामा त्यो आफ्नो बलिको जनावरलाई बलि गरेर आफ्नो कपाललाई खौराएर हलाल भइहालोस् अर्थात एहरामलाई फुकालिहालोस्, किनकि अल्लाहको फर्मान छ:

﴿ فَإِنْ أُحْصِرْتُمْ فَمَا ٱسْتَيْسَرَ مِنَ ٱلْهَدْيِ ۖ وَلَا تَحْلِقُوا۟ رُءُوسَكُمْ حَتَّىٰ يَبْلُغَ ٱلْهَدْىُ مَحِلَّهُۥ ﴾ البقرة: ١٩٦

अर्थ : हो, यदि तिमीहरूलाई रोकिहालियोस् तब जस्तो किसिमको बलि गर्न सक्छौ, गरिहाल । र जबसम्म बलि आफ्नो ठाउँमा पुग्दैन, तबसम्म आफ्नो कपाल नफाल... । (सूरतुल् बकर: १९६)

र नबी सल्लल्लाहो अलैहे वसल्लमले हुदैबियाको साल आफ्नो साथीहरूलाई कपाल खौराउने आदेश गरेका थिए तर जब उनीहरूले यसमा शंका संकोच गरे यस आशाको साथ कि यो हुकुम स्थगित गरियोस् वा कुनै अन्य कारणले रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदेश पालनामा विलम्ब गरे, त रसूल सल्लल्लाहो अलैहे वसल्लम यस कुराबाट दुखी भए यहाँसम्म कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमकी कुनै स्वास्नीले उहाँलाई यो परामर्श दिइन् कि: तपाई स्वयम् आफ्नो कपाल खौराएर उनीहरू समक्ष जानुस् अनि उनीहरू पनि यस्तै गर्ने छन् । अनि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले

यसरी गरे त समस्त मान्छे अआफ्ना कपाल खौराउन थाले र एहरामबाट हलाल हुन्थाले । त यस्तो अवस्थामा त्यसमाथि यस हज्जको कजा गर्नु आवश्यक छैन, जबकि त्यो अनिवार्य हज्ज गरिसकेको होस् । र यदि आफ्नो अनिवार्य हज्ज गरेको छैन भने त्यसमाथि अनिवार्य भएको हज्ज गर्नु अहिले पनि अनिवार्य नै रहन्छ, तर यस हज्जको कजा गर्नु अनिवार्य छैन । त यो यस्तो अवस्थाको वर्णन हो जब मान्छेलाई कुनै शत्रुले रोकेको होस् ।

र यदि असमर्थता शत्रुले रोके बाहेकले होस् जसरी कि त्यसको सरसामान हरायो वा त्यो निकै विरामी भयो, त यस्तो अवस्थामा त्यो आफ्नो एहरामबाट मुक्त भइहालोस् बलिको जनावरलाई बलि गरेर र कपाल खौराएर । याता शत्रुले रोकेको कुरामाथि कियास गरेर वा अल्लाहको यस कथनको तहत सामान्यता शामेल हुनुको कारण:

﴿ فَإِنۡ أُحۡصِرۡتُمۡ فَمَا ٱسۡتَيۡسَرَ مِنَ ٱلۡهَدۡيِۖ وَلَا تَحۡلِقُواْ رُءُوسَكُمۡ حَتَّىٰ يَبۡلُغَ ٱلۡهَدۡيُ مَحِلَّهُۥ ﴾ البقرة: ١٩٦

अर्थ : हो, यदि तिमीहरूलाई रोकिहालियोस् तब जस्तो किसिमको बलि गर्न सक्छौ, गरिहाल। जबसम्म बलि आफ्नो ठाउँमा पुग्दैन, तबसम्म आफ्नो कपाल नफाल... । (सूरतुल् बकर: १९६)

त यो असमर्थता समस्तलाई शामेल छ र रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा मात्र शत्रुले रोकेको कारण असमर्थता घटित भएको थियो, त यसले यो कुरो बोध हुँदैन कि त्यस बाहेकको असमर्थता त्यसमा शामेल हुँदैन ।

यसर्थ यदि मान्छे शत्रुद्वारा रोकिएको छैन बरु विरामी भएको छ, वा त्यसको सरसामान हराएको कारण वा यसै जस्तो कुनै अरु कारणलेगर्दा हज्ज पूर्ण गर्नुमा असमर्थ भएको छ भने यस विषयमा ( राजेह) सही कथन यो नै हो कि त्यो आफ्नो बलिको जनावरलाई बलि गरेर कपाल खौराओस् अनि एहरामबाट हलाल भइहालोस्, र यस हज्जको कजा गर्नु त्यसमाथि अनिवार्य छैन, यस अवस्था बाहेक कि त्यो अनिवार्य हज्ज नगरेको होस्, त त्यसको कजा नगरिकन् पुन: नौलो हज्ज गरोस् । र यो यस अवस्थाको वर्णन हो जब त्यसले एहराम

लगाउँदा कुनै शर्त नलगाएको होस्, अर्थात यो नभनेको होस् किः "यदि मलाई कुनै कुराले हज्ज पूर्ण गर्नुबाट बाध्य गरिदियो त म त्यतै एहरामबाट मुक्त भइहाल्छु जता मलाई बाधित गरिन्छ ।" त यदि त्यसले यस्तो कुनै शर्त लगाएको छ भने त्यो आफ्नो एहरामबाट मुक्त भइहाल्छ र त्यसलाई शेष केही गर्नु पर्दैन, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत जिबाअह बिन्ते जुबैरसित भन्नु भएको थियो जब उनी बिरामी भएको अवस्थामा हज्ज गर्ने इच्छुक थिइन् किः

"حجي واشترطي ، وقولي: اللّٰهُمَّ ، محلي حيث حبستني" (أخرجه البخاري، كتاب النكاح، باب الأكفاء في الدين، رقم (5089) ومسلم، كتاب الحج، باب جواز اشتراط المحرم التحلل بعذر المرض ونحوه، رقم (1207)

अर्थ : तिमी हज्ज गर र यो शर्त लगाऊ, र यो भन किः हे अल्लाह म त्यतै हलाल भइहाल्छु जता मलाई यो (बिरामी) बाधित गरिदिन्छ । (बुखारी, किताबुन्निकाह, बाबुल् इक्फाइ फिद्दीन, हदीस नं.

५०८९ । र मुस्लिम, किताबुल् हज्ज, बाबु जवाजे इश्तेरातिल् मुहरिमित्तहल्लुला बिउज्रिल् मरजि वनहवहू, हदीस नं. १२०७)

## त्यस व्यक्तिको हुकुम जुन हज्जगर्दा एहरामको अवस्थामै मरोस्

प्रश्नः (२४३) आदरणीय शैख ज्यू, अहिले हामीले यस्तो बाधितको बारे कुरा गर्‍यौं जुन हज्ज पूर्ण गर्नुबाट असमर्थ भइहालोस्, तर यदि हाजीको हज्जगर्दा एहरामको अवस्थामा नै मृत्यु भइहालोस् त त्यसको के हुकुम छ ?

उत्तरः जब हाजी हज्ज गर्ने क्रममा हज्जको बीचमा नै मरिहालोस् त केही विद्हरूको कथन छ किः यदि यो हज्ज अनिवार्य हज्ज होस् भने हज्जका जति कार्यहरू बाँकी छन् त्यसलाई पूर्ण गरिन्छ । र केही विद्हरूको भनाई छ किः जुन कार्यहरू बाँकी छन् त्यसको कजा गर्नु पर्दैन अर्थात त्यसलाई पूर्ण गर्नु पर्दैन । र यो कथन नै सही कथन हो । र यसको प्रमाण इब्ने अब्बासले वर्णन गरेको त्यो हदीस हो जसमा त्यस मान्छेको कथनलाई वर्णन गरेका छन्

जसलाई त्यसको ऊँट्नीले अरफातमा उभेको समयमा गिराएर थिचेर मारेको थियो, त त्यसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो:

"اغسلوه بماء وسدر، وكفنوه في ثوبيه، ولا تخمروا رأسه، ولا تحنطوه؛ فإنه يبعث يوم القيامة ملبياً"

(أخرجه البخاري، كتاب الجنائز ، باب الكفن في ثوبين، (1265) ومسلم ، كتاب الحج، باب ما يفعل بالمحرم إذا مات، ( رقم) (1206)

अर्थ : यसलाई बयर र वानीले स्नान गराऊ, र यसलाई त्यसका यिनै दुई कपडामा कफ्नाउनु, ( अर्थात एहरामका दुवै कपडामा) र यसको टाउकोलाई नछोप्नु, र नत यसलाई सुगन्ध नै लगाउनु, किनकि यो प्रलयको दिन तल्बिया भनिरहेको अवस्थामा उठाइनेछ। (बुखारी, किताबुल् जनाइज, बाबुल् कफने फि सौबैन, हदीस नं. १२६५

। र मुस्लिम, किताबुल् हज्ज, बाबु मा युफ्अ्लु बिल् मुहरिमि इजा मात, हदीस नं.१२०६)

त रसूल सल्लल्लाहो अलैहे वसल्लमले कसैलाई त्यसको हज्जको बाँकी कार्यलाई गर्ने आदेश दिएनन् । र यदि हामी कसैलाई त्यसको बाँकी कार्यलाई गर्नुको नायब नियुक्त गरिदिन्छौं भने त्यो त्यसको हज्जको लागि एहराम लगाउँछ, अनि त्यो मरेको व्यक्ति प्रलयको दिन तल्बिया भन्दै उठदैन, किनकि त्यसको नायबले त्यसको एहराम लगाएर त्यसको बाँकी कार्य पूर्ण गरिसकेको छ ।

र कुरोको सार यो कि यदि कुनै मान्छे हज्जगर्दा बीचमै मर्छ भने त्यसको हज्जका बाँकी कार्यको कजा गर्नु पर्दैन, चाहे यो हज्ज अनिवार्य हज्ज रहेको होस् वा नफिली ।

**प्रश्न: (२४४) आदरणीय शैख ज्यू, के यो हुकुम ठूलो जमरहलाई कंकरी हान्नुभन्दा पहिलाको समयसित संलग्न छ वा समस्त हज्जको लागि यो हुकुम शामेल छ ?**

उत्तर: यो हुकुम समस्त हज्जलाई शामेल छ, अर्थात चाहे त्यसको मृत्यु पहिलो तहल्लुलभन्दा अघि नै भएको होस् वा त्यसभन्दा पछि, त्यसको तर्फबाट बाँकी हज्जका कार्यहरूलाई पूर्ण गरिन्न कजा गरिन्न ।

## शर्त लगाउनुको तरिका

प्रश्न: (२४५) आदरणीय शैख ज्यू, तपाईले शर्त लगाउनेबारे कुरा गर्नु भयो तर हामी यो जान्न चाहन्छौं कि शर्त लगाउनुको हुकुम के हो र त्यसको तरिका के हो ?

उत्तर: यसको हुकुमभन्दा पहिला शर्त लगाउने तरिका वर्णन गर्दछु, किनकि कुनै कुरामाथि हुकुम लगाउनु त्यसको कल्पना गर्नुमध्येकै कुरो हो ।

शर्त लगाउनुको तरिका: जब मान्छे एहराम लगाउने इच्छा गरोस् त भनोस्: “यदि मलाई कुनै कुराले बाध्य गरिदियो त म त्यतै एहरामबाट मुक्त भइहाल्छु जता मलाई बाधित गरिन्छ” । अर्थात जब कुनै कुराले मलाई यो कार्य गर्नुबाट (हज्ज अथवा

उमरा गर्नुबाट) रोक्दछ भने म त्यतै एहरामबाट मुक्त भइहाल्छु जता त्यो मलाई यसबाट रोक्दछ । त यो शर्त समस्त बाधक कुरालाई शामेल छ किनकि शर्तमा कुनै बाधकलाई विशिष्ट गरिएको छैन । त यस शर्तको  लाभ यो हो कि यदि वास्तवमा त्यसलाई कुनै कुराले हज्ज र उमरा गर्नुबाट रोक्यो भने त्यो एहरामबाट मुक्त भइहाल्छ र त्यसमाथि कुनै दण्ड जरिवाना पर्दैन ।

र शर्त लगाउने कुराको हकुमको बारेमा विद्हरूको मतभेद छः त केही विद्हरूको भनाई छ किः शर्त लगाउनु सुन्नत हो । अर्थात एहराम लगाउने मान्छे यस कुरामा स्वतन्त्र छ कि चाहे त्यसलाई कुनै कुराको भय होस् वा नहोस् त्यो शर्त लगाउन सक्छ, किनकि यसबाट त्यसलाई लाभ पुग्नेछ, किनकि मान्छेलाई यो थाहा हुँदैन कि त्यसको साथमा के घटित हुनेवाला छ ।

र केही विद्हरूको यो भनाई छ किः शर्त लगाउनु मात्र भयको अवस्थामा सुन्नत छ, तर यदि कुनै प्रकारको भय छैन भने मान्छे शर्त नलगाओस् । र

केही विद्हरू त शर्त लगाउनुको पूर्णतया इन्कारी नै छन् ।

तर यस विषयमा सत्य कुरो माध्य कुरो नै हो र त्यो यो हो कि जब मान्छेलाई कुनै यस्तो कुराको भय होस् जुन त्यसको हज्जमा बाधा उत्पन्न गर्न सक्छ चाहे त्यो कुरो कुनै विशिष्ट कुरो होस् वा सामान्य, त यस्तो अवस्थामा त्यो शर्त लगाओस् । र यदि त्यसलाई कुनै कुराको भय छैन भने शर्त नलगाओस् । त यस्तो गर्नाले समस्त प्रमाणहरूलाई कार्यन्वित गर्न सकिन्छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले हज्जगर्दा शर्त लगाएका थिएनन्, र हजरत जिबाअह बिन्ते जुबैरले जब हज्ज गर्ने इच्छुक थिइन् र उनलाई विरामी पनि लागेको थियो र यस विरामीको कारण नै उनलाई यो भय थियो कि कदाचित यो विरामी उनको हज्ज पूर्ण गर्नुमा बाधक भइहाल्छ त उनलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो परामर्श दिएका थिए कि उनी शर्त लगाइहालुन् ।

यसर्थ हाम्रो भनाई यो छ कि जुन मान्छेलाई कुनै प्रकारको भय होस् कि त्यसलेगर्दा कदाचित त्यसको

हज्ज गर्ने कार्यमा बाधा आउन सक्छ भने त्यो शर्त लगाइहालोस् जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले जिबाअह बिन्ते जुबैरलाई परामर्श दिएका थिए । र यदि कुनै कुराको भय छैन भने रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्दै शर्त नलगाओस् किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले एहराम लगाउँदा शर्त लगाएका थिएनन् ।

## शर्तको शब्द

**प्रश्न: (२४६) आदरणीय शैख ज्यू, के शर्त लगाउनुको लागि मान्छे तिनै शब्दको प्रयोग गरोस् जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा प्रमाणित छन् वा त्यसै अर्थलाई जनाउने कुनै पनि शब्दलाई प्रयोग गर्न सकिन्छ ?**

उत्तर: मान्छेको लागि यो आवश्यक छैन कि त्यसै शब्दद्वारा शर्त लगाओस् जुन हदीसमा आएको छ, किनकि यो यस्तो कुरो होइन जसमा शब्दद्वारा पूजा गरिन्छ, र जुन कुरामा शब्दद्वारा पूजा गरिन्न

त्यसमा त्यसको अर्थलाई दर्शाउने कुनै शब्दलाई प्रयोग गरेमा पुग्छ ।

## एहरामका निषेधित कुराहरू

प्रश्नः (२४७) आदरणीय शैख ज्यू, एहरामका निषेधित कुराहरू के के हुन् ?

उत्तरः यसको अर्थ यो हो कि जुन कुराहरू एहराम लगाउनुको कारणले वर्जित भइहाल्छन्, र यसै कारण वर्जित कुराहरू दुई थरीका छन्:

एउटा त्यो थरी जुन एहरामको अवस्थामा र एहराम नलगाएको सामान्य अवस्थामा पनि हराम (वर्जित) हुन्छन्, र यसैतर्फ अल्लाहले आफ्नो यस कथनद्वारा संकेत गरेको छः

﴿ فَمَن فَرَضَ فِيهِنَّ ٱلۡحَجَّ فَلَا رَفَثَ وَلَا فُسُوقَ وَلَا جِدَالَ فِي ٱلۡحَجِّۗ ﴾ البقرة: ١٩٧

अर्थ : यदि कुनै मानिसले यी महिनाहरूमा हजको नीयत गरिसकेको छ, भने उसले (हजका

दिनहरूमा) स्वास्नीहरूसँग सहवास नगरोस् र न कुनै नराम्रो काम गरोस् र न कुनै मानिससँग झगडा गरोस्।(सूरतुल् बकर: १९७)

यसर्थ " (فسق) फिस्क" आम शब्द हो जसमा एहरामका निषेधित कार्यहरू र त्यस बाहेकका निषेधित कुराहरू पनि समाविष्ट छन्।

र अर्को थरी ती कार्यहरूको हो जुन एहराम लगाउने कारण निषेधित भइहाल्छन्, अर्थात यस्ता कुराहरू जुन आम अवस्थामा जायज हुन्छन् तर मात्र एहराम लगाएको अवस्थामा नै निषेधित हुन्छन्। त एहरामका निषेधित कार्यहरूमध्ये सम्भोग गर्नु हो, र यो एहरामको सर्वोत्कृष्ट निषेधित कुरामध्येको हो पाप र प्रभावको दृष्टिले। र यसको प्रमाण हो अल्लाहको यो कथन:

﴿ فَمَن فَرَضَ فِيهِنَّ ٱلۡحَجَّ فَلَا رَفَثَ وَلَا فُسُوقَ وَلَا جِدَالَ فِي ٱلۡحَجِّۗ ﴾ البقرة: ١٩٧

अर्थ : यदि कुनै मानिसले यी महिनाहरूमा हजको नीयत गरिसकेको छ, भने उसले (हजका दिनहरूमा) स्वास्नीहरूसँग सहवास नगरोस् र न कुनै नराम्रो काम गरोस् र न कुनै मानिससँग झगडा गरोस् ।(सूरतुल् बकर: १९७)

त अरबीको शब्द (رفث) रफसको अर्थ हो सम्भोग गर्नु र त्यसका आरम्भिक कार्यहरू गर्नु, त यदि मान्छेले पहिलो तहल्लुलभन्दा अघि नै सम्भोग गर्‍यो भने त्यसमाथि निम्नका पाँच कुराहरू अनिवार्य भइहाल्छन्:

(१) त्यसलाई पाप लाग्दछ ।

(२) त्यसको यो हज्ज भंग भइहाल्छ ।

(३) तर त्यसलाई पूर्ण गर्नु त्यसमाथि अनिवार्य हुन्छ ।

(४) त्यसमाथि फिदिया अनिवार्य हुन्छ जुन एउटा ऊँटलाई बलि गर्नु हो, र त्यसको मासुलाई मक्काका दरिद्रहरूमा वितरण गर्नु पर्छ ।

(५) आउनेवाला वर्ष यस हज्जको कजा गर्नु पर्छ ।

त यी कुराहरू एउटा आस्थावान मान्छेलाई सतर्क गर्नुको लागि पर्याप्त छन् कि त्यो यस कार्यबाट टाढा रहोस् ।

र एहरामका निषेधित कुराहरूमध्ये यो पनि हो कि मान्छे एहरामको अवस्थामा आफ्नो स्वास्नीलाई वासनापूर्ण तरिकाले स्पर्श गरोस् वा वासनको साथ त्यसलाई हेरोस् वा चुमोस् । र यी समस्त र यस्ता खालका कुराहरू सबै सम्भोगका आरम्भिक कार्यहरू हुन् जुन सम्भोग गर्नुमा उत्साहित र आकृष्ट गर्छन् ।

र एहरामका निषेधित कुराहरूमध्ये टाउकोको कपाल खौराउनु वा काट्नु पनि हो, किनकि अल्लाहको फर्मान छः

﴿ وَلَا تَحۡلِقُواْ رُءُوسَكُمۡ حَتَّىٰ يَبۡلُغَ ٱلۡهَدۡيُ مَحِلَّهُۥۚ ﴾ البقرة: ١٩٦

अर्थ : जबसम्म बलि आफ्नो ठाउँमा पुग्दैन, तबसम्म आफ्नो कपाल नफाल... । (सूरतुल् बकरः १९६)

र विद्हरूले टाउकोको कपालको साथ शरीरका समस्त बाल र रौंलाई पनि संलग्न गरेका छन् कि शरीरको कुनै पनि रौंलाई फाल्नु निषेधित छ, र यस्तै नङ्ग काट्नु पनि निषेधित छ ।

र यस्तै एहरामका निषेधित कार्यहरूमध्ये विवाह गर्नु पनि हो, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छः

"لا ينكح المحرم ولا ينكح ولا يخطب" (أخرجه مسلم، كتاب النكاح، باب تحريم نكاح المحرم وكراهة خطبته، رقم ( 1409).

अर्थ : नत मुहरिम (एहराम लगाएको मान्छे) स्वयम् विवाह गरोस्, नत विवाह गराओस् र नत विवाहको प्रस्तावना नै देओस् । (मुस्लिम, किताबुन्निकाह, बाबु तहरीमि निकाहिल् मुहरिमी वकराहते खितबतिही, हदीस नं. १४०९)

र एहरामका निषेधित कुराहरूमध्ये विवाहको प्रस्तावना दिनु पनि हो, यसर्थ एहराम लगाएको

मान्छे कुनै महिलालाई विवाहको प्रस्तावना नदेओस् चाहे त्यो उमराको एहराम लगाएको होस् वा हज्जको ।

र एहरामका निषेधित कार्यहरूमध्ये सुगन्धको प्रयोग पनि हो, यसर्थ एहराममा भएको मान्छे एहराम लगाए पश्चात सुगन्ध प्रयोग नगरोस्, नत शरीरमा नत लुगामा, नत खानामा नत पेय पदार्थमा । त मुहरिमको लागि एहराम लगाए पश्चात कुनै प्रकारको सुगन्धको प्रयोग जायज छैन, रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथनको कारण जुन उहाँले त्यस मान्छेको बारेमा भनेका थिए जसलाई अरफातमा त्यसको ऊँट्नीले थिचेर मारेको थियो कि:

" ولا تحنطوه " أخرجه البخاري، كتاب الجنائز ، باب الكفن في ثوبين، ( 1265) ومسلم ، كتاب الحج، باب ما يفعل بالمحرم إذا مات، ( رقم( 1206)

अर्थ : र यसलाई सुगन्ध नलगाउनु (हनूत नगर्नु) । ( बुखारी, किताबुल् जनाइज, बाबुल् कफने फि

सौबैन, हदीस नं. १२६५ । र मुस्लिम, किताबुल् हज्ज, बाबु मा युफ्अ्लु बिल् मुहरिमि इजा मात, हदीस नं.१२०६)

र हुनूत एक प्रकारको सुगन्ध हो जुन मृतक शवलाई कफ्नाउने समय लगाइन्छ ।

र मान्छेले जुन सुगन्ध एहराम लगाउनुभन्दा पहिला लगाएको थियो त्यसको सुगन्धको प्रभाव यदि बाँकी रहन्छ भने यसबाट कुनै फर्क पर्दैन, र त्यसलाई समाप्त गर्नुको कुनै आवश्यकता छैन, किनकि हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि:

"كنت أطيب النبي صلى الله عليه وسلم لإحرامه قبل أن يحرم" (أخرجه البخاري، كتاب الحج، باب الطيب عند الإحرام، رقم (1539) ، ومسلم كتاب الحج، باب الطيب للمحرم عند الإحرام، رقم (1189) واللفظ له.

अर्थ : म नबी सल्लल्लाहो अलैहे वसल्लमलाई एहराम लगाउनुभन्दा अघि सुगन्ध लगाउँथें । ( बुखारी, किताबुल् हज्ज, बाबुत्तीबि इन्दल् एहराम,

हदीस नं. १५३९ । र मुस्लिम, किताबुल् हज्ज, बाबुत्तीबि लिल् मुहरिमि इन्दल् एहराम, हदीस नं. ११८९ । र शब्द यिनैका हुन् ।)

र उहाँ रजिअल्लाहो अन्हाको नै यो पनि भनाई छ कि:

"كنت أنظر إلى وبيص المسك في مفارق رسول الله صلى الله عليه وسلم وهو محرم" أخرجه البخاري، كتاب الحج، باب الطيب عند الإحرام، رقم (1538)، ومسلم، كتاب الحج، باب الطيب للمحرم عند الإحرام، رقم (1190)

अर्थ : म उहाँ सल्लल्लाहो अलैहे वसल्लमको माँगमा सुगन्धको चमक हेर्दथें यस्तो अवस्थामा कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम एहराममा हुन्थे । ( बुखारी, किताबुल् हज्ज, बाबुत्तीबि इन्दल् एहराम, हदीस नं. १५३८ । र मुस्लिम, किताबुल् हज्ज, बाबुत्तीबि लिल् मुहरिमि इन्दल् एहराम, हदीस नं. ११९०)

र एहरामका निषेधित कार्यहरूमध्ये शिकार गर्नु पनि हो, अर्थात शिकारको जनावरलाई वध गर्नु । किनकि अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تَقۡتُلُواْ ٱلصَّيۡدَ وَأَنتُمۡ حُرُمٞۚ ﴾ المائدة: ٩٥

अर्थ : हे मोमिनहरू ! जब तिमी एहरामको अवस्थामा हुन्छौ त्यतिखेर शिकार नगर्नु ...। (सूरतुल् माइदः ९५)

र एहरामका निषेधित कार्यहरूमध्ये पुरुषमान्छेको कमिज, बुर्नुस्, सरिवाल, पेन्ट, पगडी र मोजा लगाउनु पनि हो । किनकि जब नबी सल्लल्लाहो अलैहे वसल्लमसित यो प्रश्न गरियो कि मुहरिम मान्छे के लगाओस् त उहाँले उत्तर दिनु भयोः

"لا يلبس القميص ، ولا السراويل، ولا البرانس، ولا العمائم ، ولا الخفاف، إلا من لا يجد إزاراً فيلبس السراويل ، ومن لم يجد نعلين فليلبس

الخفين" (أخرجه البخاري، كتاب الحج، باب ما لا يلبس المحرم من الثياب، رقم (1542)، ومسلم، كتاب الحج، باب ما يباح للمحرم بحج أو عمرة وما لا يباح، رقم (1177).

अर्थ : त्यो कमिज नलगाओस्, र नत सरिवाल र बुर्नुस् (एक प्रकारको लुगा) नै लगाओस्, र नत पगडी र मोजा नै लगाओस्, तर जससित लुंगी नहोस् त्यो सिरवाल लगाउन सक्छ, र जससित जुत्ता नहोस् त्यो मोजा लगाउन सक्छ । (बुखारी, किताबुल् हज्ज, बाबु मा यल्बिसुल् मुहरिमु मिनस्सियाब, हदीस नं. १५४२ । र मुस्लिम, किताबुल् हज्ज, बाबु मा युबाहु लिल् मुहरिमी बिहज्जिन् अव उमरतिन् वमा ला युबाहु, हदीस नं. ११७७)

र जुन वस्त्र यिनै जस्ता होउन् ती समस्तको हुकुम यस्तै छ जसरी कोट पैन्ट, सदरी र गुतरा, टोपी ...आदि, त यी सबै निषेधित कुराहरू हुन् । किनकि हदीसको अर्थमा यी समस्त कुराहरू समाविष्ट छन् ।

र रह्यो कुरो घडी, औंठी, बेल्ट, एयर फोन, चश्मा र पैसा राख्ने बेल्टको, र यस जस्ता अन्य कुराहरूको त यी समस्त निषेधित कुराहरूमा शामेल छैनन् नत उदधृतको प्रत्यक्ष शब्दद्वारा नत त्यसको अर्थद्वारा । यसर्थ एहराम लगाएको मान्छेलाई यी समस्तको प्रयोग जायज छ ।

र यस विषयमा आम मानिसहरू विद्हरूको यस कथनः "मुहरिम सिलेको कपडा लगाउन सक्दैन" को अर्थ नबुझ्रेर यसबारे धेरै प्रश्न गर्छन् कि पैसा राख्ने खल्ती भएको बेल्ट लगाउनु कस्तो छ ? र सिलेको च्यादर लुंगी लगाउनु कस्तो छ ? र सिलेको जुत्ता लगाउनु कस्तो छ ... आदि । यस ख्यालले कि विद्हरूको भनाईको अर्थ यो हो कि जुन कुरामा पनि सिलाई गरिएको होस् त्यो लगाउनु जायज छैन । तर कुरो यस्तो छैन, बरु विद्हरूको कथनको तात्पर्य यो हो किः ती लुगाहरू जसलाई सामान्यतया शरीरमा लगाउनको लागि तयार गरिन्छ त्यसलाई लगाउनु वर्जित छ । र रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथनमा विचार गर कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु

भयो: " त्यो कमिज नलगाओस्, र नत सरिवाल र बुर्नुस् (एक प्रकारको लुगा) नै लगाओस्,...।" त तपाईलाई यो स्पष्ट भइहाल्छ कि यदि मान्छेले कमजिलाई (शर्टलाई) नलगाइकन् त्यसलाई शरीरमा लपेटोस् भने कुनै आपत्ति छैन । यसर्थ यदि कमीजलाई कम्मरमा लुंगी झैं यसरी लपेटोस् ( बेरोस्) कि त्यसको घुँडादेखि नाभीसम्म लुकोस् त यसमा पनि कुनै आपत्ति छैन, किनकि यसलाई कमिज लगाउनु मानिन्न ।

र एहरामका निषेधित कुराहरूमध्ये पुरुषको लागि टाउको छोप्नु ढाँक्नु पनि हो यस्तो कुराद्वारा जुन त्यससित स्पर्शित होस् जसरी टोपी, पग्डी, गुतरा आदि । र रह्यो कुरो छत्रीको र छत्रीद्वारा छहारी प्राप्त गर्नुको वा गाडीको छतबाट छहारी प्राप्त गर्नुको, त यसमा कुनै आपत्ति छैन, किनकि टाउको छोप्नु निषेधित छ नकि छहारी प्राप्त गर्नु । र नबी सल्लल्लाहो अलैहे वसल्लमद्वारा उम्मे हुसैन रजिअल्लाहो अन्हाको हदीसबाट प्रमाणित छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले छहारी प्राप्त गर्नु भएको छ, उनको वर्णन छ कि:

"رأيت النبي صلى الله عليه وسلم راكباً، وأسامة وبلال أحدهما آخذ بخطام ناقته، والثاني رافع ثوبه، أو قالت: ثوباً يظلله به من الحر، حتى رمى جمرة العقبة" (أخرجه مسلم، كتاب الحج، باب استحباب رمي جمرة العقبة يوم النحر راكباً، رقم (1298)

अर्थ : मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई सवार भएको अवस्थामा हेरें कि उसामा अथवा बिलालले उहाँ सल्लल्लाहो अलैहे वसल्लमको सवारीको लगाम समातेका थिए, र दोस्रो कपडा उठाएको थियो वा उनी भनिन्: कपडा उठाएर रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गर्मीको तापबाट छाया गरेका थिए, यहाँसम्म कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले ठूलो जमरहलाई कंकरी हाने । ( मुस्लिम किताबुल् हज्ज, बाबु इस्तेहबाबे रमियी जमरतिल् अकबा यौमन्नहरे राकिबन्, हदीस नं. १२९८)

र मुहरमिको लागि यो पनि निषेधित छैन कि त्यो आफ्नो सरसामानलाई आफ्नो टाउकोमाथि बोकोस्, किनकि यसको उद्देश्य टाउको छोप्नु होइन बरु यसको उद्देश्य सामान बोक्नु हो ।

र एहरामका निषेधित कुराहरूमध्ये यो पनि हो कि महिला नकाब लगाओस् अर्थात नकाबलाई आफ्नो अनुहारमा लगाओस्, र नकाबको अर्थ हो: अनुहारको वस्त्र । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले महिलालाई एहरामको अवस्थामा नकाब लगाउनुबाट रोकेका छन् ।◊

त महिलाको लागि उचित यो छ कि एहरामको अवस्थामा आफ्नो अनुहारलाई खुल्ला राखोस्, तर यदि त्यसको वरिपरि गैर मुहरिम अजनबी मान्छे (अपरिचित मान्छे) होउन् भने त्यसमाथि अनुहारलाई ढाँक्नु पनि अनिवार्य छ, त यस्तो अवस्थामा यदि जुन कुराद्वारा त्यसले आफ्नो अनुहारको परदा गरेको छे त्यो त्यसको अनुहारलाई स्पर्श गरेको होस्

◊ बुखारी, किताबु जजाइस्सैद, बाबु मा युनहा मिनत्तीबि लिल् मुहरिमि वल् मुहरिमति, हदीस नं. १८३८ ।

तै पनि कुनै आपत्ति छैन, र यस्तो गर्नुमा त्यसलाई कुनै दोष लाग्दैन ।

र एहरामका निषेधित कुराहरूमध्ये हथेली लगाउनु पनि हो, अर्थात मोजा झैं हातमा लगाउने वस्त्रलाई हथेली भनिन्छ, त यो पुरुष महिला दुवैको लागि निषेधित छ ।

यसर्थ नत यसलाई महिला नै एहरामको अवस्थामा लगाओस् नत पुरुष नै यसलाई लगाओस्, किनकि यो मान्छेको लागि मोजा सरह छ ।

## मुहरिमको टाउकोसित स्पर्शित कुरा टाउकोमा राख्नुको हुकुम

प्रश्न: (२४८) आदरणीय शैख ज्यू, तपाईले भन्नु भयो कि एहराम लगाएको मान्छे आफ्नो टाउकोलाई नछोपोस् वा आफ्नो टाउकोमाथि स्पर्श गरेको कुरा नराखोस् जसरी गुतरा, टोपी आदि, त के कागजको टुक्रा वा कारटुन वा बलंकेट आदि यसै हुकुममा आउँछ ?

उत्तरः हो, यसैको हुकुममा आउँछ। तर यदि मान्छे यसद्वारा छहारी प्राप्त गर्न चाहन्छ भने त्यसलाई टाउकोबाट अलि माथि गरेर छहारी प्राप्त गर्न सक्छ।

## बुर्का र नकाबमा के अन्तर छ

**प्रश्नः (२४९) आदरणीय शैख ज्यू, नकाब र बुर्काबीच के अन्तर छ, र के एहरामको अवस्थामा भएकी महिलाको लागि यो जायज छ कि त्यो बुर्का लगाओस् ?**

उत्तरः बुर्का नकाबभन्दा विशष्टि हुन्छ किनकि नकाब साधारण चुन्नी जस्तो हुन्छ जसलाई टाउकोमा राखेर अनुहारतिर झुन्डियाइन्छ यस्तो तरिकाले कि आँखालाई खोलिएको हुन्छ। र रह्यो कुरो बुर्काको त त्यो विशेषरूपले अनुहारको लागि नै बनाइन्छ, र अधिकांश बुर्काहरूमा जरी र श्रृंगारयुक्त बुट्टाहरू बनाइएको हुन्छ जुन नकाबमा हुँदैन। र यसै कारण मुहरिम महिला बुर्का पनि नलगाओस् किनकि जब नकाब लगाउनुको मनाही छ तबुर्का अरु मनाहीय कुरा हो।

## मानिसहरूबाट मुहरिम महिलाले अनुहारलाई छोप्नुको तरिका

प्रश्न: (२५०) आदरणीय शैख ज्यू, तपाईंले यो कुरा भन्नु भएको छ कि मानिसहरूबाट मुहरिम महिलाले आफ्नो अनुहारलाई छोप्नु अनिवार्य छ त के महिला आफ्नो अनुहारलाई नकाबले छोपोस् वा कुनै अन्य कुराले ?

उत्तर: महिला नकाब र बुर्का बाहेक अन्य कुनै कुराले आफ्नो अनुहारलाई पूर्णतया छोपोस् ।

## त्यस मान्छेको हुकुम जसले एहरामका निषेधित कार्यमध्ये केहीलाई गरोस्

प्रश्न: (२५१) आदरणीय शैख ज्यू, तपाईंले एहरामको अवस्थामा सम्भोग गर्ने मान्छेको बारेमा विस्तारले जानकारी गराउनु भयो कि त्यस मान्छेमाथि पाँच कुराहरू अनिवार्य भइहाल्छन्, तर बाँकी एहरामका निषेधित कुराहरूबारे कुरा गर्नु भएन कि यदि तीमध्ये कसैलाई कुनै मान्छे गरोस् त त्यसको के हुकुम छ ?

उत्तरः यसलाई पनि हामी इन्शाअल्लाह वर्णन गर्दैछौंः त रह्यो कुरो शिकार गर्नुको त यसको बारेमा अल्लाहले यसरी स्पष्टीकरण गरेको छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تَقۡتُلُواْ ٱلصَّيۡدَ وَأَنتُمۡ حُرُمٞۚ وَمَن قَتَلَهُۥ مِنكُم مُّتَعَمِّدٗا فَجَزَآءٞ مِّثۡلُ مَا قَتَلَ مِنَ ٱلنَّعَمِ يَحۡكُمُ بِهِۦ ذَوَا عَدۡلٖ مِّنكُمۡ هَدۡيَۢا بَٰلِغَ ٱلۡكَعۡبَةِ أَوۡ كَفَّٰرَةٞ طَعَامُ مَسَٰكِينَ أَوۡ عَدۡلُ ذَٰلِكَ صِيَامٗا لِّيَذُوقَ وَبَالَ أَمۡرِهِۦۗ ﴾ المائدة: ٩٥

अर्थ : हे मोमिनहरू ! जब तिमी एहरामको अवस्थामा हुन्छौ त्यतिखेर शिकार नगर्नु र तिमीहरूमध्ये जसले जानि जानि (त्यसलाई) हत्या गर्छ भने उसमाथि त्यसको क्षतिपूर्ति त्यस्तै खालको एउटा चौपया हुनेछ । जसलाई तिमीहरूमध्ये दुईजना न्यायप्रिय फैसला गरिदिन्छन् । त्यस्तो पशुलाई कअ्बासम्म (मक्का) पुऱ्याइ कुर्बानी गरियोस् वा खानेकुरा गरीबहरूलाई दिइहालोस्

अथवा त्यो बराबर रोजा राखोस् ताकि आफ्नो कर्मको स्वाद चाख्न सकोस् । (सूरतुल् माइदः ९५)

त यदि त्यस शिकारको जनावर झैं कुनै जनावर मिल्दछ भने जसरी ऊँट, गाइ, बाख्रा आदि त त्यसले शिकारलाई वध गरेको सट्टामा यसलाई मक्कामा जब्ह गरेर त्यहाँका दरिद्रहरूमा वितरण गर्नु पर्छ, वा त्यसको सट्टामा भोजन किनेर गरिबहरूमा वितरण गर्नु पर्छ, वा प्रत्येक गरिबलाई खुवाउनुको सट्टामा व्रत बस्नु पर्छ । र यो तब सम्भव हुन्छ जब शिकार गरिएको जनावरको अनुरूप उपरोक्तमा वर्णित जनावरमध्ये कोही मिलोस्, तर यदि त्यसको अनुरूप कुनै जनावर मिल्दैन भने यस्तो अवस्थामा विद्हरूको भनाई छ किः मान्छेलाई गरिबहरूलाई भोजन गराउने वा व्रत बस्ने कुरामध्ये एकलाई गर्ने स्वतन्त्रता प्राप्त हुन्छ, यसर्थ त्यस शिकार गरिएको जनावरको मूल्य पैसामा गरिन्छ, अनि जति पैसा अनुमानित हुन्छ त्यतिको मक्काका दरिद्रहरूलाई खाना खुवाइन्छ, वा प्रत्येक गरिबलाई खाना खुवाउनुको सट्टामा व्रत बस्नु पर्छ प्रत्येक गरिबको सट्टा एक एक दिन । त

यो थियो त्यस मान्छेले दिने फिदियाको विवरण जुन शिकार गरिहाल्दछ ।

र रह्यो कुरो त्यस व्यक्तिको जसले आफ्नो कपाल खौराएको होस्: त यसको बारेमा अल्लाहले यो वर्णन गरेको छ कि त्यसमाथि फिदिया अनिवार्य भइहाल्छ, याता त्यो व्रत बसोस्, वा गरिबहरूलाई खाना खुवाओस् वा एक बाख्रा बलि गरोस् । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो स्पष्ट पार्नु भएको छ कि यस्तो मान्छेलाई याता तीन दिन व्रत बस्नु पर्छ, वा ६ वटा गरिबहरूलाई खाना खुवाउनु पर्छ प्रत्येक गरिबलाई आधा साअ् खाना दिनु पर्छ, वा एक बाख्रालाई जब्ह गरेर गरिबहरूमा वितरण गर्नु पर्छ । र टाउकोको कपाल खौराउनु एहरामको अवस्थामा हराम छ त्यस मान्छे बाहेक जसलाई कुनै विरामी लागोस् र यसबारे अधिक विवरण अगाडि गर्नेछौं ।

# एहरामका निषेधित कार्यहरू (समाप्ति)

प्रश्न: (२५२) आदरणीय शैख ज्यू, त्यसमाथि के अनिवार्य हुन्छ जुन यी एहरामका निषेधित कार्यहरूलाई गरोस् ?

उत्तर: हामीले पछाडि यो वर्णन गर्‍यौं कि जसले शिकार गर्‍यो त्यसमाथि के अनिवार्य हुन्छ, र यो पनि वर्णन गर्‍यौं कि जसले सम्भोग गर्‍यो त्यसमाथि के अनिवार्य हुन्छ, र यो पनि वर्णन गर्‍यौं कि जसले टाउको खौरायो त्यसमाथि के अनिवार्य हुन्छ, र यसबारे यो वर्णन गर्‍यौं कि: जसले कपाल खौरायो त्यसलाई व्रत, वा खाना खुवाउनु, वा बलि गर्नुमध्ये कुनै एकलाई गर्नु पर्छ। र यो पनि वर्णन गर्‍यौं कि यस कुरालाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसरी स्पष्ट गर्नु भएको छ कि: व्रत बस्नुको अर्थ हो तीन दिन व्रत बस्नु । र खाना खुवाउनुको (दान गर्नुको) अर्थ हो ६ मिस्कीनलाई खाना खुवाउनु जसमध्ये प्रत्येकलाई कम्तीमा आधा साअ् भोजन दिइयोस् । र बलि गर्नुको अर्थ हो एक बाख्रा बलि गरेर त्यसलाई गरिबहरूमा वितरण गर्नु । र मान्छे

त्यसमध्येबाट एक दुक्रा मासु पनि नखाओस्, किनकि यो त्यसमाथि जरिवानाको तौरले अनिवार्य भएको छ त्यसले त्यो कार्य गर्नुको बदलामा जसलाई अल्लाहले हराम गरेको छ । र यस फिदियालाई विद्हरू फिदियतुल् अजाको नामले सम्बोधन गर्छन् किनकि यस सन्दर्भमा अल्लाहले अजा शब्दलाई वर्णन गरेको छ, जस्तो कि अल्लाहको फर्मान छ:

﴿ فَمَن كَانَ مِنكُم مَّرِيضًا أَوْ بِهِۦٓ أَذًى مِّن رَّأْسِهِۦ فَفِدْيَةٌ مِّن صِيَامٍ أَوْ صَدَقَةٍ أَوْ نُسُكٍ ﴾ البقرة: ١٩٦

अर्थ: यदि तिमीहरूमध्ये कोही बिरामी छ, अथवा त्यसको टाउकोमा कुनै प्रकारको व्यथा छ, (र मुन्डन गराई दिन्छ) त त्यसको बदलामा ब्रत बसोस् वा दान गरोस् वा कुर्बानी गरोस् । (सूरतुल् बकर: १९६)

त विद्हरूको भनाई छ कि एहरामको अवस्थामा सम्भोग गर्नु र शिकार गर्नु यी दुवै बाहेक समस्त

एहरामका निषेधित कार्यहरूलाई गरेमा यो फिदिया अर्थात फिदियतुल् अजा नै दिनु अनिवार्य हुन्छ अर्थात व्रत, दान, बलिमध्ये कुनै एकलाई गर्नु पर्छ । त यसमा एहरामको अवस्थामा सिलेको कपडा लगाउनु, सिरवाल र बुर्नुस आदि लगाउनु, र पुरुषले टाउको छोप्नु, र महिलाले अनुहार छोप्नु, वास्नायुक्त स्पर्श गर्नु, र सुगन्ध प्रयोग गर्नु ... आदि सबै शामेल भए । यसर्थ यी समस्तमध्ये कसैलाई गरेमा फिदियतुल् अजा नै अनिवार्य हुन्छ यो नै विद्हरूको भनाई छ ।

## त्यस मान्छेको हुकुम जसले अनभिज्ञताको कारण एहरामको कुनै निषेधित कार्यलाई गरिहालोस्

प्रश्नः (२५३) आदरणीय शैख ज्यू, त्यस व्यक्तिको के हुकुम छ जसले बिर्सेर वा अनभिज्ञताको कारण एहरामका निषेधित कार्यहरूमध्ये कसैलाई गरिहालोस् ?

उत्तरः हाम्रो भनाई यो छ कि एहरामका निषेधित कार्यहरूका केही थरीहरू छन् जसमध्ये एउटा यो पनि हो किः केही यस्ता कार्य छन् जसमा फिदिया नै छैन, र यसको उदाहरण विद्हरूले निकाह गर्नु वा नकिाहको प्रस्तावना दिनुलाई वर्णन गरेका छन् र भनेका छन् कि यसमा कुनै फिदिया छैन ।

र त्यसका थरीहरूमध्ये त्यो कार्य पनि हो जसमा फिदियतुल अजा अनिवार्य हुन्छ ।

यस्तै अर्को थरीमध्ये ती कार्यहरू हुन् जसमा ऊँट बलि गर्नु अनिवार्य हुन्छ ।

र यसको थरीमध्ये ती कार्य पनि हुन् जसमा त्यसै जस्तो त्यसको बदलामा दिनु पर्छ जसरी शिकार गर्नुमा ।

र ती समस्त कार्यहरू जसमा फिदिया अनिवार्य हुन्छ त्यसमा मान्छे तीन अवस्थाबाट रिक्त हुँदैनः याता मान्छे त्यसलाई जानेर स्वइच्छाले गर्छ त यस्तो अवस्थामा त्यसलाई पाप पनि लाग्छ, र त्यसलाई त्यस कार्य अनुसार लागू गरिएको फिदिया पनि दिनु पर्छ ।

र याता त्यसलाई जानेर स्वइच्छाले गर्छ तर कुनै कारणले । त यस्तो मान्छेमाथि कुनै पाप लाग्दैन, तर त्यसलाई फिदिया दिनु पर्छ, जसरी कि कसैले कुनै बिरामी वा अरु कुनै कारणले जानेर सइच्छाको साथ कपाल खौराओस् त त्यसमाथि फिदिया दिनु अनिवार्य भइहाल्छ, तर त्यसलाई पाप लाग्दैन, किनकि त्यो यस्तो गर्नुमा बाध्य छ ।

तर यदि कसैले यी निषेधित कार्यहरूलाई बिर्सेर वा अनभिज्ञताले गर्दा गरोस् वा त्यसलाई यसलाई गर्नुमा बाध्य गरियोस् । त यस्तो अवस्थामा नत त्यसलाई पाप लाग्छ नत त्यसलाई फिदिया नै दिनु पर्छ चाहे निषेधित कार्य जुन सुकै किन नहोस् अल्लाहको यस आम फर्मानको आधारले:

﴿ رَبَّنَا لَا تُؤَاخِذْنَآ إِن نَّسِينَآ أَوْ أَخْطَأْنَا ﴾ البقرة: ٢٨٦

अर्थ : हे हाम्रो रब ! यदि हामीबाट कुनै भूल वा त्रुटि भएको भए हामीलाई दोषी न ठहराउनु । ( सूरतुल् बकर: २८६)

र अर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَلَيۡسَ عَلَيۡكُمۡ جُنَاحٞ فِيمَآ أَخۡطَأۡتُم بِهِۦ وَلَٰكِن مَّا تَعَمَّدَتۡ قُلُوبُكُمۡۚ وَكَانَ ٱللَّهُ غَفُورٗا رَّحِيمًا ٥ ﴾

الأحزاب: ٥

अर्थ : र यदि तिमीबाट कुनै भूल वा गल्ती भएको हुन्छ भने, त्यसमा तिमीमाथि कुनै पाप छैन, किन्तु जसको संकल्प तिम्रा हृदयले गरिहाल्यो, त्यसको पाप लाग्दछ । र अल्लाह अत्यन्त क्षमाशील, दयावान छ । (सूरतुल् अहजाब ५)

र शिकारको बदला दिनुको बारेमा अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تَقۡتُلُواْ ٱلصَّيۡدَ وَأَنتُمۡ حُرُمٞۚ وَمَن قَتَلَهُۥ مِنكُم مُّتَعَمِّدٗا فَجَزَآءٞ مِّثۡلُ مَا قَتَلَ مِنَ ٱلنَّعَمِ ﴾ المائدة: ٩٥

अर्थः हे मोमिनहरू (आस्थावानहरू) ! जब तिमी एहरामको अवस्थामा हुन्छौ त्यतिखेर शिकार नगर्नु र

तिमीहरूमध्ये जसले जानि जानि (त्यसलाई) हत्या गर्छ भने उसमाथि त्यसको क्षतिपूर्ति त्यस्तै खालको एउटा चौपया हुनेछ । (सूरतुल् माइदः ९५)

त जब स्वइच्छा शिकारको वधको बदला दिनुमा पनि अनिवार्य छ जबकि वध गर्नु ज्यान नष्ट गर्नु हो, त त्यस बाहेकका जुन पनि निषेधित कार्यहरू छन् तिनमा स्वइच्छा अरु उत्तम तौरले शर्त हुन्छ ।

त यसलेगर्दा हामी भन्छौं किः यदि कुनै मान्छेले बिर्सेर वा अनभिज्ञताले गर्दा वा बाध्यतावश एहरामका निषेधित कार्यहरू गर्छ भने नत त्यसमाथि फिदिया छ नत त्यसलाई पाप नै लाग्दछ, र नत त्यसको हज्ज नै भंग हुन्छ, र यस्तो अवस्थामा त्यसमाथि केही गर्नु छैन चाहे त्यसले सम्भोग किन नगरेको होस् ।

# मुहरिम मान्छेले एहराम फेर्नुको हुकुम

प्रश्न: (२५४) आदरणीय शैख ज्यू, एहराम लगाएको मान्छे यदि एहराम फेरेर अर्को एहराम लगाउँछ त यसको के हुकुम छ ?

उत्तर: एहरामको अवस्थामा भएको मान्छेको लागि यो जायज छ कि त्यो एहराम फुकालेर कुनै अर्को लुगा लगाओस् जुन लुगा लगाउन एहरामको अवस्थामा जायज होस्, र यस्तो गर्नुमा कुनै आपत्ति छैन चाहे त्यसले यस्तो कुनै कारण वा आवश्यकताले गरेको होस् वा बिना आवश्यकता र बिना कारण ।

त रह्यो कारणको कुरो: त यो यसरी कि त्यसको एहरामको लुगा अपवित्र भइहालेको होस् र त्यसको पासमा पानी नहोस् जसद्वारा त्यो त्यसलाई धुलोस्, त यस्तो अवस्थामा त्यसले कुनै अर्को पवित्र लुगा लगाउनुमा बाध्य भइहाल्छ, किनकि त्यसको नमाज अपवित्र लुगामा हुँदैन बरु त्यसको लागि पवित्र लुगा लगाउनु अनिवार्य छ ।

र रह्यो कुरो आवश्यकताको: त यदि त्यसको एहराम फोहोर भइसकेको छ, र त्यो त्यसलाई पखाल्न चाहन्छ भने त्यसको लागि यो जायज छ कि कुनै यस्तो लुगा लगाएर जसलाई लगाउनु एहरामको अवस्थामा जायज छ (जसरी अर्को एहराम) त्यसलाई लगाएर त्यस फोहोर एहरामलाई धुलोस् ।

र रह्यो अकारण वा बिना आवश्यकता एहरामलाई परिवर्तित गर्नुको उदाहरण: त यदि कुनै मान्छेलाई यो लाग्दछ कि त्यो अर्को एहरामको लुगा लगाओस् बिना कुनै कारण, त त्यो यस्तो पनि गर्न सक्छ, र त्यसलाई यस्तो गर्नुमा कुनै आपत्ति छैन जबकि त्यो अर्को एहराम वा कुनै यस्तो लुगा लगाओस् जसलाई एहरामको अवस्थामा लगाउनु जायज छ ।

## मुहरिमले स्नान गर्नुको हुकुम

प्रश्न: (२५५) आदरणीय शैख ज्यू, मुहरिमलाई नङ्ग आदि काटेर आराम प्राप्त गर्नु वर्जित छ त के स्नान गरेर स्वच्छता प्राप्त गर्नु पनि वर्जित छ ?

उत्तरः एहरामको अवस्थामा भएको मान्छेलाई स्वच्छता प्राप्त गर्ने उद्देश्यले स्नान गर्नु जायज छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले एहराम लगाएको अवस्थामा स्नान गर्नु भएको छ ।∇

यस्तै मुहरिम मान्छेको लागि यो पनि जायज छ कि एहराममा लगाएको लुगाभन्दा स्वच्छ लुगा लगाओस्, अर्थात त्यसलाई फेरेर अर्को लुगा जुन त्यसभन्दा स्वच्छ होस् त्यसलाई लगाओस्, र यस्तै मान्छेको लागि एसी (एयर कण्डीशन) द्वारा आराम प्राप्त गर्नु पनि जायज छ ।

र रह्यो केही विद्हरूको यो कुरो कि त्यो आफ्नो नङ्गलाई नकाटोस् र यसलाई टाउको खौराउनुमाथि कियास गरेका छन् आराम प्राप्त गर्ने कारणलाई आधार मानेर, त यसमा अरु विचार बिमर्शको आवश्यकता छ, र यस कुरामा विद्हरूको एकमत पनि छैन ।

---

∇ बुखारी, किताबु जजाइस्सैद, बाबुल् इग्तिसालि लिल् मुहरिमि, हदीस नं. १८४० । र मुस्लिम, किताबुल् हज्ज, बाबु जवाजे गुस्लिल् मुहरिमि बदनहू वरासहू, हदीस नं. १२०५ ।

## मक्काका रुखबिरुवाहरूलाई नष्ट गर्नुको हुकुम

प्रश्नः (२५६) आदरणीय शैख ज्यू, मुहरिमले मक्कामा अर्थात हरममा भएको बोटबिरुवालाई उखेल्नु वा त्यसलाई नष्ट गर्नुको के हुकुम छ ?

उत्तरः बोटबिरुवा र रुखको एहरामबाट कुनै सम्बन्ध छैन, किनकि यसलाई काट्नु उखेल्नुको निषेधितता एहरामबाट संलग्न छैन, बरु यसको संबन्ध स्थानबाट छ अर्थात हरमको सीमाबाट । यसर्थ जुन बोटबिरुवा र रुखहरू हरमको सीमाभित्र छन् त्यसलाई उखेल्नु वा त्यसलाई काट्नु नष्ट गर्नु जायज छैन, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"إنه لا يختلى خلاها، ولا يعضد شوكها" (أخرجه البخاري، كتاب الجنائز، باب الإذخر والحشيش في القبر، رقم (1349)، ومسلم، كتاب الحج، باب تحريم مكة وصيدها وخلاها وشجرها..، رقم (1353).

अर्थ : नत त्यसको बोटबिरुवा उखेलिन्छ, नत त्यसका झाडपात र काँडा भएको कुरालाई नै काटिन्छ । (बुखारी, किताबुल् जनाइज, बाबुल् इज्खिरि वल् हशीशि फिल् कब्र, हदीस नं. १३४९ । र मुस्लिम, किताबुल् हज्ज, बाबु तहरीमि मक्कता वसइदिहा वखलाहा वशज्रहा..., हदीस नं. १३५३)

यसर्थ मक्कामा भएको रुखबिरुवा र घाँसफूस काट्नु हराम छ एहराम लगाएको मान्छेको लागि पनि र त्यस बाहेकका समस्त मानिसहरूको लागि पनि । तर जुन रुख बिरुवा हरमको सीमाभन्दा बाहिर छ त्यसलाई काट्नु मुहरिमको लागि पनि जायज छ र अन्य मानिसहरूको लागि पनि जायज छ । यसर्थ अरफातको रुखबिरुवा मुहरिमको लागि काट्नु जायज छ, र यस्तो गर्नुमा उनीहरूको लागि कुनै आपत्ति छैन । र मुज्दलिफा र मिनामा भएको घासफूस र बोटबिरुवालाई काट्नु जायज छैन, किनकि दुवै हरमको सीमा अन्तर्गत आउँछन् । र हाजीहरूको लागि यो पनि जायज छ कि घाँस भएको ठाउँमा ओछ्यान आदि बिछाउन् चाहे त्यसले गर्दा केही घाँस किन ननष्ट भइहालोस्, किनकि त्यो

घाँस बिना इच्छा नष्ट भएको छ, र यो त्यस्तै छ जसरी कुनै मान्छे बाटोमा गइरहेको छ र कुनै ढुक्कुर वा कुनै अरु शिकार गर्ने जनावरलाई बिना इच्छा कुल्च्यो वा कुनै अरु तरिकाले त्यसलाई हानि पुऱ्यायो, अनि त्यो मर्यो, त यस्तो अवस्थामा त्यसमाथि केही छैन किनकि त्यसले यो स्वइच्छाले गरेको छैन ।

## हज्जको एहराम लगाउने स्थान र समय

**प्रश्न: (२५७) आदरणीय शैख ज्यू, जब हाजीले बैतुल्लाहसम्म आएर तवाफ र सई गरेर उमरा सम्पन्न गऱ्यो, र मक्कामा बास बस्यो, त हज्जको एहराम कब र कहाँबाट लगाओस् ?**

उत्तर: तरवियाको दिन अर्थात जिल्हिज्जाको आठ तारिखको दिन मान्छे एहराम लगाओस् त्यसै स्थानबाट जहाँ त्यसको बास छ । र उचित यो छ कि चाश्तको समय (प्रात: भए पश्चात केही समय बिते पश्चातको समय, दिनको एक पहर बिते पश्चात) एहराम लगाओस्, अनि मिना जाओस्, र त्यहाँ जुहर, अस्र, मग्रिब, इशा र फज्रको नमाज

पढोस्, जस्तो कि यस कुरालाई हामीले अघि नै वर्णन गरिसकेका छौं ।

## तरवियाको दिन तवाफ गर्नु वा बैतुल्लाहमा गएर एहराम लगाउनु जरुरी छैन

प्रश्नः (२५८) आदरणीय शैख ज्यू, तर के हामीलाई यो आवश्यक छ कि तरवियाको दिन बैतुल्लाहको तवाफ गारैं वा बैतुल्लाहबाट एहराम लगाऔं अर्थात मस्जिदे हरामबट एहराम लगाऔं ?

उत्तरः हामीलाई यो आवश्यक छैन कि हामी बैतुल्लाहको तवाफ गरौं नत एहराम लगाउनुको लागि बैतुल्लाहसम्म जानु नै आवश्यक छ, बरु यस्तो गर्नु सुन्नत पनि होइन, किनकि जुन सहाबाहरूले नबी सल्लल्लाहो अलैहे वसल्लमको साथमा उमरा गरे पश्चात हलाल भइहालेका थिए उनीहरूले आफ्नो बासस्थानबाट नै हज्जको एहराम लगाएका थिए । र नबी सल्लल्लाहो अलैहे वसल्लमले उनीलाई यो आदेश गरेका थिएनन् कि

उनीहरू मस्जिदे हराममा बैतुल्लाह निकट गएर एहराम लगाउने् वा एहराम लगाउनुभन्दा अघि त्यसको तवाफ गरुन् ।

## त्यस मान्छेको हुकुम जसले अरफातमा विलम्बले उभ्यो

प्रश्नः (२५९) आदरणीय शैख ज्यू, हामीले हज्जको तरिकाको वर्णनमा यो जानकारी पायौं कि हाजी जिल्हिज्जाको ९ तारिखको दिन चाश्तको समय मिनाबाट अरफातको लागि प्रस्थान गरोस्, तर यदि कुनै मान्छे विलम्बले अरफातमा पुग्यो भने त्यसको के हुकुम छ ?

उत्तरः हामीलाई यो ज्ञान भइसकेको छ कि मान्छे जिल्हिज्जाको आठ तारिखको दिन मिना जाओस्, अनि ९ तारिखको दिनको बिहान नहुन्जेल त्यतै रहोस्, अनि अरफा (अरफात) जाओस् ।

तर यदि कुनै हाजी आठ तारिखको दिन मिना जाँदैन बरु डाइरेक्ट ९ तारिखको दिन अरफामा जान्छ, त के त्यसको हज्ज हुन्छर ? त यसको उत्तर यो हो कि

हो, यस्तो गर्ने मान्छेको हज्ज पनि भइहाल्छ । र यसको प्रमाण हो उरवा बिन मुजरस रजिअल्लाहो अन्होको हदीस कि उनले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधे जब उहाँ सल्लल्लाहो अलैहे वसल्लमको साथमा मुज्दलिफामा नमाज पढे कि: हे अल्लाहको रसूल मैले आफूलाई हैरान पारें, र आफ्नो सवारीलाई पनि थकाएँ, र मैले कुनै पहाड यस्तो छाडेन तर त्यस निकट उमें । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"من شهد صلاتنا هذه، ووقف معنا حتى ندفع، وقد وقف قبل ذلك ليلاً أو نهاراً، فقد تم حجه وقضى تفثه" (أخرجه أبو داود، كتاب الحج ، باب من لم يدرك عرفة، رقم(1950)، والترمذي كتاب الحج، فيمن أدرك بجمع فقد أدرك الحج، رقم(891)، والنسائي ، كتاب الحج، باب فيمن لم يدرك صلاة الصبح مع الإمام بالمزدلفة، رقم (

3016) وأحمد في المسند( 261،262/4)، وقال الترمذي : حديث صحيح.

अर्थ : जुन व्यक्ति हाम्रो यस नमाजमा उपस्थित भयो, र हाम्रो साथमा तबसम्म उभ्यो यहाँसम्म कि हामीले यहाँबाट प्रस्थान गरें, र यसभन्दा अघि नै त्यसले अरफामा दिनको समयमा वा रात्रीको समयमा उभेको छ, त त्यसको हज्ज पूर्ण भयो, र त्यसले आफूमाथि भएको अनिवार्यताको दायित्वलाई पूर्ण गऱ्यो । (अबू दाऊद, किताबुल् हज्ज, बाबु मन् लम् युदरिक अरफा, हदीस नं. १९५० । र तिर्मिजी, किताबुल् हज्ज, बाबु फिमन् अदरका बिजम्इन् फकद अदरकल् हज्ज, हदीस नं. ८९१ । र नेसाई, किताबुल् हज्ज, बाबु फिमन् लम् युदरिक सलातुस्सुब्हि मअल् इमामि बिल् मुज्दलिफा, हदीस नं. ३०१६ । र अहमदले मुस्नदमा (४/२६१, २६२) । र इमाम तिर्मिजीले भन्नु भएको छ कि: यो हदीस सही छ ।)

त यसबाट यो प्रष्ट हुन्छ कि हाजीमाथि यो अनिवार्य छैन कि आठौं तारिखको दिन र नव्वौं तारिखको

रात्री मिनामा व्यतीत गरोस्, र त्यसको लागि यो वैध छ कि त्यो डाइरेक्ट अरफात जाओस्। त यस्तो गर्नाले त्यसको हज्ज सही हुन्छ तर उचित यो नै छ कि त्यो आठौं तारिखको चाश्तको समयदेखि ९ तारिखको सूर्य उदयसम्म मिनामा नै रहोस् ।

र तपाईले जुन यो प्रश्न गर्नु भएको छ कि यदि कोही अरफामा विलम्बले पुग्छ त त्यसको के हुकुम छ । त यसको बारेमा हाम्रो भनाई छ कि: यदि मान्छे अरफातमा विलम्बले पुग्दछ तर त्यो त्यहाँ उभिने कार्यलाई ईदको दिनको फज्र उदय हुनुभन्दा पहिला नै पाइहाल्छ अर्थात ईदको दिनको फज्र उदय हुनुभन्दा अघि नै अरफातमा पुगिहाल्छ भने त्यसको हज्ज सही छ, र त्यसमाथि कुनै दोष पाप लाग्दैन। यसर्थ अरफातमा उभिने समय ईदको फज्र उदय नहुन्जेल रहन्छ ।

## मुज्दलिफामा उभिनुको आरम्भ र अन्त

प्रश्न: (२६०) आदरणीय शैख ज्यू, कहिले मुज्दलिफामा उभिने समयको आरम्भ हुन्छ र कहिले

त्यसको अन्त हुन्छ ? र त्यहाँ उभिनुको के हुकुम छ ?

उत्तरः मुज्दलिफामा उभिनु र जसलाई विद्हरू मुज्दलिफामा रात्री व्यतीत गर्नु भन्छन्, त्यसको समय अरफातमा उभिनुको समय समाप्त भए पश्चात आरम्भ हुन्छ, र यसभन्दा पहिला नै त्यहाँ गएमा पनि कुनै लाभ हुँदैन नत यस्तो गर्नु सही नै छ । यसर्थ यदि कुनै मान्छे मुज्दलिफामा रात्रीमा पुगोस् अनि त्यहाँबाट गएर अरफातमा उभोस् अनि अरफातबाट मुज्दलिफा नआइकन् मिना जाओस् त यसको मुज्दलिफामा उभिने कार्यले कुनै लाभ दिदैन अर्थात त्यो मान्य छैन, किनकि अल्लाहको फर्मान छः

﴿ فَإِذَآ أَفَضۡتُم مِّنۡ عَرَفَٰتٖ فَٱذۡكُرُواْ ٱللَّهَ عِندَ ٱلۡمَشۡعَرِ ٱلۡحَرَامِۖ ﴾ البقرة: ١٩٨

अर्थ : जब तिमीहरू अरफातबाट फर्कन्छौ, तब “मश्अरुल हराममा” (मुज्दलेफामा) अल्लाहलाई स्मरण गर,...। (सूरतुल् बकर: १९८)

त अल्लाहले गुणगानको समय र स्थान मश्अरुल् हरामको निकट तोकेको छ अरफातबाट फर्के पश्चात । यसर्थ मुज्दलिफामा उभिने समय अरफाबाट फर्के पश्चात आरम्भ हुन्छ, र यो फज्र नमाजसम्म निरन्तर रहन्छ । अनि मान्छे फज्र नमाज पश्चात पनि त्यहाँ यति समयसम्म रहोस् कि सूर्य उदयभन्दा पहिलाको पहेलो वा रातो रंग जाहेर भइहालोस्, अनि मिनातिर प्रस्थान गरोस् ।

तर जुन मानिसहरू दुर्बल कम्जोर होउन् जुन भीडमा कंकरी हान्न नसकुन् उनीहरूको लागि यो पनि जायज छ कि उनीहरू रात्रीको अन्तिम भागमा मुज्दलिफाबाट मिना आउन्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो परिवारका कम्जोरहरूलाई रात्रीको अन्तिम भागमा मिनातिर जाने अनुमति प्रदान गरेका थिए । र असमा बिन्ते अबू बक्र रजिअल्लाहो अन्हुमा चन्द्र अस्त हुने

प्रतिक्षा गर्थिन् त जब चन्द्र अस्ताइहाल्थ्यो त मुज्दलिफाबाट मिना गइहाल्दथिइन् ।▽

र यस्तो गर्नु मध्य रात्रीलाई तोक्नुभन्दा राम्रो छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमसित यो नै प्रमाणित छ नकि मध्य रात्री, र यस कारण पनि किनकि पूर्णको हुकुम अधिकांशमाथि लागू हुन्छ नकि आधामाथि । त यसबाट यो प्रष्ट हुन्छ कि जुन विद्हरूले यो भनेका छन् कि: यदि मान्छे मुज्दलिफामा मग्रिब र इशाबीच भएको अवधि जति उभ्छ भने त्यसको मुज्दलिफामा उभिने कार्य पूर्ण भइहाल्छ चाहे मध्य रात्री भएको होस् वा नभएको होस् । त यो कथन अमान्य छ । र सही कुरो रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नु नै हो जुन उहाँ सल्लल्लाहो अलैहे वसल्लमले गर्नु भएको छ वा जसको उहाँले अनुमति दिनु भएको छ ।

▽ बुखारी, किताबुल् हज्ज, बाबु मन् कद्दमा जुअ्फहु अहलहु बेदलील..., हदीस नं. १६७९ । र मुस्लिम, किताबुल् हज्ज, बाबु इस्तेहबाबे तक्दीमि दफइज्जुअ्फति मिनन्निसाइ वगैरेहिन्न, हदीस नं. १२९१ ।

प्रश्न: (२६१) आदरणीय शैख ज्यू, मुज्दलिफामा उभिने समय कहिले समाप्त हुन्छ कि यदि हाजी त्यस समय पश्चात मुज्दलिफामा आयो भने त्यसको मुज्दलिफामा उभिने कार्य पूर्ण हुँदैन ?

उत्तर: हजरत मुआज रजिअल्लाहो अन्होले वर्णन गरेको हदीसको जाहेरी अर्थबाट जसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो भनेका थिए कि: " जुन व्यक्ति हाम्रो यस नमाजमा उपस्थित भयो, र हाम्रो साथमा तबसम्म उभ्यो यहाँसम्म कि हामीले यहाँबाट प्रस्थान गरें, र यसभन्दा अघि नै त्यसले अरफामा दिनको समयमा वा रात्रीको समयमा उभेको छ, त त्यसको हज्ज पूर्ण भयो, र त्यसले आफूमाथि भएको अनिवार्यताको दायित्वलाई पूर्ण गऱ्यो ।" यो स्पष्ट हुन्छ कि मान्छे यदि फज्र उदय भए पश्चात पनि मुज्दलिफासम्म पुग्छ जस समय रसूल सल्लल्लाहो अलैहे वसल्लमले नमाज पढेका थिए अर्थात अँध्यारो बाँकी रहेको समयसम्म, त त्यसको लागि यो पर्याप्त हुन्छ। तर विधिशास्त्रीहरू निकट यो प्रसिद्ध छ कि यो आवश्यक छ कि मान्छे

रात्रीको अंश अवश्य पाओस्, यसर्थ त्यो मुज्दलिफामा फज्र उदय हुनु अघि नै पुगोस् ।

## बक्रीदको दिन पश्चात आउने रात्रीलाई मिनामा व्यतीत गर्नुको हुकुम

प्रश्नः (२६२) आदरणीय शैख ज्यू, हाजीले गर्ने कार्यहरूमध्ये तपाईले यो पनि वर्णन गर्नु भयो कि हाजीलाई बक्रीदको दिन पश्चात आउने रात्री मिनामा व्यतीत गर्नु पर्छ, तर यसको हुकुम यहाँ के कस्तो छ ?

उत्तरः मिनामा रात्री व्यतीत गर्नुको बारेमा हामीले पहिला नै वर्णन गरिसकेका छौं कि यो हज्जका वाजिबात (अनिवार्य कार्य) हरूमध्येको हो, र विद्हरूको दृष्टिमा जसले पनि हज्जका अनिवार्य कार्यहरूमध्ये कुनैलाई त्यागदछ त्यसमाथि एक बाख्रा बलि गर्नु फिदियाको रूपमा अनिवार्य छ, जसलाई मक्कामा बलि गरिन्छ र मक्काका दरिद्रहरूमा वितरण गरिन्छ ।

# मिनामा रात्री व्यतीत गर्नुको समयसीमा

प्रश्न: (२६३) आदरणीय शैख ज्यू, हामी हेर्दछौं कि केही मानिसहरू मिनामा रात्री व्यतीत गर्ने कार्यमा ढिला सुस्ती गर्छन्, यसर्थ त्यहाँ केही समय व्यतीत गरेर अधिकांश समय मिनाबाट बाहिर व्यतीत गर्छन्, र त्यहाँ मात्र केही घण्टा नै रहन्छ, त मिनामा व्यतीत गर्ने पर्याप्त समय के हो त ?

उत्तर: वैधानिक कुरो त यो नै हो कि हामी आफ्नो पूर्ण समय मिनामा नै व्यतीत गरौं, र यस्तै गर्नु नबी सल्लल्लाहो अलैहे वसल्लमको पद्धति पनि हो । त मान्छे आफ्नो वतनबाट दूर आफ्नो घरपरिवारलाई छाडेर नाना थरीका कष्ट भोग्दछ केवल यस कारण ताकि त्यो परिपूर्ण हज्ज गरोस्, र रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति अनुकूल हज्ज सम्पन्न गरोस्, नाकि यस कारण मक्का आएको छ घरपरिवारलाई छाडेर कि यता आएर आराम गरोस् वा सरलताको मार्गलाई खोज्दै हिंडोस्, जबकि यस्तो गर्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति विरुद्ध पनि होस् । यसर्थ हाजीको

लागि वैधानिक यो नै छ कि त्यो मिनामा दिन र रात्री रहोस् । र विद् एवं धर्मशास्त्रीहरूको दृष्टिमा मान्छेलाई चाहियो कि ग्याह्रौं र बाह्रौं तरिखको रात्रीको अधिकांश भाग मिनामा नै व्यतीत गरोस्, र रह्यो बाँकी दिनको रात्री त विद्हरूको दृष्टिमा त्यसलाई मिनामा व्यतीत गर्नु अनिवार्य छैन ।

तर मान्छेलाई उचित यो नै छ कि त्यो त्यस सीमा अन्तर्गत रहोस् जुन हदीसहरूमा वर्णित छ, यसर्थ दिन रात्री मिनामा नै रहोस् । र मिनामा व्यतीत गर्ने कुरा मात्र दुई दिनको कुरो हो ईदको दिनको वृद्धिको साथ, बरु पूर्ण एक दिन र आधा दिन र ईदको दिनको केही अंश मात्रको कुरो हो ।

## ती शिष्टाचार र कुराहरू जसको रियायत गर्नु मिनामा भएको अवस्थामा उत्तम मानिन्छ

प्रश्नः (२६४) आदरणीय शैख ज्यू, मनिामा ग्याह्र र बाह्र एवं तेरह तरिखका रात्रीहरूमा जुन विलम्ब गर्न

## चाहन्छ के कस्तो शिष्टाचार गरोस् जुन त्यसको लागि उत्तम होस् ?

उत्तर: यस शुभ अवसरमा हाजीलाई चाहियो कि यसबाट लाभ उठाओस् र मुसलमानहरूसित परिचय प्राप्त गरोस्, र उनीहरूसित भेटघाट गरोस्, र उनीहरूलाई सद्‌उपदेश गरोस्, र उनीहरू समक्ष कुरआन हदीसमा आधारित सत्य कुराको बखान गरोस्, ताकि जब हाजीहरू अआफ्ना देश नगर फर्केर जाउन् त उनीहरू यस महान पूजालाई सम्पन्न गर्नुको साथै कुरआन हदीसमा आधारित वैधानिक ज्ञानको साथ फर्कुन् । र यदि मान्छे हाजीहरूको भाषाको ज्ञानी छैन भने कुनै यस्तो अनुवादक आफ्नो साथमा राखोस् जुन दुवै भाषामा निपुण होस् र ईमानदार पनि होस्, ताकि त्यो कुरालाई बुझेर त्यसको उचित अनुवाद गरेर कुरालाई हाजीहरूसम्म पुऱ्याओस् ।

र यी दिनहरूमा यो पनि आवश्यक छ कि मान्छे आफूलाई सराहनीय नैतिकता र शिष्टाचारबाट सुसज्जित राखोस्, यसर्थ मुसलमानहरूको सहायता योग्य मानिसहरूको सहायता गरोस्, र बिर्सेको

मानिसको मार्गदर्शन गरोस्..., र यस बाहेक अरु ती समस्त कार्यहरू गरोस् जसद्वारा सृष्टिमाथि उपकार गरिन्छ । र अल्लाहको फर्मान छः

﴿ وَأَحۡسِنُوٓاْۚ إِنَّ ٱللَّهَ يُحِبُّ ٱلۡمُحۡسِنِينَ ١٩٥ ﴾ البقرة: ١٩٥

अर्थ : र उपकार गर निःसन्देह अल्लाह उपकार गर्नेहरूलाई माया गर्दछ । (सूरतुल् बकरः १९५)

﴿ ۞ إِنَّ ٱللَّهَ يَأۡمُرُ بِٱلۡعَدۡلِ وَٱلۡإِحۡسَٰنِ وَإِيتَآيِٕ ذِي ٱلۡقُرۡبَىٰ ﴾ النحل: ٩٠

अर्थ : अल्लाहले तिमीलाई न्याय र भलाई गर्न र नजिकका मानिसहरूलाई सहायता दिने आदेश गर्दछ । (सूरतुन्नहल ९०)

त यस्ता महान र श्रद्धय ठाउँमा त यस्तो गर्नु अरु पुण्यको कार्य हो, किनकि विद्हरूको भनाई छ किः समय र स्थानको श्रेष्ठताको आधारमा पुण्यमा पनि अभिवृद्धि गरिन्छ ।

# मिनामा मानिसहरूद्वारा गीत संगीत सुन्नु र पिशुनता गर्नु

प्रश्नः (२६५) आदरणीय शैख ज्यू, मिनाका यी दिनहरूमा केही मानिसहरू गीत सँगीत सुन्दछन्, र एकअर्काको पिशुनता गर्दछन्, त यसको के हुकुम छ ?

उत्तरः यो कार्य हज्जको अवस्थामा र त्यस बाहेक सामान्य अवस्थामा पनि हराम र अवैध छ। यसर्थ यन्त्रहरूद्वारा गीत संगीत सुन्नु वा स्वयम् गाउनु बजाउनु प्रत्येक समय र स्थानमा अवैध छ, किनकि हजरत अबू मालिक अल् अश्अरी रजिअल्लाहो अन्होको हदीसबाट यो प्रमाणित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

"ليكونن من أمتي أقوام يستحلون الحر والحرير، والخمر، والمعازف" (أخرجه البخاري، كتاب الأشربة، باب ما جاء فيمن يستحل الخمر ويسميه بغير اسمه، رقم (5590)

अर्थ : मेरो अनुयायीहरूमा यस्ता यस्ता मान्छेहरू पनि आउने छन् जुन व्यभिचार र रेशमलाई र मदिरा एवं गीत संगीतलाई हलाल (ग्राह्य) गरिहाल्छन् । (बुखारी, किताबुल् अश्‌रिबा, बाबु मा जाअ् फिमन् यस्तहिल्लुल् खमरा वयुसम्मीहे बेगैरे इस्मेही, हदीस नं. ५५९०)

र विद्‌हरूको भनाई अनुसार हदीसमा वर्णित अल् मआजिफ (المعازف) शब्दको अर्थ हो गीत संगीतका समस्त यन्त्रहरू दुफ (डफला) बाहेक, जसको प्रयोगको अनुमति केही विशेष अवसरहरूमा प्रदान गरिएको छ ।

र यस्तै जुन मानिसहरू पिशुनता चकुलीद्वारा मानिसहरूको इज्जत सम्मानमाथि हमला र टिप्पणी गर्छन् र उनीहरूको उपहास गर्छन् चाहे हज्जका दिनहरूमा वा अन्य दिनहरूमा, त यस्तो गर्नु हराम छ चाहे यसलाई मक्कामा गरियोस् वा अरु कुनै

स्थानमा, वा हज्जमा गरियोस् वा अरु कुनै समयमा, किनकि अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا يَسۡخَرۡ قَوۡمٞ مِّن قَوۡمٍ عَسَىٰٓ أَن يَكُونُواْ خَيۡرٗا مِّنۡهُمۡ وَلَا نِسَآءٞ مِّن نِّسَآءٍ عَسَىٰٓ أَن يَكُنَّ خَيۡرٗا مِّنۡهُنَّۖ وَلَا تَلۡمِزُوٓاْ أَنفُسَكُمۡ وَلَا تَنَابَزُواْ بِٱلۡأَلۡقَٰبِۖ بِئۡسَ ٱلِٱسۡمُ ٱلۡفُسُوقُ بَعۡدَ ٱلۡإِيمَٰنِۚ وَمَن لَّمۡ يَتُبۡ فَأُوْلَٰٓئِكَ هُمُ ٱلظَّٰلِمُونَ ١١ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ ٱجۡتَنِبُواْ كَثِيرٗا مِّنَ ٱلظَّنِّ إِنَّ بَعۡضَ ٱلظَّنِّ إِثۡمٞۖ وَلَا تَجَسَّسُواْ وَلَا يَغۡتَب بَّعۡضُكُم بَعۡضًاۚ أَيُحِبُّ أَحَدُكُمۡ أَن يَأۡكُلَ لَحۡمَ أَخِيهِ مَيۡتٗا فَكَرِهۡتُمُوهُۚ وَٱتَّقُواْ ٱللَّهَۚ إِنَّ ٱللَّهَ تَوَّابٞ رَّحِيمٞ ١٢ ﴾ الحجرات: ١١ - ١٢

अर्थ : हे मोमिनहरू ! पुरुषहरूले अर्को पुरुषको उपहास नगरोस् । सम्भव छ कि उनीहरू तिनीहरूभन्दा राम्रा होऊन् र स्त्रीहरूले अर्को स्त्रीको

(हाँसो) नगरुन्, सम्भव छ कि उनीहरू तिनीहरूभन्दा राम्रा होऊन् र आपसमा एक अर्कालाई आक्षेप नगर न नराम्रो उपाधिले नै सम्बोधन गर ईमान ल्याईसकेपछि नराम्रो नामाकरण गर्नु पाप हो । (यसबाट) जसले प्रायश्चित गर्दैन, उनीहरू अत्याचारी हुन् । हे ईमानवालाहरू ! धेरै शंका उपशंका गर्नबाट बच । किन भने केही शंका पाप हुन्छन् र एक अर्काको जासूसी नगर, र न त कसैको अनुपस्थितिमा निन्दा गर्नु । के तिमीहरूमध्ये कसैले आफ्नो मृतक भाइको मासु खान चाहन्छ ? यसलाई तिमीले अवश्य नै घृणा गर्ने छौ । (तसर्थ) अल्लाहसित डर मान्ने गर । निश्चय नै अल्लाह प्रायश्चित स्वीकार गर्नेवाला, अत्यन्त दयावान छ । (सूरतुल् हुजुरात ११, १२)

## कंकरी हान्नुको तत्वदर्शिता

प्रश्न: (२६६) आदरणीय शैख ज्यू, तश्रीकका दिनहरूमा तीन दिन वा दुई दिन तीनवटै जमरहहरूलाई कंकरी हानिन्छ, त कंकरी हान्नुको तत्वदर्शिता के हो ?

उत्तर: कंकरी हान्नुको तत्वदर्शितालाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसरी वर्णन गर्नु भएको छ:

"إنما جعل الطواف بالبيت وبالصفا والمروة، ورمي الجمار لإقامة ذكر الله"(أخرجه أبو داود، كتاب المناسك، باب في الرمل، رقم (1888) والترمذي بنحوه، كتاب الحج، باب ما جاء كيف ترمى الجمار، رقم (902) وقال : حسن صحيح.

अर्थ : बैतुल्लाहको तवाफ गर्नु, सफा र मरवाको सई गर्नु, र कंकरी हान्नुलाई अल्लाहको गुाणगान गर्ने उद्देश्यले वैधानिक गरिएको छ। (अबू दाऊद, किताबुल् मनासिक, बाबु फिर्रमल, हदीस नं. १८८८। र तिर्मिजीले यस्तै, किताबुल् हज्ज, बाबु माजाअ् कैफा तरमिल् जेमार, हदीस नं. ९०२, र भन्नु भएको छ कि: यो हदीस विश्वासनीय र सही छ।)

र जमरहलाई कंकरी हान्नुले अल्लाहको पूजा गर्नु पनि सिद्ध हुन्छ, किनकि मान्छे जमरहलाई कंकरी हान्दछ तर त्यसको स्पष्ट तत्वदर्शिता त्यसलाई थाहा हुँदैन बरु यसलाई मात्र अल्लाहको पूजा र स्मरण गर्ने उद्देश्यले गर्छ र यस्तै जमरहलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्ने उद्देश्यले पनि कंकरी हान्दछ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले कंकरी हानेका छन्, र भनेका छन्:

"خذوا عني مناسككم" (أخرجه البيهقي في (( السنن الكبرى)) (125/5) وأخرجه أحمد في (0) مسند الشاميين)(54/02) لفظ: (( لتأخذوا عني مناسكك)) وأخرجه مسلم، كتاب الحج، باب استحباب رمي جمرة العقبة يوم النحر راكباً، رقم (1297) بلفظ: (( لتأخذوا مناسككم)) فإني لا أدري لعلي لا أحج بعد حجتي هذه))

अर्थ : तमीहरू हज्जका कार्यहरू मसित सिकिहाल ।
(बैहकीले यसलाई सुननुल् कुब्रामा वर्णन गरेका छन्

(५/१२५) । र अहमदले मुसनदुश्शामिईनमा वर्णन गरेका छन् (२/५४), र उनले वर्णन गरेको शब्द हो: लेतअ्खुजु अन्नि मनासेकका । र मुस्लिमले किताबुल् हज्जमा वर्णन गर्नु भएको छ, बाबु इस्तेहबाबे रमिये जमरतिल् अकबा यौमन्नहरे राकिबन्, हदीस नं. १२९७, यी शब्दका साथ: लेतअ्खुजु मनासेककुम । फइन्नी लाअदरी लअल्ली ला अहुज्जु बअ्दा हज्जती हाजेही)

## जमरहलाई कंकरी हान्ने तरिका

प्रश्न: (२६७) आदरणीय शैख ज्यू, कंकरी हान्नुबारे हामी यो पनि जान्न चाहन्छौं कि तपाई हामीलाई यो पनि बताउनुस् कि त्यसलाई कंकरी हान्ने तरिका के हो ?

उत्तर: कंकरी हान्ने तरिका यो हो कि: ईदको दिन मान्छे जब ठूलो जमरहलाई कंकरी हान्न गइरहेको होस् त तल्बिया भन्दै जाओस् अनि जब कंकरी हान्न आरम्भ गरोस् त तल्बिया बन्द गरिदेओस् । र रह्यो ईदको दिन बाहेक अन्य दिनहरूमा तीनवटै जमरहहरूलाई कंकरी हान्नुको कुरो त यदि मान्छे

जमरहलाई कंकरी हान्ने इच्छाले गइरहेको छ भने तक्बीर भन्दै जाओस् त अति उत्तम छ किनकि तश्रीकका दिनहरू खानपान गर्ने र अल्लाहको गुणगान र स्मरण गर्ने दिनहरू हुन्, र कंकरी हान्नुको लागि जाँदा मान्छे पूर्ण शान्ति श्रद्धा र विनम्रताको साथ तक्बीर भन्दै जाओस्, तर यहाँ तक्बीर भन्नु सामान्य कुरो हो नकि यो कंकरी हान्नुको कारण गरिन्छ । तर कंकरी हान्नुको लागि जाँदा पूर्ण विनम्रता श्रद्धाको साथ जानु अभीष्ट छ । र यसै कारण यो आदेश छ कि मान्छे प्रत्येक कंकरी हान्दा तक्बीर अर्थात अल्लाहु अक्बर भनोस्, किनकि यो अल्लाहको महानताको बखान गर्नु हो ।

## कंकरी हान्दा दुआ याचना गर्नु

**प्रश्नः (२६८) आदरणीय शैख ज्यू, के कंकरी हान्दा कुनै विशेष तरिकाले दुआ गरिन्छ ?**

उत्तरः हो, गरिन्छ । र यसलाई हामीले अघि नै वर्णन गरिसकेका छौं कि जब मान्छे पहिलो जमरहलाई (सानो जमरहलाई) कंकरी हानेर सम्पन्न गरोस् त अलि अगाडि गएर किब्लातिर अनुहार

गरिकन् आफ्नो दुवै हात उठाएर लामो समयसम्म दुआ याचना गरोस् । र यस्तै बीचको जमरहलाई कंकरी हाने पश्चात पनि गरोस्, तर ठूलो जमरहलाई कंकरी हाने पश्चात कुनै दुआ नगरोस् नत त्यहाँ रुकोस् ।

प्रश्न: (२६९) आदरणीय शैख ज्यू, के यसको लागि त्यहाँ कुनै विशेष दुआ छ ?

उत्तर: कंकरी हाने पश्चात जुन दुआ गरिन्छ त्यसको लागि कुनै विशेष दुआ छैन मेरो ज्ञान अनुसार ।

## कंकरी हान्नुको लागि पवित्रता अनिवार्य छैन

प्रश्न: (२७०) आदरणीय शैख ज्यू, कंकरी हान्नुको लागि के पवित्रता अनिवार्य छ ?

उत्तर: हज्जका कार्यहरूमध्ये तवाफ बाहेक अरु कुनै कार्यमा पवित्रता शर्त छैन । यसर्थ रजस्वलामा भएकी महिलाको लागि बैतुल्लाहको तवाफ ( परिक्रमा) गर्नु जायज छैन, किनकि नबी सल्लल्लाहो

अलैहे वसल्लमले हजरत आइशा रजिअल्लाहो अन्हासित भन्नु भएको थियो:

)"افعلي كما يفعل الحاج غير أن لا تطوفي بالبيت"

أخرجه البخاري، كتاب الحج، باب تقضي الحائض المناسك كلها إلا الطواف بالبيت، رقم (1650)، ومسلم، كتاب الحج، باب بيان وجوه الإحرام، رقم (1211)

अर्थ : तवाफ गर्नु बाहेक ती समस्त कार्यहरूलाई गर जुन हाजीहरू गरिहेका छन्। (बुखारी, किताबुल् हज्ज, बाबु तक्जील् हाइजुल् मनासिका कुल्लहा इल्लत्तवाफु बिल्बैत, हदीस नं. १६५०। र मुस्लिम, किताबुल् हज्ज, बाबु बयाने वुजूहिल् एहराम, हदीस नं. १२११)

## कंकरीलाई पखाल्नुको हुकुम

प्रश्न: (२७१) आदरणीय शैख ज्यू, कंकरीलाई पखाल्नुको के हुकुम छ ?

उत्तरः यसलाई धुल्नु जायज छैन, बरु यदि मान्छेले पूजाको आस्थाले यसलाई पखाल्दछ भने त्यो बिदअत (धर्ममा नौलो कार्य) गरिरहेको छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गरेका छैनन् ।

## त्यस मान्छेको हुकुम जुन तवाफ अथवा सईगर्दा कुनै चक्रलाई बिर्सोस्

प्रश्नः (२७२) आदरणीय शैख ज्यू, त्यस मान्छेको के हुकुम छ जुन तवाफ अथवा सईगर्दा कुनै चक्रलाई लगाउन बिर्सोस् ?

उत्तरः जब मान्छे तवाफ अथवा सईको कुनै चक्रलाई बिर्सोस् त यदि छिटै नै त्यसको सम्झ्ना भइहालोस् भने पुनः गएर त्यसलाई पूर्ण गरोस् । जसरी कि यदि कसैले मात्र ६ चक्र तवाफ गऱ्यो अनि मुकामे इब्राहीम पछाडि आएर नमाज पढनुको लागि चल्यो तर त्यसैबीच त्यसलाई यो याद आयो कि त्यसले त सातौं चक्र परिक्रमा गरेकै छैन त त्यो त्यतैबाट पल्टेर आओस् र हज्रे अस्वदबाट एक

चक्र गरेर तवाफलाई पूर्ण गरोस्, र यस्तो गर्नुमा कुनै आपत्ति छैन ।

तर यदि त्यसलाई यो कुरो लामो अवधिको अन्तराल पश्चात सम्झना होस् त यदि यो हज्जको कार्यहरूमध्येको तवाफ होस् अर्थात उमरा अथवा हज्जको तवाफ होस् भने त्यो पुनः पूर्ण तवाफ गरोस् अर्थात सात चक्र तवाफ गरोस्, किनकि त्यसको पहिलो तवाफ सही थिएन बरु त्यसमा कमी थियो, र जुन तवाफका चक्रहरू त्यसले गरेको थियो त्यसमा आधारित र निर्भर भएर त्यसलाई पूर्ण गर्न सकिन्न, किनकि त्यसलाई गरेकोमा लामो समय बितिसकेको छ, यसर्थ त्यो एउटा नौलो तवाफ गरोस् ।

र यस्तै कुरो हामी सईको लागि पनि भन्छौं कि यदि सईगर्दा पनि कुनै चक्र लगाउन बिर्सोस् भने यदि शीघ्र नै याद आयो भने त्यसलाई पूर्ण गरिहालोस्, र यदि धेरै समय पश्चात याद आयो भने अर्को नयाँ सई गरोस् ।

र सईको बारेमा यो त्यस समय भनिन्छ जब हामी यो भनौं कि सई गर्नुमा क्रमबद्धता शर्त छ, तर यदि हामी यो भनौं कि सईमा क्रमबद्धता शर्त छैन जस्तो कि केही विद्‌हरूको भनाई छ त मान्छेले मात्र त्यति सई गरेमा पुग्छ जति बिर्सेको छ चाहे जति अवधि बितेको होस्, र त्यसलाई नयाँ सई गर्नु पर्दैन । तर उचित यो नै छ कि जब धेरै अवधि बितिसकेको होस् त नौलो सई गरिहालोस् किनकि क्रमिक हुनुको शर्त नहुने शर्तभन्दा उत्कृष्ट र उत्तम छ ।

## मान्छेले तवाफ अथवा सई गरिरहेको अवस्थामै नमाजको इकामत भनियोस् त त्यो के गरोस्

प्रश्नः (२७३) आदरणीय शैख ज्यू, मान्छेले तवाफ अथवा सई गरिरहेको अवस्थामै यदि नमाजको इकामत भनियोस् त त्यो के गरोस् ?

उत्तरः जब मान्छेले तवाफ अथवा सई गरिरहेको अवस्थामा नमाजको इकामत भनियोस् त त्यो सामूहिक नमाजा शामेल भइहालोस्, र जब नमाज

समाप्त भइहालोस् त त्यहीँबाट चक्रको आरम्भ गरोस् जता त्यागेको थियो, र यो आवश्यक छैन कि त्यस चक्रलाई पुन: आरम्भ गरोस् । उदाहरण स्वरूप यदि जब त्यो सईको तेस्रो चक्रको बीचमा थियो तब इकामत भनियो त त्यसै ठाउँमा उभेर नमाज पढोस्, अनि जब इमाम सलाम फेरोस् त त्यसै ठाउँबाट त्यस चक्रलाई गर्दै पूर्ण गरोस् । तर यदि त्यस ठाउँमा कुनै अरु मान्छे नहोउन् जुन त्यसको साथमा नमाज पढुन् त अरु अगाडि बढेर जता मान्छेहरू होउन् तिनैको साथ पंक्तिमा शामेल भएर नामज पढोस्, अनि जब सलाम फेरियोस् त सई गर्ने ठाउँमा अर्थात मसआमा आओस् र जताबाट नमाजको लागि गएको थियो त्यसै स्थानबाट सई गर्दै त्यस चक्रलाई पूर्ण गरोस्, र त्यसलाई यो आवश्यक छैन कि त्यस चक्रलाई पुन: आरम्भबाट आरम्भित गरोस् ।

र यस्तै हामी तवाफको बारेमा पनि भन्दछौं कि यदि मान्छे तवाफ गरिरहेको छ, र जब त्यो हिज्र भएको स्थानको निकट उत्तरी भागमा छ र त्यसै समय नमाजको इकामत भनियो त त्यो त्यतै नमाज

पढोस्, अनि नमाज सम्पन्न भए पश्चात त्यतैबाट तवाफ पूर्ण गरोस्, र यो आवश्यक छैन कि तवाफको त्यस चक्रलाई पूर्ण गर्नुको लागि हज्रे अस्वदसम्म आएर पुनः आरम्भ गरोस् ।

प्रश्नः (२७४) आदरणीय शैख ज्यू, के तवाफ अथवा सईलाई नमाजको लागि रोक्नु अनिवार्य छ वा जायज छ ?

उत्तरः यदि त्यो नमाज अनिवार्य नमाज होस् भने सई अथवा तवाफलाई रोकेर स्थगित गरेर नमाज पढनु अनिवार्य छ, किनकि सामूहिक नमाज अनिवार्य छ । र यसको लागि सई तवाफलाई अलि बेरको लागि स्थगित गर्नुको अनुमति छ, ताकि मान्छे सामूहिक नमाजको आयोजना गर्न सकोस् किनकि सामूहिक नमाज अनिवार्य छ, यसर्थ सई अथवा तवाफलाई स्थगित गरेर सामूहिक नमाज पढनु अनिवार्य छ ।

तर यदि जुन नमाज भइरहेको छ त्यो नफिली नमाज होस्, जसरी रमजानको तरावीहको नमाज, त यस विषयमा सही कुरो यो नै हो कि मान्छे

त्यसको लागि तवाफ अथवा सईलाई स्थगित नगरोस् । तर मान्छेलाई उचित यो नै छ कि त्यो तवाफ अथवा सई तरावीहको नमाजभन्दा अघि वा पछि गरोस् ताकि तरावीह अर्थात कियामुल्लैलको सामूहिक नमाजको आयोजनाको श्रेष्ठता पनि प्राप्त गरिहालोस् ।

प्रश्न: (२७५) आदरणीय शैख ज्यू, यदि मान्छे सफा र मरवा पर्वतको सई गरिरहेको छ, र त्यो अपवित्रताको अवस्थामा पनि छ अनि नमाजको लागि अजान भयो, र बिना पवित्रता सई गर्नु त जायज नै छ, त के त्यो हरमबाट बाहिर निस्केर वजू गरोस् ताकि सामूहिक नमाज पढोस्, अनि जताबाट सई गर्नुलाई त्यागेको छ त्यतैबाट पुन: सई आरम्भ गरोस् वा त्यो त्यस चक्रलाई पुन: आरम्भ गरोस् ?

उत्तर: हो, त्यसको लागि आवश्यक छ कि त्यो हरमबाट निस्केर वजू गरेर सबैको साथमा सामूहिक नमाज पढोस् । अनि अब यस्तो अवस्थामा यदि सईलाई त्यागेकोमा लामो समय बितिसकेको होस् भने पुन: त्यस चक्रलाई आरम्भ गरोस् तर यदि

समय निकै कम लागेको होस् अर्थात सई त्यागेको क्रम र अहिलेको समयबीच निकै कम समय बितेको होस् जसरी त्यो वजू गरेर आए बित्तिकै नमाजको इकामत भनियो अनि त्यसले नमाज पढयो, अनि सईलाई निरन्तरता दिन चाहन्छ भने त्यसलाई त्यस चक्रलाई पुन: शुरूदेखि आरम्भ गर्नुको कुनै आवश्यकता छैन, बरु जताबाट त्यसलाई त्यागेको थियो त्यतैबाट सई गर्न आरम्भ गरी चक्रलाई पूर्ण गरोस् । तर यदि वजू बनाउने ठाउँ निकै टाढा होस् जस कारण सई त्यागेकोमा र पुन: सई आरम्भ गर्ने क्रममा लामो अन्तराल बितिसकेको होस् भने त्यो सईलाई आरम्भबाट आरम्भित गरोस् ।

## कअ्बाको गिलाफ र पर्खाललाई स्पर्श गर्नुको हुकुम

प्रश्न: (२७६) आदरणीय शैख ज्यू, यो हेरिन्छ कि तवाफ गर्दा केही मानिसहरू कअ्बाको पर्खाल र गिलाफलाई र मुकामे इब्राहीम र हिज्रलाई स्पर्श गर्दै रहन्छन् त यसको के हुकुम छ ?

उत्तर: यस स्पर्शद्वारा मान्छेहरू अल्लाहको सामीप्यता चाहन्छन् त्यसको पूजा गर्छन्, र जुन कार्यद्वारा पनि अल्लाहको पूजा गरियोस् वा त्यसको सामीप्यता प्राप्त गरियोस् र त्यस कार्यको कुनै उदाहरण विधानमा नहोस् भने त्यो कार्य बिदअत हो जसबाट रसूल सल्लल्लाहो अलैहे वसल्लमले सावधान गरेका छन्, यसर्थ उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ:

"إياكم ومحدثات الأمور؛ فإن كل بدعة ضلالة" (

أخرجه الترمذي ، كتاب العلم، باب ما جاء في الأخذ بالسنة واجتناب البدع، رقم (2676)، وأبو داودد، كتاب السنة، باب في لزوم السنة، رقم (4607)، وابن ماجه ، في المقدمة، باب اتباع سنة الخلفاء الراشدين المهديين، رقم (42)وأحمد في (( المسند)) (127،126/4) وقال الترمذي : حديث حسن صحيح.

अर्थ : तिमी धर्ममा नौलो कार्य उत्पन्न गर्नुबाट सावधान रहनु, किनकि धर्ममा प्रत्येक नौलो कार्य (

बिदअत) पथभ्रष्टता हो । (तिर्मिजी, किताबुल् इल्म, बाबु मा जाअ् फिल् अखजि बिस्सुन्नति वजतिनाबिल् बिदअी, हदीस नं. २६७६ । र अबू दाऊद, किताबुस्सुन्नह, बाबु फि लुजूमिस्सुन्नह, हदीस नं. ४६०७। र इब्ने माजा, फिल् मुकद्दमह, बाबु इत्तिबाअि सुन्नतिल् खुलफाइर्राशेदीनल् महदिईन, हदीस नं. ४२ । र अहमदले मुस्नदमा (४/१२६, १२७) । र तिर्मिजीले भन्नु भएको छ कि: यो हदीस सही र विश्वासनीय छ ।)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट रुकने यमानी र हज्रे अस्वद बाहेक अरु कुनै कुरालाई स्पर्श गर्नु प्रमाणित छैन । यसर्थ जुन व्यक्तिले पनि हज्रे अस्वद र रुकने यमानी बाहेक कअ्बाको कुनै कुना वा ठाउँलाई (पर्खाललाई) स्पर्श गर्छ भने त्यो बिदअती (बिदअत गर्नेवाला) भयो । र जब हजरत अब्दुल्लाह बिन अब्बास रजिअल्लाहो अन्होले मुआविया बिन अबि सुफियानलाई कअ्बाका उत्तरी दुवै कुनालाई स्पर्शगर्दा हेरे त उनलाई यसबाट रोके, त मुआविया रजिअल्लाहो अन्होले भने: कअ्बाको

कुनै ठाउँ छाड्ने योग्य छैन । त इब्ने अब्बासले भने:

﴿ لَّقَدۡ كَانَ لَكُمۡ فِي رَسُولِ ٱللَّهِ أُسۡوَةٌ حَسَنَةٞ ﴾ الأحزاب: ٢١

अर्थ : नि:सन्देह तिम्रो निम्ति अल्लाहको रसूलमा एउटा उत्तम आदर्श छ । (सूरतुल् अहजाब २१)

र भने कि मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई दुवै यमानी कुनालाई अर्थात हज्रे अस्वद र रुकने यमानीलाई स्पर्शगर्दा हेरेको छु । त हजरत मुआवियाले जब अल्लाहको यस कथनलाई इब्ने अब्बासद्वारा सुने:

﴿ لَّقَدۡ كَانَ لَكُمۡ فِي رَسُولِ ٱللَّهِ أُسۡوَةٌ حَسَنَةٞ ﴾ الأحزاب: ٢١

अर्थ : नि:सन्देह तिम्रो निम्ति अल्लाहको रसूलमा एउटा उत्तम आदर्श छ । (सूरतुल् अहजाब २१)

त आफ्नो यस कार्यबाट रुकिहाले ।

र जुन मानिसहरू मुकामे इब्राहीमलाई स्पर्श गर्दछन् त यो घोर बिदअत हो, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यसलाई कुनै दिशाबाट पनि स्पर्श गरेका छैनन् ।

र यस्तै जुन मानिसहरू जमजमलाई मसह गर्छन् र रुवाकको स्तम्भलाई स्पर्श गर्छन् र यस बाहेक जति कुरालाई पनि स्पर्श गर्छन् ती समस्तको स्पर्श गर्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमसित साबित छैन, यसर्थ यी समस्त बिदअत हुन्, र प्रत्येक बिदअत पथभ्रष्टता हो ।

प्रश्न: (२७७) आदरणीय शैख ज्यू, र यसको के हुकुम छ कि मान्छेहरू कअ्बाको गिलाफ (परदा) लाई समातेर लामो समयसम्म दुआ गर्छन् ?

उत्तर: यस्तो गर्ने मान्छेहरूको यस कार्यको पनि सुन्नतबाट कुनै सरोकार छैन, र यस्तो गर्नु पनि बिदअत हो । र इस्लामीय ज्ञान प्राप्त गर्ने विद्यार्थीहरूमाथि यो अनिवार्य छ कि उनीहरू सबै समक्ष यस कुरालाई छर्लंग गरुन् र यो स्पष्ट गरुन् कि यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको

पद्धतिमध्येको होइन । तर कअ्‌बाको ढोका र हज्रे अस्वदबीच भएको ठाउँलाई (मुल्‌तजिमलाई) समात्नु र त्यसबाट चिम्टनु सहाबाहरूबाट प्रमाणित छ कि उनीहरूले यस्तो गरेका छन्‌। त त्यहाँ यस्तो गर्नुमा कुनै आपत्ति छैन, तर वर्तमान कालमा जति भीड र हूल त्यहाँ हुन्छ त्यसको मद्देनजर मान्छेलाई यो उपदेश गरिन्छ र यो परामर्श दिइन्छ कि त्यो यसलाई नगरोस्, किनकि यसलेगर्दा त्यो अरुलाई कष्ट पुऱ्याउँछ, र यस्तो कार्य गर्नुको लागि अरुलाई कष्ट पुऱ्याउँछ जुन अनिवार्य पनि छैन ।

## चिम्टनुको तरिका

प्रश्नः (२७८) आदरणीय शैख ज्यू, यस चिम्टनुको तरिका के हो, के यसको अर्थ हो त्यससित संलग्न हुनु लट्‌कनु जुन हज्रे अस्वद र कअ्‌बाको ढोकाबीच छ वा त्यहाँ उभेर दुआ गर्नु हो ?

उत्तरः चिम्टनुको अर्थ हो त्यहाँ उभिनु र त्यससित संलग्न हुनु अर्थात मान्छे आफ्‌नो हात बाहु अनुहार र गाललाई त्यहाँ भएको कअ्‌बाको पर्खालसित लगाओस्‌ ।

# जमजम जलको विशेषता

प्रश्न: (२७९) आदरणीय शैख ज्यू, तपाईले यो पनि वर्णन गर्नु भयो कि जमजमबाट मसह गर्नु जायज छैन नत कुनै अरु कुरालाई मसह गर्नु नै जायज छ, तर जमजमको खूबी र विशेषता के हो त ?

उत्तर: जमजमको विशेषतामध्ये यो हो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"ماء زمزم لمن شرب له" ) أخرجه أحمد في (( المسند)) (357،372/3)، وابن ماجه ، كتاب المناسك، باب الشرب من ماء زمزم رقم (3062)، وصحة الألباني كما في (( إرواء الغليل)) رقم (1123).

अर्थ : जमजमको पानी त्यसै उद्देश्यको लागि हो जसको लागि त्यसलाई पिइन्छ। (अहमदले यसलाई मुस्नदमा वर्णन गर्नु भएको छ (३/३५७, ३७२)। र इब्ने माजा, किताबुल् मनासिक, बाबु अश्शुरबु मिन माइ जमजम, हदीस नं. ३०६२ । र अल्लामा

अल्बानीले यसलाई सही भनेका छन् जसरी कि इरवाउल् गलीलको हदीस नं. ११२३ मा छ ।)

यसर्थ यदि त्यसलाई मान्छे तिर्खा मेटाउने उद्देश्यले खान्छ भने त्यसको तिर्खा मेटिन्छ, र यदि भोकले गर्दा खान्छ भने त्यसको भोक मेटिन्छ, त यो यसको विशेषतामध्येको हो ।

## मक्काका प्राचीन कुराहरू र कअ्बाबाट तबर्रुक प्राप्त गर्नु

प्रश्नः (२८०) आदरणीय शैख ज्यू, के मक्का र मक्काको विशेषतामध्ये यो पनि हो कि त्यसका ढुँगा, रुख आदिबाट तबर्रुक प्राप्त गरियोस् ?

उत्तरः मक्काको विशेषतामध्ये यो होइन कि त्यसमा भएको ढुँगा रुख आदिद्वारा तबर्रुक (कल्याण) प्राप्त गरियोस् । बरु मक्काको विशेषता त यो हो किः त्यसमा भएका रुखहरूलाई नकाटियोस् नत त्यसमा भएका घासफूसलाई नै उखेलियोस्, किनकि यसबाट रसूल सल्लल्लाहो अलैहे वसल्लमले मनाही गरेका छन् इज्खिर नामक घाँस बाहेक, किनकि नबी

सल्लल्लाहो अलैहे वसल्लमले यसलाई ती समस्तबाट अलग गरेका छन् ।[1] किनकि इज्खिरद्वारा घर बनाइन्छ, र लोहारहरू त्यसलाई प्रयोग गर्छन्, यस्तै लहद भएको चिहानमा पनि त्यसलाई प्रयोग गरिन्छ जसद्वारा चिहानको ईंटबीच खाली ठाउँलाई पूरिन्छ । त यसलेगर्दा हामी भन्छौं कि मक्काको कुनै ढुँगा आदिलाई स्पर्श गरेर तबर्रुक प्राप्त गरिन्न, नत त्यसलाई आफ्नो देश नगर लगेर नै तबर्रुक प्राप्त गरिन्छ, र यस जस्ता जुन अरु क्रियाकलाप गरिन्छ सबै निषेधित कुरा हुन् ।

## अरफातमा भएको पर्वतलाई जबले रहमत भन्नुको हुकुम

प्रश्नः (२८१) आदरणीय शैख ज्यू, अरफामा भएको पर्वतलाई जबले रहमत भनिन्छ त के यस्तो भन्नु प्रमाणित छ ? र यसको हुकुम के छ ?

---

[1] बुखारी, किताबुल् जनाइज, बाबुल् इजखिरि वल् हशीशे फिल् कब्र, हदीस नं. १३४९ । र मुस्लिम, किताबुल् हज्ज, बाबु तहरीमि मक्कता वसैदेहा वखलाहा वशजरहा... हदीस नं. १३५३ ।

उत्तर: यो नाम सुन्नतमा आएको छैन अर्थात वर्णित छैन कि जस पर्वत निकट रसूल सल्लल्लाहो अलैहे वसल्लम निकट उभेका थिए त्यसको नाम जबले रहमत (कल्याणकारी पर्वत) हो । यसर्थ जसको प्रमाण सुन्नतबाट नहोस् त्यस नामले त्यसलाई नामाकरण गर्नु सही छैन । र जुन व्यक्तिहरूले त्यस पर्वतलाई यस नामद्वारा नामाकरण गरेका छन् कदाचित उनीहरूले यो यस कारण गरेका छन् कि यो महान स्थान हो जहाँ अल्लाह भक्तहरूको पापलाई क्षमा गर्दछ, अनि त्यसलाई यस नामद्वारा नामाकरण गरे ।

तर उचित यो नै छ कि त्यसलाई यस नामद्वारा नामांकित नगरियोस् बरु भनियोस् कि यो जबले अरफा हो वा यो भनियोस् कि यो त्यो पर्वत हो जस निकट रसूल सल्लल्लाहो अलैहे वसल्लम उभेका थिए ... आदि ।

## यस पर्वतको जियारत गर्नु र यसमाथि नमाज पढनुको हुकुम

प्रश्न: (२८२) आदरणीय शैख ज्यू, केही हाजीहरू यस पर्वतको जियारतलाई आवश्यक मान्दछन् र हज्जभन्दा अघि वा पछि यसको जियारतको लागि जान्छन् र त्यसमाथि चढेर नमाज पढछन्, त यसको जियारतको के हुकुम छ ?

उत्तर: यसको हुकुम त्यस्तै छ जसरी कि इस्लामीय विधानद्वारा प्रमाणित छ कि: जसले पनि कुनै यस्तो तरिकाले अल्लाहको पूजा गरोस् जुन तरिका अल्लाहले वैधानिक गरेको छैन त त्यो बिदअत हो । त यसबाट यो ज्ञात हुन्छ कि जुन केही मानिसहरू यसको जियारत गर्छन् र त्यसमा चढेर नमाज पढछन् वा त्यसलाई स्पर्श गर्छन् ... आदि, त यी समस्त बिदअत हुन्, जसलाई गर्नुबाट मान्छेलाई रोकिन्छ, र त्यससित भनिन्छ कि: यस पर्वतको कुनै विशिष्ट महत्व छैन बरु सुन्नत त यो हो कि अरफाको दिन मान्छे यसको छेउमा भएका चट्टानहरू निकट उभोस् जसरी रसूल सल्लल्लाहो अलैहे वसल्लम उभेका थिए र भनेका थिए:

"وقفت هاهنا، وعرفة كلها موقف" ( أخرجه مسلم، كتاب الحج، باب ما جاء أن عرفة كلها موقف، رقم (1218)

अर्थ : म यता उभेको छु, र पूर्ण अरफा उभिने ठाउँ हो । (मुस्लिम, किताबुल् हज्ज, बाबु मा जाअ् अन्ना अरफता कुल्लहा मौकिफ, हदीस नं. १२१८)

यसलेगर्दा यो पनि उचित छैन कि अरफाको दिन मान्छे आफूलाई कष्टमा पारेर यस पर्वतसम्म आओस्, किनकि कदाचित त्यो बाटो बिर्सोस् र आफ्नो साथीहरूसित बिछ्डोस्, र तिर्खा गर्मी र थकाइलेगर्दा हैरान भइहालोस् । त यस्तो गर्नाले त्यो पापी भइहाल्छ किनकि त्यसले आफूलाई यस्तो कार्य गर्नुको लागि कष्टमा पाऱ्यो जसलाई गर्नु अनिवार्य छैन ।

## यस पर्वततिर अनुहार गरेर कअ्बालाई पछाडि गर्नुको हुकुम

प्रश्न: (२८३) आदरणीय शैख ज्यू, अधिकांश मानिसहरू अरफातको दिन कअबालाई आफ्नो

## पिठ्युँ पछाडि गरेर यसतर्फ आफ्नो अनुहार गरिकन् हात उठाएर दुआ गर्छन्, त यसको के हुकुम छ ?

उत्तर: अरफामा उभेका मासिनहरूको लागि वैधानिक यो छ कि उनीहरू जब दुआ र गुणगान गरुन् त आफ्नो अनुहार कअ्बातिर गरिहालुन् अब चाहे यो पर्वत उनीहरूको पछाडि भइहालोस् वा अगाडि, र यस पर्वतलाई आफ्नो अगाडि गर्नु अर्थात त्यसतर्फ अनुहार गर्नु त्यसको उद्देश्य नहोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसतिर अनुहार गरेका थिए किनकि त्यो उहाँ सल्लल्लाहो अलैहे वसल्लम र किब्लाबीच थियो, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम पर्वतको उत्तरी किनारामा भएका चट्टानहरूको छेउमा उभेका थिए । त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले यस पर्वततिर अनुहार गरेका थिएनन् बरु कअ्बातिर अनुहार गरेका थिए, र यो पर्वत उहाँको र कअबाकोबीचमा आएको कारण उहाँ सल्लल्लाहो अलैहे वसल्लमको अगाडि थियो उहाँ सल्लल्लाहो अलैहे वसल्लमले मात्र यसको तर्फ अनुहार गर्ने उद्देश्यले यस्तो गरेका थिएनन् ।

यसर्थ यदि किब्लातिर अनुहार गर्दाखेरि यदि यो पर्वत तपाईको पछाडि भइहाल्छ भने यसमा कुनै आपत्ति छैन, त तपाई आफ्नो अनुहार किब्लातिर नै गर्नु चाहे यो पहाड तपाईको पछाडि किन नभइहालोस् ।

र यता अरफातमा मान्छेलाई चाहियो कि दुआगर्दा आफ्नो दुवै हात उठाओस् र रोइरोइ अल्लाहसित दुआ गरोस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यता हातलाई उठाएर दुआ गरेका छन् यहाँसम्म कि जब उहाँ सल्लल्लाहो अलैहे वसल्लमको ऊँट्नीको लगाम गिरेको थियो त उहाँ सल्लल्लाहो अलैहे वसल्लम एक हात उठाएकै अवस्थामा अर्को हातबाट लगाम उठाएका थिए, अर्थात एउटा हात उठाएको अवस्थामा नै राखेका थिए । त यसबाट यो प्रमाणित हुन्छ कि यस ठाउँमा हात उठाएर दुआ गर्नु सुन्नत हो । र नबी सल्लल्लाहो अलैहे वसल्लमसित यो प्रमाणित छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि:

"إن الله حي كريم يستحي من عبده إذا رفع يديه إليه أن يردهما صفراً" ( أخرجه أبو داود، كتاب الوتر، باب الدعاء، رقم (1488)، والترمذي ، كتاب الدعوات، رقم (3556)، وابن ماجه، كتاب الدعاء، باب رفع اليدين في الدعاء، رقم (3865)، وقال الترمذي: حسن غريب.

अर्थ : निःसन्देह अल्लाह अविनाशी र दयावान छ, त्यो यस कुराबाट लाज मान्दछ कि भक्त दुआको लागि हात उठाओस् अनि त्यो त्यसलाई बिना केही दिई त्यस्तै फर्काओस् । (अबू दाऊद, किताबुल् वित्रि, बाबुद्दुआए, हदीस नं. १४८८ । र तिर्मिजी, किताबुद्दअ्वात, हदीस नं. ३५५६ । र इब्ने माजा, किताबुद्दुआ, बाबु रफउल् यदैन फिद्दुआ, हदीस नं. ३८६५ । र इमाम तिर्मिजीले यस हदीसलाई विश्वासनीय र अपरिचित भन्नु भएको छ ।)

यो भाग यता नै समाप्त हुन्छ अर्को भाग शीघ्र नै तपाई समक्ष प्रस्तुत गर्नेछु ।

अनुवादक

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९
महुवा तौलिहवा कपिलवस्तु नेपाल
द्यिार्थीः एम.ए. उम्मुल कुरा विश्वविद्यालय
पवित्र मक्का सउदी अरब
सम्पर्क नं.(00966-0501372254)
(00977-9814499140)